# पञ्चबर्षिय शिक्षा क्षेत्र योजना

## (२०८१/२०८२ –२०८५/२०८६)

गढवा गाँउपालिका

**शिक्षा, युवा तथा खेलकुद शाखा**

देउखुरी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

गढवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दाङ

लुम्बिनी प्रदेश, नेपाल

# प्राक्कथन

गढवा गाउँपालिकाले आफ्नो पाँचवर्षे शिक्षा योजना २०८०।८१-२०८५।०८६ निर्माण गरेको विषय हामी सबैको लागि गर्वको कुरा हो ।स्थानीय तहको दोस्रो निर्वाचन मार्फत हामी पालिकाको जिम्मेवारीमा आएदेखि नै हामीले शिक्षालाई प्रमुख प्राथमिकतामा राखेका छौं। यस सन्दर्भमा पालिकाले आम सरोकारवालाहरुको सहभागितामा घोषणापत्र सहितको बृहत शैक्षिक सम्मेलनको आयोजना, गढवा गाउँपालिकाको शिक्षा एन, शिक्षासँग सम्बन्धित विभिन्न कार्यविधिहरुको निर्माण, दरबन्दी मिलान, अभिभावक उत्प्रेरणा जस्ता विषयहरुलाई मूर्त रुप दिइसकेको छ भने विद्यालय समायोजन, शिक्षक दरबन्दीको पुनर्वितरण, आवासीय विद्यालय जस्ता विषयहरु अभ्यासको चरणमा छन् । यी लगाएत विद्यालयको भौतिक संरचनादेखि लिएर शिक्षक कर्मचारीहरुको क्षमता विकास र नवीनतम शिक्षण विधिको अवलम्बन जस्ता शिक्षामा सकारात्मक परिवर्तन देखिने अन्य धेरै विषयहरुको समष्टि नै यस शिक्षा योजना हो र यस योजनाले गढवा गाउँपालिकाका सबै बालबालिकालाई समान अवसर र उत्तम शैक्षिक वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोत साधन र जनशक्ति उपलब्ध गराई सिकाइ अनुकुल उपयुक्त वातावरण सुनिश्चित गराउने हाम्रो प्रतिबद्धतालाई प्रतिविम्बित गर्दछ भन्ने मेरो विश्वास रहेको छ ।

शिक्षा केवल एक पिँढीलाई मात्र होइन, भविष्यका धेरै पिँढीहरुलाई सशक्त बनाउने प्रक्रिया भएकोले यसको लागि एक मुर्त योजनाको आवश्यकता पर्दछ । त्यसै आवश्यकता अनुरुप आएको यस योजनाको कार्यान्वयन गर्नु हामी सबैको साझा दायित्व हो । शिक्षा योजना निर्माणको क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने गाउँशिक्षा योजना निर्माण कार्यदलका सम्पूर्ण सदस्य ज्यूहरु र प्राविधिक सहयोग गर्ने कालिका स्वावलम्वन तथा सामाजिक विकास केन्द्रलाई हार्दिक धन्यावाद व्यक्त गर्दछु ।

**यमनारायण शर्मा पोख्रेल**

अध्यक्ष

गढवा गाउँपालिका

गढवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दाङ

लुम्बिनी प्रदेश, नेपाल

## दुइ शब्द

शिक्षा समाज रूपान्तरणको मूल आधार हो। कुनै पनि राष्ट्र वा समुदायको दीर्घकालीन समृद्धि शिक्षासँग प्रत्यक्ष सम्बन्धित हुन्छ। गढवा गाउँपालिकाले तयार पारेको यो पाँचवर्षे शिक्षा योजना (२०८०/८१–२०८५/८६) हाम्रो पालिकालाई शिक्षाको नयाँ गन्तव्यतर्फ डोर्याउने दिशानिर्देशक दस्तावेज हो।

यस योजनाले शिक्षा क्षेत्रका बहुआयामिक चुनौतीहरूलाई सम्बोधन गर्दै सबै बालबालिकालाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, महिला तथा पिछडिएका वर्गको पहुँच र सहभागिता बढाउने, शिक्षकको भूमिका सशक्त बनाउने, शैक्षिक पूर्वाधार सुदृढ गर्ने र प्रविधिमैत्री शिक्षण प्रणालीलाई प्रोत्साहित गर्ने लक्ष्य राखेको छ।

हामीले शिक्षालाई केवल पठनपाठनमा सीमित नराखी, व्यवहारिक सीप, जीवन उपयोगी ज्ञान, नेतृत्व विकास, र सामाजिक उत्तरदायित्वमा आधारित बनाउने प्रयास गरेका छौं। गाउँपालिकाको नीति निर्माणदेखि योजना कार्यान्वयनसम्म महिलाको प्रतिनिधित्व, दृष्टिकोण र सक्रिय भूमिकालाई प्राथमिकतामा राखिएको छ, जुन समावेशी शिक्षाको मूलमन्त्र हो।

यस योजनाको सफल कार्यान्वयनका लागि पालिकाको सबै वडाहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, अभिभावक, सामाजिक संघ–संस्था तथा सरोकारवाला सबैको सामूहिक प्रयास अपरिहार्य छ। हामी सबै मिलेर मात्र समावेशी, सशक्त र सिर्जनशील शिक्षित समाजको निर्माण गर्न सक्छौं। अन्त्यमा म यस शिक्षा योजना निर्माणमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

शिक्षा सबैका लागि — आजको लगानी, भोलिको सुनिश्चितता।

**शारदा कुमारी चौधरी**
उपाध्यक्ष
गढवा गाउँपालिका

गढवा गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

गढवा, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## सन्दर्भ

गढवा गाउँपालिकाले स्थानीय स्तरमा गुणस्तरीय, समावेशी, सर्वसुलभ र व्यावसायिक शिक्षाको प्रवर्द्धन गर्दै भविष्यका पुस्तालाई समुन्नत बनाउने लक्ष्यसहित पाँचवर्षे शिक्षा योजना (२०८०/८१–२०८५/८६) निर्माण गरेको छ।

यस योजनाले स्थानीय आवश्यकतालाई प्राथमिकतामा राख्दै शिक्षाको पहुँच, गुणस्तर, बालमैत्री वातावरण, शिक्षक क्षमता अभिवृद्धि, प्रविधिको प्रयोग, सीपमूलक शिक्षा, अपांगता मैत्री संरचना तथा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्ने विषयलाई विशेष प्राथमिकता दिएको छ।

पाँच वर्षे योजनाको तयारी प्रक्रियामा शिक्षा क्षेत्रमा संलग्न सरोकारवाला, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय र शिक्षाप्रेमीहरूसँग व्यापक परामर्श गरियो। तिनका सुझावहरूलाई समेटेर व्यवहारिक, कार्यान्वयनयोग्य र परिणाममुखी योजना निर्माण गरिएको छ। यस सन्दर्भमा आफ्नो अमुल्य सुझाव दिनु हुने सम्पूर्ण सरोकारवाला व्यक्ति तथा निकाय, गाउँशिक्षा योजना निर्माण कार्यदल र प्राविधिक सहयोगका लागि कालिका स्वावलम्बन तथा सामाजिक विकास केन्द्रलाई  धन्यवाद व्यक्त गर्दछु ।

हामी विश्वास गर्छौं कि यस योजनाले गाउँपालिकाको शिक्षा क्षेत्रमा समृद्धि ल्याउनेछ र 'साक्षर, सक्षम र सिर्जनशील समाज' निर्माण तर्फ हामीलाई एक कदम अघि बढाउनेछ।

यस योजनालाई सफल बनाउन सबै सरोकारवालाको निरन्तर साथ, सहयोग र साझेदारीको अपेक्षा राख्दछु।

**श्यामबहादुर वि.क.**
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
गढवा गाउँपालिका

# विषयसूची

**विषय प्रवेश** ........ १०

**सारांश** ........ १४

**परिच्छेद १: परिचय** ........ १५

१.१ पृष्ठभुमि ........ १५

१.२ गाउँपालिकाको परिचय ........ १५

१.३ भौगोलिक अवस्था ........ १६

१.४ गढवा गाउँपालिकाको जनसांख्यिक अवस्था ........ १७

१.५ यस गाउँपालिकाको आर्थिक अवस्था ........ २३

१.६ शैक्षिक अवस्था ........ २४

१.७ गढवा गाउँपालिकाका शैक्षिक समस्था तथा चुनौति र अवसरहरूको SWOT विश्लेषण ........ २६

**परिच्छेदः २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........ ३१

२.१ गढवा गाउँपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः ........ ३१

२.२ गढवा गाउँपालिकाको दीर्घकालीन सोच तथा दुरदृष्टि ........ ३२

२.३ लक्ष्य (Goal) ........ ३२

२.४ उद्देश्यहरु ( Objectives) ........ ३२

२.५ रणनीतिहरु ........ ३३

२.६ कार्यनीति ........ ३४

२.७ अपेक्षित उपलब्धि ........ ३५

२.८ मुख्य कार्यसम्पादन सूचक Key Performance Indicators (KPIs) र लक्ष्य निर्धारण ........ ३७

**परिच्छेद ३ : शिक्षा योजनाका मुख्य उपक्षेत्रहरु** ........ ४१

**३.१ प्रारम्भिक बाल विकास र शिक्षा** ........ ४१

३.१.१ वर्तमान अवस्था ........ ४१

३.१.२ प्रमुख समस्या र चुनौती ........ ४४

३.१.३ उद्देश्य ........ ४४

३.१.४ रणनीतिहरु ........ ४४

३.१.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ४५

३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४६
३.१.७ प्रमुख क्रियाकलाप र बार्षिक बजेट प्रक्षेपण ........ ४७
**३.२ आधारभूत शिक्षा** ........ ४८
३.२.१ वर्तमान अवस्था ........ ४८
३.२.२ समस्या तथा चुनौतिहरु ........ ५०
३.२.३ उद्देश्य ........ ५१
३.२.४ रणनीति ........ ५१
३.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ५२
३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ५३
३.२.७ प्रमुख क्रियाकलाप र बार्षिक बजेट प्रक्षेपण ........ ५५
**३.३ माध्यमिक शिक्षा** ........ ५८
३.३.१ वर्तमान अवस्था ........ ५८
३.३.२ समस्या र चुनौतीहरू ........ ६०
३.३.३ उद्देश्यहरू ........ ६०
३.३.४ रणनीतिहरू ........ ६१
३.३.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ६१
३.३.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ६२
३.३.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........ ६५
**३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम** ........ ६८
३.४.१ वर्तमान अवस्था ........ ६८
३.४.२ उद्देश्य ........ ६९
३.४.३ रणनीति ........ ६९
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ६९
३.४.५ नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ६९
३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ७०
३.४.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........ ७१

**३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ** ........ ७२
३.५.१ वर्तमान अवस्था ........ ७२
३.५.२ समस्या तथा चुनौतिहरु........ ७३
३.५.३ उद्देश्यहरु ........ ७३
३.५.४ रणनीति ........ ७४
३.५.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ७४
३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ७४
३.५.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........ ७६
**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु** ........ ७८
**४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन** ........ ७८
४.१.१ परिचय ........ ७८
४.१.२ वर्तमान अवस्था ........ ७८
४.१.३ लक्ष्य ........ ७९
४.१.४ उद्देश्य........ ७९
४.१.५ रणनीतिहरू ........ ७९
४.१.६ प्रमुख उपलब्धि तथा नतिजा ........ ८०
४.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ८०
४.१.८ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........ ८२
**४.२ शिक्षक व्यवस्थापन र विकास** ........ ८४
४.२.१ परिचय ........ ८४
४.२.२ वर्तमान अवस्था ........ ८४
४.२.३ उद्देश्यहरू ........ ८६
४.२.४ रणनीति ........ ८६
४.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ८६
४.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ८७
४.२.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........ ८९

**४.३ शैक्षिक समता र समावेशीकरण ........ ९१**
४.३.१ परिचय ........ ९१
४.३.१ वर्तमान अवस्था ........ ९१
४.३.२ उद्देश्य ........ ९२
४.३.३ रणनीति ........ ९२
४.३.५ उपलब्धी, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ९२
४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ९३
४.३.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........ ९४
**४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ९५**
४.४.१ परिचय ........ ९५
४.४.२ वर्तमान अवस्था : ........ ९६
४.४.३ उद्देश्यहरू : ........ ९९
४.४.४ रणनीतिहरू ........ १००
४.४.५ उपलब्धि तथा नतिजा ........ १००
४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १०१
४.४.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........ १०१
**४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ १०२**
४.५.१ परिचय ........ १०२
४.५.२ वर्तमान अवस्था ........ १०२
४.५.३ लक्ष्य ........ १०३
४.५.४ उद्धेश्यहरु ........ १०३
४.५.५ रणनीति ........ १०३
४.५.६ प्रमुख उपलब्धि तथा नतिजा ........ १०४
४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १०४
४.५.६ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........ १०५
**४.६ विद्यालय भौतिक पुर्वाधार विकास ........ १०६**

४.६.१ परिचय ....................................................................................................१०६

४.६.२ बर्तमान अवस्था ...........................................................................................१०६

६.४.३ उद्देश्यहरू ....................................................................................................१०९

४.६.४ रणनीति........................................................................................................१०९

४.६.५ प्रमुख उपलब्धि तथा नतिजा.............................................................................११०

४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य .........................................................११०

४.६.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण ........................................................१११

**४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि**.........................................................................११२

४.७.१ परिचय ....................................................................................................११२

४.७.२ बर्तमान अवस्था :...........................................................................................११२

४.७.३ लक्ष्य...........................................................................................................११४

४.७.४ उद्देश्य..........................................................................................................११५

४.७.५ रणनीतिहरू ..................................................................................................११५

४.७.६ प्रमुख उपलब्धि तथा नतिजा .............................................................................११५

४.७.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..............................................................११६

४.७.८ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण.........................................................११६

**परिच्छेद ६: सुशासन तथा व्यवस्थापन** .............................................................................११८

६.१.१ परिचय ....................................................................................................११८

६.१.२ वर्तमान अवस्था ...........................................................................................११८

६.१.३ उद्देश्य .......................................................................................................१२०

६.१ .४ रणनीतिहरू .................................................................................................१२१

६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य..........................................................१२१

६.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य................................................................१२२

६.१.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण .........................................................१२३

**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन** .........................................................................१२४

७.१ परिचय र बर्तमान अवस्था ..............................................................................१२४

७.२ उद्देश्यहरू ........................................................................................१२४

७.३ रणनीतिहरू........................................................................................१२५

७.४ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................................१२५

७.५ प्रमुख क्रियाकलाप तथा क्षेत्रगत अनुमानित बार्षिक बजेट........................................................................................१२५

**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन** ........................................................................................१२७

८.१ परिचय ........................................................................................१२७

८.२ वर्तमान अवस्था ........................................................................................१२७

८.३ उद्देश्य ........................................................................................१२८

८.४ रणनीति........................................................................................१२८

८.५ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................................१२८

८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................................................................................१२८

८.७ प्रमुख क्रियाकलाप तथा अनुगमन मूल्यांकनका लागि बजेट अनुमान........................................................................................१२९

## बिषय प्रबेश

शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर,सहभागिता, समता र सक्षमता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा रहेका छन्।स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन्। अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा तथा निशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।यसै सन्दर्भमा यस गढवा गाउँपालिकाले आफ्नो गाउँ शिक्षा योजना निर्माण गरेको छ।

### क) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय नीति, अनिवार्य तथा निशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौँ पञ्चवर्षीय योजना तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीयअनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षाको विकासलाई दिशा निर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसाथ गर्न र सिर्जनशिल, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि आवश्यक पर्ने योग्य तथा कुशल नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

क) नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाका अधिकार तोकेको छ। यस ऐनको दफा २४(१) मा स्थानीय तहले आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

ख) विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सिमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यी सबै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ। शिक्षालाई स्थानिय तहको मातहतमा सुम्पिए पछि स्थानिय आवश्यकता चहना र अपेक्षा सहितको शैक्षिक योजना बनाउनु अनिवार्य आवश्यकता हो। योजनाबद्ध प्रयासले नै मजबुत जग बसाउने कुरामा दुईमत नहोला। स्थानीय पन झल्कने र अपनत्वको भाव बढ्ने हुँदा पनि अपेक्षित शैक्षिक उपलब्धिका लागि पालिका स्तरीय शैक्षिक योजना निर्माण बान्छनीय देखिन्छ।योजनाले नै विद्यालयको शैक्षिक तथा भौतिक पक्षको व्यवस्थित व्यवस्थापन गर्न सकिने हुनाले तथा उपलब्ध सिमित स्रोत साधनको अधिकतम प्रयोग गर्न सहज हुने हुँदा एवम् पालिकाले राखेका शैक्षिक उपलब्धिहरुलाई हासिल गर्न पनि गाउँ शिक्षा योजनाको आवश्यकता रहेको छ।

### ख) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

स्थानीय तहमा देहाय बमोजिमका तथ्यहरुले शिक्षा योजना निर्माणको औचित्यततालाई पुष्टि गर्दछन्-

१) तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न

२) संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

३) कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना,स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

४) साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

५) शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय पर्तिबद्धता हासिल गर्न सहयोग पुर्याउन

### ग) शिक्षा योजना निर्माणका आधार

यस शिक्षा योजना निर्माणका लागि निम्नलिखित दस्तावेजहरुलाई मूल आधार बनाइएको छ ।

१) नेपालको संविधान
२) सोह्रौ आवधिक योजना
३) स्थानीय सरकार सञ्चालन ऐन २०७४
४) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
५) अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन २०७५ लगायत विद्यमान शिक्षासम्बन्धी ऐन, नियमावली
६) विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना
७) शिक्षा नीति मूल राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
८) विद्यालय शिक्षामा समता रणनीति
९) दिगो विकासे लक्ष्य राष्टरिय कार्यढाँचा
१०) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
११) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
१२) राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
१३) विद्यालय सुधार योजना र अन्य सरकारी र गैर सरकारी संघसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि ।

### घ) शिक्षा योजना निर्माण प्रक्रिया

योजना निर्माण आफैँमा चुनौतिपूर्ण कार्य हो । योजनाले दीर्घकालीन प्रभावहरु पार्ने हुँदा निर्माण पूर्व गहन छलफल बहस र अध्ययन हुनु अनिवार्य हुनजान्छ ।यो योजना निर्माणलाई पनि अलग अलग चरणहरुमा बर्गीकरण गरी कार्यबिभाजन सहित अध्ययन गरियो । आरम्भमा पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत सहितको बृहत छलफल गरी योजनाको मस्यौदा निर्माण समिति गठन गरियो । उक्त समितिले कार्य विभाजन गरी स्थलगत अवलोकन तथा तथ्याङ्क संकलन गर्ने, ऐन नियम तथा नियमावली, राष्ट्रिय शिक्षा निति गाउँपालिकाले बनाएका विभिन्न ऐन लगायतका सामग्री अध्ययन गर्ने, सुझाव संकलनका लागि कार्यशाला सञ्चालन गर्ने गरी कार्य विभाजन गरियो ।प्राप्त तथ्याङ्क तथा सुझावहरुलाई गहन अध्यन विश्लेषण तथा तालिकीकरण गरी विषय विज्ञ सहितको बृहत समुहमा छलफल गरी यस गढवा गाउँपालिकाका अवश्यकताहरु र प्राथमिकताहरुलाई समेत ध्यानमा राखी यो योजना तयार गरिएको छ ।**"समृद्धिका लागि शिक्षाः सभ्य गढवा हाम्रो सदिक्षा"** भन्ने भावनाको विकास समुदायसम्म पुऱ्याउने गरी यो योजना निर्माण भएको छ ।

#### १) योजनाको तयारी तथा विकासका लागि संरचनात्मक व्यवस्था तथा चरण

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुयाईं मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढंगले योजना निर्माणकार्य गरिएको छ । गढवा गाउँपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

१. मिति २०८०।१२।२६ को गाउँ शिक्षा समितिको बैठकले गाउँ शिक्षा योजना निर्माणका लागि कार्यादेश सहितको ९ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।

२. कार्यदलको मिति २०८१।०५।१३ गते बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड गरिएको।
३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको। योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको।
४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको।
५. सरोकारवालाहरू सँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा SWOT analysis तथा gap analysis गरिएको।
६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको।
७. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको।
८. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको।
९. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको।
१०. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको।
११. गाउँ कार्यपालिकाको मिति २०८२।०२।३० गतेको बैठकबाट स्वीकृत गरिएको।

**योजनाको लेखाजोखा**

मस्यौदा कार्यदलले तयार गरेको र कार्यपालिकाबाट स्वीकृत भएको यस गढवा गाउँपालिकाको गाउँ शिक्षा योजना २०८१-२०८५ लाई योजना लेखाजोखा समितिले गरेको लेखाजोखा देहायबमोजिमले प्रस्तुत गरिएको छ।

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १. | नेतृत्त्व तथा सहभागिता | यस योजनाको सुरुवात देखि नै गाउँ कार्यपालिकाका सदस्यहरुको बैठकले अपनत्त्व लिएको, सोही बैठकबाट योजना अद्यावधिक गर्न सामाजिक विकास संयोजकको संयोजकत्त्वमा समिति गठन गरिएको, सो समितिले उपलब्ध तथ्याङ्क तथा स्रोतका आधारमा मस्यौदा तयार गरेको, सो क्रममा प्र.अ., शिक्षक तथा अन्य सरोकारवालासँग आवश्यक छलफल गरेको। |
| २. | पर्याप्तता र सान्दर्भिकता | मस्यौदा तयारी समितिले उपलब्ध तथ्याङ्क तथा स्रोतका आधारमा SWOT Analysis गरी पालिकाको समस्या, चुनौती तथा अवसरहरु तय गरी सोही अनुरुप रणनीति, कार्यक्रम तथा क्रियाकलापहरु तय गरेको। |
| ३. | समता, सक्षमता तथा गुणस्तर | दिगो विकासका लक्ष्यहरुलाई सम्बोधन गर्ने गरी योजना तयार गरिएकोले पालिकामा सञ्चालन हुने शैक्षिक गतिविधिहरु समता, सक्षमता र गुणस्तरलाई सम्बोधन गर्ने गरी निर्धारण गरिएको। |
| ४. | अन्तर्सम्बन्ध र तादात्म्यता | योजनामा समेटिएका कार्यक्रमहरु बहु-क्षेत्र तथा बहु- आयामिक र अन्तरसम्बन्धित रहेका छन्।योजनाले शिक्षालाई कृषि, विपद् व्यवस्थापन, महिला तथा बालबालिका, भौतिक पूर्वाधार, स्वास्थ्य, सुरक्षा, प्रविधि लगायतका क्षेत्रसँग अन्तरसम्बन्ध र तादात्म्य राखेको छ।सोह्रौँ योजना तथा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी आन्तरिकीकरण गरिने रणनीतिहरु तय गरिएका छन्।यस योजनामा समेटिएका विभिन्न उपक्षेत्र र अन्तरसम्बन्धित विषयहरुबिच अन्तर्सम्बन्ध कायम गरिएको छ। |
| ५. | सम्भाव्यता र कार्यान्वयनयोग्यता | योजनामा तय गरिएका रणनीति तथा कार्यक्रमहरु तत्कालीन समस्या तथा |

| | | |
|---|---|---|
| | तथा सान्दर्भिकता | चुनौतीलाई सम्बोधन गर्ने तथा भविष्यलाई समेत हेरी सोही अनुरुपका अनुमान तय गरिएका छन्।यस गढवा गाउँपालिकाको पिछडिएका, सुविधावञ्चित तथा अल्पसंख्यक वर्गलाई शिक्षाको मूलधारमा ल्याउन र उनीहरुलो दिगो सहभागितालाई उच्च दृष्टिगत गरिएको पाइन्छ। जिल्लाभित्र पनि यस पालिकाको शिक्षा लगायत अन्य सूचकहरुमा कमजोर रहेकोले यस योजनाले मात्र ५ वर्षे अवधिलाई मध्यनजर गरी योजना निर्माण गरेकोले यस अवधिमा तय गरिएका कार्यक्रम कार्यान्वयनयोग्य र सान्दर्भिक छन् । |
| ६. | स्रोतको प्रबन्ध | यस योजनाले तय गरेका कार्यक्रमहरुमा लगानी अत्याधिक आवश्यकता छ।पालिकालाई प्राप्त हुने संघीय तथा प्रदेशको अनुदानले मात्र यी कार्यक्रमहरु सम्पन्न गर्न र लक्षित उपलब्धि हासिल गर्न निश्चय नै पर्याप्त छैन।यस योजनाले बजेटका लागि  संघ र प्रदेश सरकार, आफ्नो आन्तरिक स्रोत, विभिन्न संघसंस्था तथा दातृ निकायहरुको सहयोग एवम् स्थानीय जनसहभागिता र विद्यालयहरुको आन्तरिक स्रोत व्यवस्थापनलाई सवलीकरण गरी स्रोत व्यवस्थापन गर्ने लक्ष्य राखेको छ । |
| ७. | संस्थागत क्षमता | शिक्षासँग सम्बद्ध शिक्षा समिति, प्रधानाध्यापक तथा शिक्षक, रोष्टर समूह लगायत पालिकाको अनुगमन समितिलाई परिचालन र उनीहरुको निरन्तर क्षमता र पेशागत विकासको अवसरलाई यस योजनाले सम्बोधन गर्ने कार्यक्रमहरु तय गरेको छ । |
| ८. | कार्यान्वयनमा तत्परता | यस योजना निर्माणमा कार्यपालिका, शिक्षा समिति, प्र.अ, शिक्षक तथा अन्य सरोकारवालाको प्रत्यक्ष सहभागिता रहेकोले सबै पक्षहरु यस योजनालाई सफल कार्यान्वयन गरी यस पालिकाको शैक्षिक उनन्नयनको मागलाई सम्बोधन गर्न तत्पर रहेका छन् । |
| ९. | तथ्याङ्क विश्लेषण  प्रक्षेपण | यस योजना निर्माणका क्रममा जनगणना प्रतिवेदन २०७८, केन्द्रको फ्ल्यास रिपोर्ट, यस पालिकाको इमिस रिपोर्ट तथा प्रत्यक्ष तथ्यांक संकलित तथ्याङ्कहरुको विश्लेषण गरिएको छ।यिनै तथ्याङ्कका आधारमा २०८० साललाई आधारवर्ष मानी लक्ष्य प्रक्षेपण गरिएको छ । |
| १०. | अनुगमन र प्रतिवेदन | यस योजनाको परिच्छेद ७ मा यस योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । |

## सारांश

यो पञ्चवर्षीय शिक्षा क्षेत्र योजना (०८१-०८५) यस गढवा गाउँपालिकाको शिक्षाको कुनै तहको मात्रै योजना नभइ यो शिक्षा क्षेत्रको समग्र योजना हो। यसमा पहिलो परिच्छेदमा योजनाको परिचय, दोस्रो परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, लक्ष्य, तथा क्षेत्रगत रूपमा उद्देश्य र रणनीति समावेश गरिएको छ । यसैगरी तेस्रो र चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्र तथा उपक्षत्रेसँग अन्तर्सम्बन्धित विषयवस्तुका रूपमा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षक व्यवस्थापन, पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षामा सूचना प्रविधि, अनौपचारिक शिक्षा, समावेशी शिक्षा तथा आपत्कालीन अवस्थामा शिक्षा तथा संस्थागत संरचना विकास लगायतका क्षेत्रलाई समेटिएको छ। यसभित्र विषयवस्तुको विश्लेषण गर्दा हरेक क्षेत्रभित्र परिचय, वर्तमान अवस्था, चुनौती र अवसर, उद्देश्य, रणनीतिहरू, अपेक्षित उपलब्धि, प्रमुख क्रियाकलाप तथा लक्ष्य लाई क्रमिक रूपमा समेटिएको छ। पाँचौँ परिच्छेदमा समेटिएको संस्थागत संरचनाको विकासमा तिनै तहको सरकार बिचको संरचना तथा क्षमता विकास, योजनाको योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समेटिएको छ । यसैगरी , छैठौँ परिच्छेदमा लगानी तथा श्रोत व्यवस्थापन  तथा अन्तिममा योजनामा समेटिएका क्रियाकलापहरूको वित्तीय अनुमान सहितको योजना र श्रोत पहिचान तथा योजनाको नतिजा खाका लाई समेटिएको छ।

यस पञ्चवर्षीय योजनाले अबको ५ वर्षभित्र यस गाउँपालिकाको शिक्षामा उल्लेख्य विकास गर्ने लक्ष्य लिएको छ। योजनाले समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता, समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गको सुदृढीकरण र तिनको औपचारिक शिक्षासँग सम्बन्ध स्थापना, सुशासनको प्रवर्द्धन, सेवा प्रवाहको प्रभावकारिताको सुनिश्चितता जस्ता उद्देश्यहरू पूरा गर्नका लागि रणनीतिहरू तय गरेको छ। पञ्चवर्षीय योजना निर्माण गर्दा पहुँच तथा सहभागिता, समानता र समावेशीता, गुणस्तर एवम् सान्दर्भिकता, अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका लागि वैकल्पिक मार्ग, विपद् एवम् संकटमा शिक्षा, सुशासन, व्यवस्थापन र समन्वय जस्ता कुरालाई ख्याल गरिएको छ।

सबै विद्यालयमा पुग्नेगरी पक्की कक्षा कोठा व्यवस्थापन, सबै विद्यालयमा विद्युतीकरण र इन्टरनेट व्यवस्थापन, विद्यालयमा स्वच्छ पिउने पानी,  छात्रा र छात्राका लागि छुट्टाछुट्टै र पर्याप्त पानी सहितका शौचालय, आधारभूत विद्यालयका माथिल्ला कक्षा र माविहरूमा विज्ञान, गणित जस्ता विषयगत ल्याब, सबै विद्यालयका प्रारम्भिक कक्षामा बालमैत्री बसाइ व्यवस्थापन र छापामय वातावरण, बालविकासमा व्यवस्थित बसाइ व्यवस्थापन र नमुना बालविकास बनाउन बसाइ व्यवस्थापन गर्ने जस्ता क्रियाकलाप समेटिएको छ।

यसैगरी शिक्षकहरूलाई पर्याप्त पेसागत तथा क्षमता विकास तालिम, शैक्षिक अवलोकनको अवसर, पढाइ मेला गर्ने, पालिकाबाटै नमुना माध्यमिक विद्यालय, आधारभूत विद्यालय र प्राथमिक विद्यालय विकास गर्न मापदण्ड तयारी तथा कार्यान्वयन, प्रविधिमैत्री शिक्षाका लागि डिजिटल सामाग्री प्रदान, परीक्षालाई पालिकास्तरीय बनाउने, वार्षिक शैक्षिक अन्तरक्रिया गर्ने, शिक्षकहरूको क्षमता विकासका लागि शिक्षकहरूको अतिरिक्त क्रियाकलाप गर्ने योजना अघि सारेको छ। यसैगरी दरबन्दी मिलान र कक्षा समायोजनमार्फत सिकाइमा सुधार ल्याउने जस्ता योजनाहरू समेटिएको छ।

यसरी पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयन पश्चात्  हासिल हुने अपेक्षित उपलब्धिमा चार वर्ष उमेर पुरा भएका सबैलाई प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम मार्फत कक्षा १ का लागि तयारी, पाँच देखि १२ वर्षका सबै बालबालिका विद्यालयमा भर्ना र आधारभूत तहको पूर्ण चक्र पुरा, विद्यार्थीको समग्र उपलब्धिमा उल्लेखनीय सुधार, सबै प्रकारका विभेदको न्यूनीकरण, प्राविधिक शिक्षा सुदृढीकरण, योग्यता प्राप्त शिक्षकको पर्याप्तता साथै योग्य, उत्प्रेरित र प्रतिबद्ध शिक्षक, शिक्षक तथा विद्यार्थी दुवैद्वारा प्रविधिको उपयोग तथा हरेक समयमा सिकाइ निरन्तरताको सुनिश्चितता जस्ता पक्षहरू लाई समेटिएको छ ।

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभुमि

शिक्षा समाज परिवर्तनको मूल आधार हो । राज्य सञ्चालन प्रणालीको आधार हेर्ने हो भने पनि संसारका अधिकांश मुलुकले फड्को मारेको इतिहासमा सामाजिक आर्थिक समुन्नतीको महत्वपूर्ण भूमिका उक्त मुलुकको शिक्षाले खेलेको पाइन्छ । वर्तमान नेपालको संरचनामा रहेको देशको मूल कानुन संविधानले पनि देशलाई समुन्नतीको बाटो हिंडाउँन समाजिवाद उन्मुख राज्य व्यवस्थाका लागि निःशुल्क र अनिवार्य आधारभूत तह एवम निःशुल्क माध्यमिक तहको शिक्षामा प्रत्येक बालबालिकाको पहुँच सुनिश्चित गर्ने घोषणा गरेको छ । विशेष गरी देशको भूगोलको अवस्था हेरी सामाजिक, आर्थिक भौगोलिक दृष्टिले पछि परेका लक्षित समुदायलाई शिक्षाको मूल धारमा समाहित गर्नु तिनै तहका सरकारको मुख्य लक्ष्य हुन आउँछ । देश समुन्नत हुनु भनेको सामाजिक, आर्थिक, न्यायोचित र समतामूलक अधिकार वितरणको विश्वसनियता कायम गर्नु हो । यसका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु शिक्षालाई जीवन निर्वाहको साधन निर्माण गर्नु, जीवनोपयोगी सिप प्रदान गर्नु , जीवन पर्यन्त शिक्षाको अवसरका रुपमा विकसित गर्नु पनि हो ।

देशको दिगो विकास र दिगो शान्तिका लागि शिक्षाले हरेक घर परिवारदेखि नै सभ्य सुसंस्कृत सामाजिक सहिष्णुता तथा साझा मानव मूल्यको प्रवर्धन गरी आवश्यक मानव संसाधनको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । नेपालको संरचनागत सरकारको ढाँचा अनुसार सविधानले संघ, प्रदेश र स्थानीय तहका आ-आपना अधिकार र कार्यक्षेत्रहरु टेकेको छ । संघ र प्रदेशका साझा अधिकार सूची, संघ, प्रदेश र स्थानीय तहका अधिकारका साझा सूची समेत क्रमशः अनुसची ७ र ९ मा उल्लेख गरको अवस्था छ । संविधानको अनुसूची ८ को व्यवस्था अनुसार स्थानीय तहको एकल अधिकार सूचिमा समावेश गरिएको माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण अधिकार सुम्पिएकै कारण हरेक स्थानीय तहले माध्यमिक तहसम्मको शिक्षाका लागि आवश्यक पूर्वाधार देखि लिएर व्यवस्थापन र जनशक्ति उत्पादनमा विशेष ध्यान पुर्याउनु स्थानीय सरकारको दायित्व हुन आउँछ ।

यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ । शिक्षाको राष्ट्रिय उद्देश्य तथा लक्ष्य प्रप्तिका लागि स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्नु पर्ने देखिन्छ । अधिकारको समुचित व्यवस्थापनका लागि स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम परिचालन गर्नु आवश्यक हुन्छ । यसका लागि स्थानीय तहले वास्तविकतामा आधारित भई कार्यान्वयन योग्य शैक्षिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

मानव संसाधनको विकासबाट मुलुकका उपलव्ध प्राकतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन गरी नेपाल सरकारले राखेका दीर्घकालीन सोंच सहितको समुन्नत राष्ट्र निर्माण गर्न सबैभन्दा उत्तम उपाय नै शिक्षामा लगानी हो । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्धन नीति, सामुदायिक विद्यालय सबलिकरण दशक (२०७६–२०८५) का लागि सम्बोधन गर्नु पर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, पन्धौं आवधिक योजनाका लक्ष्यहरू र हाल कोभिड–१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.स. २०७८ दखि २०८७ सम्म) नयाँ शिक्षा योजना निर्माणलाई अगाडि बढाएको छ । तीन तहका सरकारमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन २०२२ सम्ममा विकासशील मुलकको रूपमा र सन २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्दै मध्यम आय भएका मुलकका रूपमा स्तरोन्नति गर्न तथा राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा मुलकको शिक्षाले माध्यमका रूपमा भूमिका खेल्छ । यस महत्वपूर्ण विषयलाई आत्मसात् गर्दै गढवा गाउँपालिकाले समेत स्थानीय आवश्यकतामा आधारित रहेर यो शिक्षा क्षेत्रको ५ वर्षे योजना निर्माण गरेको छ ।

## १.२ गाउँपालिकाको परिचय

विक्रम संवत् २०२२ साल अगाडि यस गाउँपालिकामा रहेको मौजाहरूमा थारु (चौधरी) र अहिर (यादव) जातिको वसोवास रहेको थियो । यहाँ वसोवास गर्ने क्रममा यस ठाउँमा ठूलठूला पानी जम्ने ठाउँ भएकोले पशुपालन गर्ने यादवहरूले आफ्नो भाषामा गहिरो र

खाल्डाखुल्डी जम्ने ठाउँलाई “गडाहा” भन्ने गर्थे, यस ठाउँलाई ‘गडाहा’ भन्दा भन्दै पछि ‘गढवा’ भन्न थालिएको हो भन्ने जनश्रुति पाइन्छ । त्यस्तै एक अर्को भनाईअनुसार पहिला अन्य गाउँमा रहेका ईनार कुवाको पानी बाक्लो हुने गथ्र्यो बाक्लो पानीलाई थारु भाषामा “गाहार पानी” भन्ने गरिन्छ । यहाँको पानीलाई ‘गाहार’ पानी भन्दा भन्दै अपभ्रंस हुन गई पछि गएर यस ठाउँको नाम नै “गढवा” रहन गएको हो र पछि यसैबाट गढवा नाम रहन गएको कुरामा स्थानीय बासिन्दाहरूको विश्वास रहेको छ । वि.सं. २०२१ साल पूर्व यस गढवा गाउँपालिकामा थारु र यादव जातिको मौजा रहेको र उनीहरूले मात्र वसोवास गर्दै आएकोमा वि.सं २०२१ सालमा भूमिसुधार ऐन लागु भएपछि यस ठाउँमा अन्य जातजातिका मानिसहरूको आगमन भएको कुरा स्थानीय बासिन्दाहरूको दावी पाइन्छ । वि.सं २०३६ सालको जनमतसंग्रह पछि दाङ जिल्लाको केही गाउँ पञ्चायतको पुनरावलोकन गरिएको र साविक वडा नं ९ बनाइएको कुरा स्थानीय वुढापाकाहरूले भन्छन् तर यस सम्बन्धमा कुनै लिखित दस्तावेज भने पाईएकोछैन । वि.सं २००६ साल अगाडि औपचारिक रूपमा स्थानीय स्तरमा लेखपढको व्यवस्था नभएकोले हुनेखाने व्यक्तिहरूले मात्र भारतको बनारस, गोरखपुर, वलरामपुर, तुलसीपुरमा आफ्ना बालबालिकालाई पढ्न पठाउने गर्दथे । वि.सं. २००६ सालमा भरतपुर पद्मोदय पब्लिक हाईस्कूल २०१६ सालमा गोवरडिहा सरस्वती हाईस्कूल र २०१७ साल गढवा जनता उ.मा.वि. स्थापना भएपछि स्थानीय स्तरमा नै पढ्ने लेख्ने व्यवस्थाको औपचारिक सुरुवात भएको पाइन्छ ।

गढवा गाउँपालिका साविकका गा.वि.स हरू गढवा, कोइलावास, गँगापरस्पुर र गोवरडिहा मिलेर बनेको हो । समुद्री सतहबाट १९५ मिटरदेखि ८८५ मिटरसम्मको उचाइमा रहेको यस गाउँपालिकाको पूर्वमा अर्घाखाँची र कपिलवस्तु जिल्ला, पश्चिममा राजपुर गाउँपालिका, उत्तरमा लमही नगरपालिका र राप्ती गाउँपालिका तथा दक्षिणमा भारतको विहार रहेका छन् भने यस गाउँपालिकाले ३५८.५७ वर्ग कि.मी क्षेत्रफल ओगटेको छ ।

औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको मुख्य श्रोतहरूमा व्यापार, व्यवसाय, नोकरी, साना तथा मझौला उद्योगहरू र विकल्पको रूपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको उत्तम विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि माध्यमिकतहसम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूरहेका छन् । गुणस्तरीय र प्राविधिक उच्च शिक्षाको लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन् । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैँ, तिहार, माघी, होली, महाशिवरात्री, रामनवमी, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ

### १.३ भौगोलिक अवस्था

नेपालको लुम्विनी प्रदेशको दाङ जिल्लाको दक्षिण देउखुरीमा अवस्थित गढवा गाउँपालिका यस जिल्लाको दश स्थानीय तह मध्येको एक हो । यस पालिका रहेको भूभाग विश्व मानचित्रमा ८२°२८‘०‘‘ देखि ८२°४८‘५०‘‘ पूर्वि देशान्तर र २७°४१‘५०‘‘ देखि २७°५०‘२०‘‘ उत्तरी अक्षांशसम्म फैलिएको छ । समुद्री सतहबाट १९५ मिटरदेखि ८८५ मिटरको उचाइमा रहेको र चुरे पहाडको फेदमा अवस्थित यस गाउँपालिका दक्षिणमा भारतको उत्तर प्रदेश राज्यसँग सिमाना जोडिएको कोईलाबास नाका, पूर्वमा लुम्बिनी प्रदेशको कपिलवस्तु र अर्घाखाँची जिल्ला, उत्तरमा राप्ती गा.पा. र पश्चिममा राजपुर गा.पा.सँग सिमाना जोडिएको छ । साविकका गढवा गा.वि.स., कोइलाबास गा.वि.स. र गोवरडिहा गा.वि.स.गाभिएर बनेको र जम्मा ३५८.५७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको गढवा गाउँपालिका वि.सं. २०७३ साल फागुन १२ गते घोषणा भएको हो । यस गा.पा.मा जम्मा ८ वटा वडाहरु रहेका छन् । यस पालिकाको संरचना तपसिलका साविकका गा. वि. स. हरु मिलेर बनेको छः

तालिका नं -१

**साविक गाविस, वडा र क्षेत्रफल विवरण**

| हालका वडा | समावेश साविक गाविस र वडा | ओगटेको क्षेत्रफल (वर्ग कि.मी.) | कैफियत |
|---|---|---|---|
| १ | गोवरडिहा (१,२,३) | ५८.४१ | |

| | | | |
|---|---|---|---|
| २ | गोवरडिहा (४,९,६) | ६४.४८ | |
| ३ | गोवरडिहा (७,८,९) | ३७.५९ | |
| ४ | गँगापरस्पुर (१,२,३,५) | २१ | |
| ५ | गँगापरस्पुर (४,६,७,८,९) | ३५.७४ | |
| ६ | गढवा (१,२,३,४,५) | ६४.०१ | |
| ७ | गढवा (६,७,८,९) | २०.३३ | |
| ८ | कोइलाबास (१ देखि ९) | ५७.०१ | |

### १.४ गढवा गाउँपालिकाको जनसांख्यिक अवस्था

तालिका नं -२

**कुल जनसंख्या**

| परिवार संख्या | जम्मा जनसंख्या | पुरूष | महिला | परिवारको औसत आकार | लैंगिक अनुपात | बार्षिक जनसंख्या बृद्दिदर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| ८०८२ | ४५८९८ | २२३०८ | २३५९० | ५.०९ | ९८.८५ | १.२३ | ८४८ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

२०७८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या ४५,८९८ रहेको छ, जसमध्ये महिलाको जनसंख्या २३,५९० (५१.४ प्रतिशत) र पुरुषको जनसंख्या २२,३०८ (४८.६ प्रतिशत) रहेको छ। त्यसैगरी जनगणनाअनुसार सबैभन्दा बढी थारु जाति १९,६६९ जना (४१.५%), दोस्रोमा क्षेत्री ४,७१० (१०.२%) र तेस्रोमा मगर ४,१९० (९.१%) चौथोमा कुमाल ४,०९१ (८.९%) पांचौमा यादव ३,५२७ (७.७%) छैंठौंमा ब्राह्मण २०१५(४.४%) सातौमा बिश्वोकर्मा १,८३१(४%),आठौंमा मुसलमान १,५०२ (३.३%) नवौमा परियार ८१७ (१.८%) र दशौमा सन्यासी/दसनामी ६९२ (१.५%) हरुको बसोबास रहेको छ।

तालिका नं-३

वडागत जनसङ्ख्या विवरण

| वडा | जम्मा जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| १ | ३६१९ | ३९४२ | ७५६१ | १६.५ |
| २ | २७५४ | २८४२ | ५५९६ | १२.२ |
| ३ | २४३९ | २६१० | ५०४९ | ११.० |
| ४ | २९७१ | ३०१२ | ५९८३ | १३.० |
| ५ | ३३७४ | ३५२७ | ६९०१ | १५.० |
| ६ | ३८१९ | ४०२८ | ७८४७ | १७.१ |
| ७ | २९२५ | ३१८६ | ६१११ | १३.३ |
| ८ | ४०७ | ४४३ | ८५० | १.९ |
| जम्मा | १८६८९ | १९६४८ | ४५८९८ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

तालिका नं -४

**साक्षरता सम्बन्धी विवरण**

| कूल साक्षरता दर | पुरूष साक्षरता दर | महिला साक्षरता दर |
|---|---|---|
| ७७.७% | ८३.५% | ७३.३% |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

तालिका नं -५

**उमेरगत जनसङ्ख्या विवरण**

| उमेर समूह | पुरूष | महिला | जम्मा | पुरूष % | महिला % |
|---|---|---|---|---|---|
| ९५ माथि | ९ | ६ | १५ | ६०.० | ४०.० |
| ९०-९४ | १३ | १८ | ३१ | ४१.९ | ५८.१ |
| ८५-८९ | ४८ | ४१ | ८९ | ५३.९ | ४६.१ |
| ८०-८४ | ९० | ७१ | १६१ | ५५.९ | ४४.१ |
| ७५-७९ | २३२ | २४४ | ४७६ | ४८.७ | ५१.३ |
| ७०-७४ | ४५८ | ४४३ | ९०१ | ५०.८ | ४९.२ |
| ६५-६९ | ५९० | ६२९ | १२१९ | ४८.४ | ५१.६ |
| ६०-६४ | ६६० | ७१८ | १३७८ | ४७.९ | ५२.१ |
| ५५-५९ | ७४१ | ७२१ | १४६२ | ५०.७ | ४९.३ |
| ५०-५४ | १०८० | १०४६ | २१२६ | ५०.८ | ४९.२ |
| ४५-४९ | ११२८ | ११४५ | २२७३ | ४९.६ | ५०.४ |
| ४०-४४ | १३२४ | १४१४ | २७३८ | ४८.४ | ५१.६ |
| ३५-३९ | १५६९ | १७८६ | ३३५५ | ४६.८ | ५३.२ |
| ३०-३४ | १६४१ | १८८७ | ३५२८ | ४६.५ | ५३.५ |
| २५-२९ | १९८४ | २४५७ | ४४४१ | ४४.७ | ५५.३ |
| २०-२४ | २१२४ | २७०४ | ४८२८ | ४४.० | ५६.० |
| १५-१९ | २२७५ | २५१२ | ४७८७ | ४७.५ | ५२.५ |
| १०-१४ | २३७२ | २१४८ | ४५२० | ५२.५ | ४७.५ |
| ०५-०९ | २०५० | १८४५ | ३८९५ | ५२.६ | ४७.४ |
| कुल जम्मा | २३५२७ | २२३०८ | ४५८९८ | ५१.२६ | ४८.६० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

तालिका नं -६

**आंकलित उमेरगत जनसङ्ख्या विवरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा | पुरुष % | महिला % |
|---|---|---|---|---|---|
| ९५ माथि | ९ | ६ | १५ | ६०.० | ४०.० |
| ९०-९४ | १४ | १९ | ३३ | ४२.४ | ५७.६ |
| ८५-८९ | ५० | ४३ | ९३ | ५३.८ | ४६.२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८०-८४ | ९५ | ७५ | १७० | ५५.९ | ४४.१ |
| ७५-७९ | २४४ | २५६ | ५०० | ४८.८ | ५१.२ |
| ७०-७४ | ४८१ | ४६५ | ९४६ | ५०.८ | ४९.२ |
| ६५-६९ | ६२० | ६६१ | १२८१ | ४८.४ | ५१.६ |
| ६०-६४ | ६९३ | ७५४ | १४४७ | ४७.९ | ५२.१ |
| ५५-५९ | ७७९ | ७५८ | १५३७ | ५०.७ | ४९.३ |
| ५०-५४ | ११३५ | १०९९ | २२३४ | ५०.८ | ४९.२ |
| ४५-४९ | ११८५ | १२०३ | २३८८ | ४९.६ | ५०.४ |
| ४०-४४ | १३९१ | १४८६ | २८७७ | ४८.३ | ५१.७ |
| ३५-३९ | १६४८ | १८७६ | ३५२४ | ४६.८ | ५३.२ |
| ३०-३४ | १७२४ | १९८३ | ३७०७ | ४६.५ | ५३.५ |
| २५-२९ | २०८४ | २५८१ | ४६६५ | ४४.७ | ५५.३ |
| २०-२४ | २२३२ | २८४१ | ५०७३ | ४४.० | ५६.० |
| १५-१९ | २३९० | २६३९ | ५०२९ | ४७.५ | ५२.५ |
| १०-१४ | २४९२ | २२५७ | ४७४९ | ५२.५ | ४७.५ |
| ०५-०९ | २१५४ | १९३८ | ४०९२ | ५२.६ | ४७.४ |
| ००-०४ | २०१७ | १८४४ | ३८६१ | ५२.२ | ४७.८ |
| कुल जम्मा | २३४३७ | २४७८४ | ४८२२१ | ४८.६ | ५१.४ |

*स्रोत : क्यलिब्रेशन टूलकिट २०८१*

तालिका नं -७

**दोस्रो भाषा भएका जनसंख्या बिवरण**

| बिवरण | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| दोस्रो भाषा नभएको | ८९०३ | ९९९५ | १८८९८ | ४१.२० |
| नेपाली | १२७१८ | १२९२९ | २५६४७ | ५५.९२ |
| थारु | ४१८ | ४२३ | ८४१ | १.८३ |
| तामाङ् | ५ | ७ | १२ | ०.०३ |
| अवधि | ११७ | १२५ | २४२ | ०.५३ |
| हिन्दि | ९७ | ७२ | १६९ | ०.३७ |
| साम्पाङ | ४ | ६ | १० | ०.०२ |
| इन्लिश | ९ | २ | ११ | ०.०२ |
| अन्य | १९ | १५ | ३४ | ०.०७ |
| जम्मा | २२२९० | २३५७४ | ४५८६४ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

तालिका नं -८

**मातृभाषाको आधारमा जनसङ्खया विवरण**

| क्र.स. | मातृभाषा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ९०५१ | १००९५ | १९१४६ | ४१.७१ |
| २ | भोजपुरी | ८ | ७ | १५ | ०.०३ |
| ३ | थारु | ९५५२ | ९८३६ | १९३८८ | ४२.२४ |
| ४ | तामाङ् | ५ | ७ | १२ | ०.०३ |
| ५ | नेपाल भाषा (नेवारी भाषा) | १५ | १७ | ३२ | ०.०७ |
| ६ | मगर धुत | ३९६ | ५२४ | ९२० | २.०० |
| ७ | उर्दु | १७५ | १७६ | ३५१ | ०.७६ |
| ८ | अवधि | २४९६ | २३४७ | ४८४३ | १०.५५ |
| ९ | गुरुङ | २२ | २५ | ४७ | ०.१० |
| १० | हिन्दी | २३ | १५ | ३८ | ०.०८ |
| ११ | मगर खाम | १४३ | १३४ | २७७ | ०.६० |
| १२ | कुमाल | ३९१ | ३७६ | ७६७ | १.६७ |
| १३ | बोटे | १२ | ९ | २१ | ०.०५ |
| १४ | संस्कृत | ६ | ६ | १२ | ०.०३ |
| १५ | अन्य | १३ | १६ | २९ | ०.०६ |
| | जम्मा | २२३०८ | २३५९० | ४५८९८ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

तालिका नं -९

**जातिगत बिवरण**

| जातजाति | जनसंख्या | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| क्षत्री | ४७०१ | २१५७ | २५४४ |
| ब्राम्हण | २०१५ | ९७९ | १०३६ |
| मगर | ४१९० | १९८० | २२१० |
| थारु | १९०६९ | ९३९४ | ९६७५ |
| तामांग | ४४ | २१ | २३ |
| नेवार | १६३ | ७७ | ८६ |
| बिश्वकर्मा | १८३१ | ८७६ | ९५५ |
| मुसलमान | १५०२ | ७५१ | ७५१ |
| यादब | ३५२७ | १८२१ | १७०६ |
| राई | २२ | १२ | १० |
| गुरुङ | १९८ | ९४ | १०४ |
| परियार | ८१७ | ३८९ | ४२८ |
| ठकुरी | ३२५ | १५१ | १७४ |

| | | | |
|---|---|---|---|
| लिम्बु | १५ | ९ | ६ |
| मिझार | ६२२ | २७९ | ३४३ |
| तेली | ९० | ४९ | ४१ |
| चमार/हरिजन | ६७ | २८ | ३९ |
| सन्यासी | ६९२ | ३२२ | ३७० |
| दुसाद/पासवान/पासी | ३२ | १६ | १६ |
| कथाबनिया | ११४ | ६० | ५४ |
| ब्राम्हण-तराई | ५७३ | २६७ | ३०६ |
| कानु | १७ | १० | ७ |
| कुमाल | ४०९१ | १९९० | २१०१ |
| घर्ति/भुजेल | १५ | ६ | ९ |
| लोहार | २४ | १० | १४ |
| माझी | १८१ | ९५ | ८६ |
| सोनार | ६६ | २५ | ४१ |
| कुमार | २१० | १०४ | १०६ |
| सुनुवार | ५७ | २६ | ३१ |
| कहर | २९ | १६ | १३ |
| राजपुत | १० | ५ | ५ |
| लोध | ९८ | ५३ | ४५ |
| बोटे | २४२ | ११७ | १२५ |
| बानिया | ३१ | १४ | १७ |
| अन्य | ६७ | ३५ | ३२ |
| बिदेशी | १२७ | ५८ | ६९ |
| नखुलेको | २४ | १२ | १२ |
| कुल जम्मा | ४५८९८ | २२३०८ | २३५९० |

तालिका नं -१०

**धर्म को आधारमा जनसख्या बिवरण**

| धर्म | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दु | २१०४१ | २२१६२ | ४३२०३ | ९४.१३ |
| बौद्ध | ९५ | १३४ | २२९ | ०.५० |
| इस्लाम | ७८२ | ७९२ | १५७४ | ३.४३ |
| क्रिश्चियन | ३४२ | ४४० | ७८२ | १.७० |
| प्रकृति | ४६ | ६१ | १०७ | ०.२३ |
| बोन | २ | १ | ३ | ०.०१ |
| जम्मा | २२३०८ | २३५९० | ४५८९८ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

तालिका नं -११

**अपांगता भएका जनसख्या विवरण**

| **उमेर समूह** | **जम्मा जनसंख्या** | **अपाङ्गताका प्रकार** | | | | | | | | | | | | **अपांगता जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक अपाङ्गता | न्यून दृष्टियुक्त | दृष्टिविहीन | बहिरोपन | न्यून श्रवणशक्ति | बहिरोपन/दृष्टि विहीन | बोलाइ समस्या | मानसिक वा मनोसामाजिक | बौद्धिक अपाङ्गता | अनुवंशीय रक्तश्राव | अटिजम् | बहु-अपाङ्गता | |
| ० - ०४ | ३६७५ | २७ | १ | ११ | २ | २ | ० | २ | १ | १ | ० | १ | २ | ५० |
| ०५ - ०९ | ३८९५ | २४ | २ | ९ | ३ | ० | १ | ६ | १ | ० | २ | ० | ४ | ५२ |
| १० - १४ | ४५२० | २२ | १ | १० | १ | ३ | १ | ७ | २ | १ | ० | ० | ६ | ५४ |
| १५- १९ | ४७८७ | ३३ | ३ | ४ | ५ | १ | १ | ९ | ५ | १ | ० | ० | ७ | ६९ |
| २० - २४ | ४८२८ | २९ | १ | १ | ३ | ० | ० | १० | ५ | १ | ० | ० | ७ | ५७ |
| २५- २९ | ४४४१ | २५ | ५ | १ | २ | १ | ० | ३ | ७ | १ | ० | ० | ६ | ५१ |
| ३०-३४ | ३५२८ | २४ | १० | १ | ४ | २ | २ | ७ | ३ | ० | ० | ० | ५ | ५८ |
| ३५- ३९ | ३३५५ | २२ | ७ | ३ | १ | ० | ० | ५ | ७ | ३ | ० | ० | १ | ४९ |
| ४० - ४४ | २७३८ | २३ | ४ | २ | ३ | १ | ० | ५ | ० | ० | २ | ० | ४ | ४४ |
| ४५ - ४९ | २२७३ | २८ | ५ | २ | ३ | ५ | ० | ९ | १ | ० | ० | ० | ६ | ५९ |
| ५० -५४ | २१२६ | २५ | १२ | ७ | ५ | ८ | ३ | १२ | २ | ० | १ | ० | ५ | ८० |
| ५५ - ५९ | १४६२ | १७ | १४ | १ | १० | ३ | ० | ४ | २ | ० | ० | ० | ८ | ५९ |
| ६०- ६४ | १३७८ | २३ | १३ | २ | ८ | ६ | २ | ५ | ० | १ | ० | ० | ६ | ६६ |
| ६५ - ६९ | १२१९ | २८ | १९ | २ | ८ | १२ | २ | ३ | १ | १ | ० | ० | ७ | ८३ |
| ७० - ७४ | ९०१ | १८ | २० | ४ | ६ | ५ | ० | ७ | ० | ० | ० | ० | ५ | ६५ |
| ७५ + | ७७२ | १९ | २४ | ५ | १२ | ४ | ० | ० | ० | ० | ० | ० | ४ | ६८ |
| कुल जम्मा | ४५८९८ | ३८७ | १४१ | ६५ | ७६ | ५३ | १२ | ९४ | ३७ | १० | ५ | १ | ८३ | ९६४ |

**१.४.९ गढवा गाउँपालिका भित्रका केही पर्यटकीय आकर्षणहरुः**

गढवा गाउँपालिका सांस्कृतिक, ऐतिहासिक, पर्यावरणीय तथा सामरिक दृष्टिकोणले महत्वपूर्ण ठाउँ हो । ती मध्येका केही प्रमुख पर्यटकीय आकर्षणका केन्द्रहरु यी हुन्ः

**१.४.९.१ धानखोला शिव मन्दिर तथा नागेश्वरी मन्दिरः**

यी दुबै मन्दिरहरु गढवा १ धानखोलामा पूर्वपश्चिम महेन्द्र राजमार्गमा दाङ र कपिलबस्तुको सिमानामा अवस्थित छन् । वि.सं. २०१८ सालमा महेन्द्र राजमार्ग निर्माणको सुरुवात भए पश्चात यस खण्डमा बाटो बिस्तार गर्ने क्रममा पहाड फोड्दा त्यहाँ शिवलिङ्ग लगायतका मूर्तिहरु भेटिएपछि त्यहिँ मन्दिर स्थापना गरिएको हो । यहाँ शिवरात्रीमा विशेष मेला लाग्ने गर्दछ ।

**१.४.९.२ कुलपानी हरित पार्कः**

गढवा १ बडहरामा अवस्थित कुलपानी हरितपार्क यहाँको अर्को प्रमुख आकर्षणको केन्द्र हो । गढवा-कालाकाटे हुलाकी मार्गसँगै जोडिएको कुलपानी सामुदायिक वनको करिब १२ हेक्टरको सिमसार क्षेत्रलाई हरितपार्कको रुपमा विकास गरिँदा प्राकृतिक दृश्यावलोकन तथा पिकनिक स्थलका लागि यो ठाउँ आन्तरिक पर्यटकहरुको मुख्य आकर्षण बनेको हो । यसको अलावा नौका विहार, वालउद्यान, रोटे पिङ, भ्यू टावर, मन्दिर तथा मानवनिर्मित विभिन्न जनावर तथा पंक्षीहरुका मुर्तिहरु साथै कुलपानी पार्कदेखि १ कि.मि. उत्तरमा, राप्ती नदी माथि बनेको गढवा– १ बडहरालाई राप्ती गाउँपालिका-३ खुरुहुरियासँग जोड्ने ८१८ मिटरको झोलुङ्गे पूल यहाँको अर्को आकर्षण हो ।

**१.४.९.३ सिद्धनाथ बाबा जङ्गलकुटीः**

यो कुटी गढवा-३ गोबरडिहा बजारबाट ठिक दक्षिणमा आठ किलोमिटर घना जङ्गलको पार, जङ्गल कै बिचमा अवस्थित छ । यो कुटी वि.सं. १८७९ सालमा स्थापना भएको विश्वास गरिन्छ । त्यतिबेलाको विशाल र घना जङ्गलको मध्य भागमा ध्यानी भुवनेश्वर नाथले सामान्य कुटी बनाई त्यहाँ तपस्यारत हुँदा सिद्ध प्राप्त गरेको र सिद्धि प्राप्ति पछि बाघमा चढेर जङ्गल सयर गर्ने गरेको भन्ने मान्यताका आधारमा ती सिद्ध पुरुषलाई बाघनाथ बाबा र तिनको कुटी बाघनाथ बाबा जङ्गल कुटीको नामले पनि प्रख्यात छ । यस कुटीमा उनै सिद्ध बाबाले प्रयोग गरेका विभिन्न बस्तुहरु अद्यापि देख्न सकिन्छ । यस कुटीमा विशेष गरि माघे सक्रान्ति र दशैँमा भक्तजनहरु पूजा अर्चनाको लागि आउने गर्दछन् भने अध्येताहरु पुरातात्विक अध्ययन अनुसन्धान गर्न र सर्वसाधारणहरु प्राकृतिक दृश्यावलोकन र बनभोजका लागि जहिले पनि यो कुटी मुख्य आकर्षणको केन्द्र बन्ने गरेको छ ।

**१.४.९.४ हंशेश्वर शिवालय गोबरडिहा**

गढवा गाउँपालिका वडा नं. ३ को गोबरडिहामा अवस्थित यो मन्दिर ऐतिहासिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण दर्शनीय ठाउँ हो । वि.सं. १९८२ सालमा निर्मित यो मन्दिर यसको अद्वितीय वास्तु शैलीको लागि प्रख्यात छ । विशेष गरि शिवरात्रीको दिन धेरै भक्तजन तथा दर्शनार्थीहरु यसै मन्दिरमा पूजा तथा दर्शनको लागि आउने हुँदा पालिकाभरमा सबैभन्दा ठूलो मेला यसै मन्दिर परिसरमा लाग्ने गर्दछ ।

**१.४.९.५ कोइलाबास भन्सार नाका तथा रामजानकी मन्दिर**

एक समयको राप्ती अञ्चल कै सबैभन्दा ठूलो भन्सार नाका, राप्ती अञ्चलबासीहरुको लागि नूनदेखि सुनसम्मका दैनिक उपभोग्य बस्तु किनमेल गर्ने एक मात्र ठाउँ, नेपाल र भारतको सिमानामा अवस्थित कोइलाबास नाका गढवा गाउँपालिकाको वडा नं. ८ मा पर्दछ । पूर्वपश्चिम महेन्द्र राजमार्ग खुलेपछि मृत प्रायः कोइलाबास भन्सार नाका सामरिक दृष्टिले एक समयको अत्यन्त महत्वपूर्ण ठाउँ भएकोले अहिले पनि नेपाल र भारतका गरी दैनिक एक हजार भन्दा बढि पर्यटकहरु यस ठाउँको अवलोकन गर्न आउने गर्दछन् । त्यसैगरी कोइलाबास मै रहेको रामजानकी मन्दिर यस पालिकाको अर्को आकर्षणको केन्द्र हो । वि.सं. १८८५ सालमा बनेको यो मन्दिर जनकपुरको रामजानकी मन्दिर पछिको नेपालको दोस्रो ठूलो मन्दिर हो ।

**१.४.९.६ महदेवा-सिसहनिया जोड्ने राप्ती नदी पुल**

गढवा गाउँपालिकाको वडा नं २ को महदेवा र त्यस पारीको राप्ती गाउँपालिकाको सिसहनिया जोड्ने राप्ती नदी माथिको पुल नेपालको दोस्रो लामो पुल भएका कारण आन्तरिक पर्यटकहरुको आकर्षणको केन्द्र बनेको छ । यस पुलको लम्बाई ८६० मिटर र चौडाई साढे दश मिटर छ ।

यी ठाउँका अलावा गढवा– ६ स्थित कन्दरा मन्दिर, गढवा– १ वनघुस्री स्थित जनशक्ति ताल र व्यक्तिको निजी घर नै भए पनि गढवा– ३ गोबरडिहाको ५५ झ्याले दरबार र गढवा– १ पत्रिङ्गा, गढवा– ४ खैरा र गढवा– ६ का कुमाल गाउँहरु माटाका भाँडा बनाउने मौलिक कलाका लागि यस पालिका भित्रका आकर्षणका केन्द्रहरु हुन् ।

## १.५ यस गाउँपालिकाको आर्थिक अवस्था

यस गढवा गाउँपालिकाको आर्थिक स्थिति वारे जानकारी लिनु भन्दा पहिले जन समुदायको शैक्षिक स्थिति र आर्थिक सहभागीताबारे जानकारी लिनु उपयुक्तमानिन्छ । शैक्षिक रुपमा यहाँको जन समुदाय अन्य क्षेत्रको तुलनामा त्यति अगाडि देखिदैन । यस

गाउँपालिकाको सिकाइ उपलब्धी स्तर हेर्दा पनि  त्यो कुराको पुष्टि गर्न सकिन्छ। यहाँको मुख्य आयश्रोतका रुपमा कृषि बाहेक अन्य क्षेत्रलाई स्विकार गर्न सकिदैन। कृषिलाई आधुनिकीकरण गर्नु र जनसमुदायलाई दक्ष जनशक्तिमा रुपान्तरण गर्नुले मात्र यहाँको आर्थिक अवस्थामा सुधारको सम्भावना प्रवल देखिन्छ। सम्पूर्ण बस्तीहरू कृषिमा नै आश्रीत रहदै आएकाले अन्य गाउँपालिकाको तुलनामा यहाँको आर्थिक अवस्था त्यति मजबुत नभएको कुरालाई स्विकार गर्न सकिन्छ। पछिल्लो अवस्थामा आईपुग्दा यहाँका वासिन्दाहरूमा वैदेशिक रोजगारीको अवसर खोज्ने र विदेशतिर पलायन हुने सामान्य रोग लागेको छ यसकारणले गर्दा यहाँको आर्थिक अवस्थामा सामान्य सुधार आएतापनि सुदृढीकरणको प्रमुख उपायका रुपमा यसलाई ग्रहण गर्न सकिदैन ।रोजगारीको हिसावले हेर्दा सबै विद्यालयहरूमा  स्थानीय जनशक्तिको  संलग्नता सम्पूर्ण रुपमा रहेको कुरालाई फरक ढङ्गले बुझ्न सकिदैन।   निजामती सेवामा प्रवेश गर्नेहरूको संङ्ख्या एकदमै न्यून रहेको देखिन्छ। उद्योगहरूको इतिहास बनिसकेको छैन,भर्खरै मात्र केही साना तथा घरेलु  उद्योगहरूको सुरुवात गरिएको छ।  ती सुरु गरिएका उद्योगहरू पनि सानो (छोटो) पुँजीमा आधारीत छन र ठूलो स्केलका उद्योगहरू सञ्चालनमा आउने  सम्भावना धेरै रहेपनि सुरुवात भएको देखिदैन।

गाउँपालिकाको केन्द्र र केही   स्थानीय बजारहरूमा संलग्न  व्यापारीहरू बाहेक अन्य व्यापार व्यवसायमा  संलग्न रहेको जनशक्ति नगन्य रुपमा रहेको पाइन्छ। आर्थिक गतिविधिमा परम्परागत काम, सानातिना पसल र भारतीय भूमिहरूमा खर्चिने समयको उपलब्धी बाहेक अन्य त्यस्ता नयाँ गतिविधिहरू पउन सकिदैन सामान्य जीविकोपार्जनका गतिविधिहरूबाहेक चुनौतिमोल्नुपर्ने जोखिमपूर्ण कामहरूमा सक्रियता र सहभागिता त्यति साह्रो देखिदैन। गाउँपालिकाको स्तरबाट हेर्दाखोलाको बालुवाबाहेक अन्य आम्दानीका श्रोतहरू यहाँको भूगोलमा भेटिने अवस्थामा छैनन्।

### १.६ शैक्षिक अवस्था

यस गाउँपालिकामा २८ वटा सामुदायिक १३ वटा संस्थागत ५ वटा मदरसा १ वटा सिकाइकेन्द्र ३ वटा सामुदायिक बालबिकास केन्द्र गरी जम्मा ५० वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् ।जनगणना २०७८ का अनुसार यस पालिकाको साक्षरता दर ७७.६९ प्रतिशत हेरेकोछ जसमध्ये पुरुषको साक्षरता दर ८३.४९ प्रतिशत छ भने महिलाको साक्षरता दर ७२.२८ प्रतिशत रहेकोछ।

तालिका नं -१२

जातिगत सक्षरता बिवरण

| जातजाती | पढ्न र लेख्न जान्ने | पढ्न मात्र जान्ने | पढ्न र लेख्न नजान्ने | नखुलेको | जम्मा | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| पाहाडी जाति | ६११० | १८ | १०२५ | ० | ७१५३ | ८५.४ |
| मदेशी /तराई जाति | ३४५१ | ११ | ९७८ | ३ | ४४४३ | ७७.७ |
| पहाडी जनजाती | ६५१७ | ३० | १८६२ | १ | ८४१० | ७७.५ |
| तराई जनजाती | १३२१७ | ८३ | ४३८२ | ६ | १७६८८ | ७४.७ |
| पहाडी दलित | २३२० | १९ | ६२७ | ० | २९६६ | ७८.२ |
| मधेशी / तराई दलित | ६९ | ० | २६ | ० | ९५ | ७२.६ |
| धार्मिक भाषिक समुह | १०२९ | १ | ३०२ | १ | १३३३ | ७७.२ |
| अन्य , बिदेशी र नखुलाइएको | ९० | ० | ४५ | ० | १३५ | ६६.७ |
| जम्मा | ३२८०३ | १६२ | ९२४७ | ११ | ४२२२३ | ७८ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

तालिका नं -१३

**शैक्षिक संस्थाको बिवरण**

| क्र सं | तहगत बिद्यालय बिवरण | सामुदायिक तथा धार्मिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालबिकास | ३१ | १३ | ४४ |
| २ | कक्षा १ देखि ३ | ० | १ | १ |
| ३ | कक्षा १ देखि ५ | १४ | ३ | १७ |
| ४ | कक्षा १ देखि ८ | ७ | ४ | ११ |
| ५ | कक्षा १ देखि १० | २ | ३ | ५ |
| ६ | कक्षा १ देखि १२ | ५ | २ | ७ |
| ७ | सामुदायिक सिकाई केन्द्र | १ | ० | १ |
| | कुल जम्मा | २८ | १३ | |

*स्रोत: गढवा गाउँपालिका शिक्षा युवा ताथ खेलकुद शाखा*

तालिका नं -१४

**शिक्षक विवरण**

| तह | दरवन्दि | राहत | पालिका अनुदान | संघिय अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | 0 | 0 | 0 | २९ | २९ |
| आधारभूत तह कक्षा १-५ | ८७ | २९ | १० | ० | १२६ |
| आधारभूत तह कक्षा ६-८ | १८ | ११ | ३६ | ४ | ६९ |
| माध्यमिक तह कक्षा ९-१० | १४ | ३ | २० | ६ | ४३ |
| माध्यमिक तह कक्षा ११-१२ | ३ | ४ | | | ७ |
| | १२२ | ४७ | ६६ | १० | २७४ |

*स्रोत: गढवा गाउँपालिका शिक्षा युवा ताथ खेलकुद शाखा*

तालिका नं -१५

**तहगत शिक्षक दरवन्दी विवरण सामुदायिक तर्फ**

| क्रसं | तह | स्विकृत दरबन्दी | | राहत | | संघिय अनुदान | | पालिका अनुदान | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | आधारभूत तह (१-५ ) | २९ | ५८ | २२ | ९ | ० | ० | ४ | ६ | ५५ | ७३ |
| २ | आधारभूत तह (६-८) | २ | १६ | ६ | ५ | २ | १ | १५ | ११ | २५ | ३३ |
| ३ | माध्यमिक (९-१०) | ३ | ११ | १ | २ | २ | ४ | ८ | ११ | १४ | २८ |
| ४ | उच्च मा बि (११-१२) | ० | ३ | ० | ४ | ० | ० | ० | ० | ० | ७ |
| कुल जम्मा | | ३४ | ८८ | २९ | २० | ४ | ५ | २७ | २८ | ९४ | १४१ |

*स्रोतः गाउँपालिकाको तलबी प्रतिवेदन प्रथम त्रैमासिक २०८१*

तालिका नं -१६

**बिद्यार्थी संख्या २०८१**

| | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१२ |
|---|---|---|---|---|
| सामुदायिक | ७१८ | २५४४ | १९११ | १८३७ |
| संस्थागत | १२३९ | २२६९ | ८०० | ४६२ |
| धार्मिक | ३६ | २१२ | ० | ० |
| जम्मा | १९९३ | ५०२५ | २७११ | २२९९ |

***स्रोत: IEMIS २०८१***

माथिको तालिका अनुसार २०८१ मा बिद्यालय मा भर्ना भएका बालबालिका हरु मध्ये बालविकास तर्फ १९९३ जना, कक्षा १-५ मा ५०२५ जना, कक्षा ६-८ मा २७११ जना र कक्षा ९-१२ मा २२९९ जना गरि जम्मा १२०२८ जना बालबालिकाहरु भर्ना भएका छन्। माध्यमिक तहको कक्षा ११मा विद्यार्थी ढिलो भर्ना हुन गई विद्यालयहरूले समयमै रिपोर्टिङ नगरेकोले विद्यार्थी संख्या कम देखिएको छ ।

### १.७ गढवा गाउँपालिकाका शैक्षिक समस्था तथा चुनौति र अवसरहरूको SWOT विश्लेषण

गढवा गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका मुख्यमुख्य समस्या, ती समस्याको समाधानमा देखिएका चुनौती र अवसरको पहिचान गरिएका समस्याहरुलाई विश्लेषण गरिएको छ। सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र Gap analysis प्रक्रिया अवलम्बन गरिएको छ। सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ। जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ। गाउँपालिका क्षेत्रको तथ्याङ्क, अवस्थाहरूको विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका समस्या, समस्याका कारण, चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ।

#### १.७.१ मुख्य समस्याहरु

१. सम्पुर्ण बालबालिकाहरुको विद्यालयमा टिकाउन नसकिनु
२. शिक्षालाई प्रविधि संग जोड्न नसकिनु
३. बालबालिकाको विभिन्न प्रकोप तथा महामारीबाट सिर्जित शैक्षिक क्षति आपूरणको व्यवस्थपन गर्न नसकिनु
४. विद्यार्थीहरुलाई विद्यालय नियमित गर्न नसकिनु
५. शिक्षक प्रविधिमैत्री हुन नसकिनु
६. शिक्षामा राजनितिक हस्तक्षेप हुनु
७. सरोकारवालाहरुसंग समन्वयको अभाव हुनु
८. पाठ्यक्रम, शिक्षक निर्देशिका, र विशिष्टिकरण तालिका प्रभावकारी कार्यान्वयन हुन नसक्नु
९. विद्यालय सुधार योजना योजनाको लागि मात्र बनाइनु
१०. पोषणयुक्त खाजाको व्यवस्था नहुनु
११. स्वास्थ्य जनशक्तिको अभावमा नियमित स्वास्थ्य परिक्षण, स्वास्थ्य परामर्श तथा रेफरल कार्यमा समस्या
१२. सबै विद्यालयमा छात्रामैत्री, बालमैत्री, अपाङ्गमैत्री शौचालय नहुनु
१३. विद्यार्थी अनुपातमा शौचालय तथा कक्षाकोठा नहुनु
१४. प्रयाप्त मात्रामा पुस्तकालय, विज्ञान, कम्प्यूटर प्रयोगशाला व्यवस्थित नहुनु
१५. स्वस्थ पिउने पानी, बालमैत्री नहुनु
१६. शिक्षक र शिक्षा क्षेत्रका जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु।

१७. विद्यालय नेतृत्वको भूमिकामा सवलिकरण गर्नु र शैक्षिक सुशासन कायम गर्नु ।
१८. शिक्षक विद्यार्थी अनुपातमा दरवन्दी तथा शिक्षक मिलान गर्नु ।
१९. सार्वजनिक शिक्षाप्रति अभिभावकको आकर्षण बढाउनु तथा आम समुदयमा विश्वासको वातावरण सृजना गर्नु ।
२०. विद्यार्थी सख्या तथा आवश्यकताका आधारमा भौतिक सुविधा उपलब्ध नहुनु ।
२१. समय सापेक्ष प्रविधिको पहुँच सबै विद्यालयहरुमा पुऱ्याउन नसक्नु ।
२२. बालबिकास कक्षाहरुका लागि आवश्यक अतिरक्त सुविधाहरुको व्यवस्थापन गर्न नसक्नु ।

**शैक्षिक समस्याका कारणहरू:**

१. अभिभावकले उपयुक्त उमेरमा बालबालिकालाई बालविकास केन्द्रमा नपठाउनु, पालिकाका ५ देखि १२ वर्ष उमेर समूहका लगभग सबै बालबालिका विद्यालयमा रहेको तर केही विद्याथी माथिल्लो कक्षा (कक्षा ६–८) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ ।
२. विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन । अभिभावकहरु दैनिक ज्यालादारी काम गर्न जाने र अभिभावक काममा गएपछि अभिभावकले विद्यालय पठाउदा समेत केहि बालबालिकाहरु विद्यालय नगई घरमा नै बस्ने गरेको देखिएको छ ।
३. सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या अनुसार शिक्षक अभाव तथा अंग्रेजी माध्यम बाट शिक्षण सिकाई संचालन गनुर्पर्ने भएकाले निजि स्रोत शिक्षक ब्यवस्थापनार्थ मासिक रुपमा शुल्क नलिएपनि भर्नाको समयमा अभिभावकबाट आर्थिक सहयोग लिने गरिएकोले आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क छ भन्न सकिएको छैन ।
४. स्थानीय तहमा शैक्षिक सुशासन कायम हुन नसक्नु र उच्चशिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी, र अनुसन्धानमूलक हुन नसक्नुको प्रमुख कारण सीमित स्रोत र क्षमता, असंगठित व्यवस्थापन, र प्रबन्धकीय कमजोरी हो, जसले संस्थागत प्रभावकारिता र नवप्रवर्तनलाई रोक्दछ ।
५. स्थानीय आवश्यकता र प्राथमिकतासँग मेल नखाने शिक्षा नीति र कार्यान्वयनका कारण सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन सकेको छैन ।
६. सामुदायिक विद्यालयका सिकाई उपलब्धि न्यून रहेको कारणले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा छन, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्ने गरेका छन ।
७. शिक्षकलाइ शैक्षिक पेसागत विकासका अवसरहरू कम प्रदान गरिनु, उत्प्रेरणाका लागि कम सेवा सुविधा तथा शिक्षकलाइ पुरस्कार र दण्डको ब्यवस्था नहुनु पनि हो ।
८. पूवार्धारको विकासलाइ मात्र समुदाय तथा विद्यालय ब्यवस्थापन पक्षले चासोका रूपमा लिनु पूर्वाधारको विकासलाइ मात्र विकासको रूपमा लिएपनि गुणस्तरको विकासलाइ चासो दिएको पाइदैन ।
९. शिक्षण पेसाप्रति कम उत्प्रेरणा र शिक्षकहरू विद्यार्थीको सिकाइप्रति जिम्मेवार नहुनाले विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ ।
१०. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु
११. संघ सरकारले विज्ञान, अङ्ग्रेजी र गणित विषयका कम दरबन्दी उपलब्ध गराउनु, संघीय शिक्षण सिकाई अनुदान कम हुनु, गा.पा शिक्षण सिकाई अनुदान शिक्षक ब्यवस्थापन गर्न पालिका सँग स्रोतको अभाव हुनु तथा विद्यालयले निजि स्रोत शिक्षक ब्यवस्थापन गर्न नसक्दा नि.मा.वि र मा.वि तहमा विद्यार्थी सँख्याको आधारमा शिक्षक दरवन्दी कम भएको छ ।
१२. निरन्तर कक्षा अवलोकन, पृष्ठपोषण र शिक्षक उत्प्रेरणको कमीले शिक्षकहरूको पेशागत विकास तालिम प्रशस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठा शिक्षणमा कम प्रयोग हुन सकेको छैन ।
१३. पारिवारिक आर्थिक अवस्था, सबै विद्यार्थीले प्रविधिको प्रयोग गर्न नसक्नु, वैकल्पिक सिकाई विधिको कम प्रयोगका कारणले कोभिड १९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन, वैकल्पिक सिकाइका अवसरहरु कम भएकाले विद्यार्थीको सिकाईमा क्षती हुन पुगेको छ ।

१४. शिक्षक विद्यार्थी निर्मित सिकाई सामाग्रीलाई प्राथमिकता नदिईनु, बजारमा पाईने शैक्षिक सामाग्री खरिद गर्न श्रोतको अभाव, शैक्षिक सामाग्री खरिदका लागि ३ वटै तहबाट बजेटको ब्यवस्था नहुनुले विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन सकेको छैन ।
१५. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गरि शिक्षण गर्न विद्यालयसँग स्रोतको अभाव छ उपलब्ध स्रोतको प्रयोग गर्न पनि शिक्षकलाई प्रविधिमैत्री तालिम संचालन गर्न नसक्दा शिक्षकहरुमा प्राविधिक ज्ञानको कमी छ ।
१६. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र व्यवस्थापकिय जिम्मेवारी हुनुपर्ने भएपनि भौतिक पूर्वाधार विकास र शिक्षक ब्यवस्थापनमा बढी जिम्मेवार भएपनि गुणस्तर सुधारका योजनामा काम गर्ने क्षमता नहुनु ।
१७. विषयगत दरबन्दीको अभावका कारणले केही माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा भई न्यून वेतनमा तालिम अप्राप्त र लाईसेन्स समेत नभएका व्यक्तिलाई शिक्षकको रूपमा भर्ना गरी पठनपाठन गराउनु परेको छ ।
१८. पालिका तहमा अनुगमन, मूल्यांकन र पृष्ठपोषण तथा शिक्षक सहायताका कार्यका लागि मानवश्रोतको अवस्था कम रहेको, विज्ञ समुहलाई निरन्तर परिचालनका लागि श्रोतको अभाव भएका कारणले विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन सकिरहेको छैन ।
१९. शिक्षण सिकाइका क्रममा शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको तालमेल , शिक्षक निर्देशिकालाई कम अनुशरण र शिक्षकको शिक्षण तयारी कम भएकाले कक्षाकोठामा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ।
२०. परिक्षा केन्द्रित शिक्षण प्रणालीको निरन्तरता, अभिभावकलाई परिक्षा प्रणलीको चाहाना तथा कक्षाकोठामा आधारित मूल्यांकन र उपचारात्मक शिक्षणको प्रयोग कम भएका कारण निरन्तर विद्यार्थी मूल्यांकनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।
२१. उपचारात्मक शिक्षण विधिको कम प्रयोगका कारणले शैक्षिक गुणस्तर कमजोर हुनु, कमजोर नतिजा भएका विद्यालयहरु जिम्मेवार नहुदा शैक्षिक उपलब्धि कमजोर हुनु, शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न सकिएको छैन ।
२२. विषयगत दरवन्दी अभावका कारणले प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने जिम्मेवारी भएकोले विद्यालय ब्यबस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी देखिएको छ ।
२३. संघीय शिक्षा ऐन जारी नभएको कारणले गर्दा कतिपय कुराहरूमा नितीगत र कानुनी अन्योलतामा कायम भई कार्यमा अन्यौलता र अप्रभावकारीता देखिएको छ ।

### १.७.२ मुख्य चुनौतीहरु

**क) साधन स्रोतको कमी:**

आवश्यक शैक्षिक सामग्री, पुस्तकालय, ल्याब, र अन्य पूर्वाधारहरूको सबै विद्यालयहरुमा सहज रुपले पुऱ्याउन सकिएको छैन । जसले गर्दा विद्यार्थीहरूको सिकाइ प्रक्रिया प्रभावित भएको महसुस गरिएकोछ ।

**क) जनशक्तिको समानुपातिक वितरण:**

दरवन्दि मिलान तथा स्थानिय स्रोत परिचालन गरी शैक्षिक जनशक्ति व्यवस्थापनका कामहरु आरम्भ गरिए तापनि समानुपातिक वितरण तथा व्यवस्थापन अझै चुनौति कै रुपमा उभिएको छ । प्रशासनिक जनशक्ति पनि आवश्यकता अनुरुप व्यवस्थापन गर्न नसकिएको यथार्थ पनि छर्लङै छ ।

**ग) भौगालिक कठिनाइ:**

पालिका अन्तर्गतका केहि स्थानहरू अझै पनि भौगोलिक रुप विकट नै छन् । खाने पानी लगायतका आवश्यक पूर्वाधारहरु त्यस्ता स्थानमा व्यवस्थापन गर्नु स्वयममा चुनौतिका रुपमा उभिएकोछ ।

घ) **प्रविधिको पहुँचको विस्तार:**

प्रविधिको पहुँच कम हुनु र प्राविधिक रुपमा सबै जनशक्तिलाई तयार गर्न नसक्नु अर्को चुनौति हो।हुन त समय समय प्रविधिको प्रयोगका सन्दर्भहरुमा क्षमता विकासका कार्यक्रमहरु नभएका होइनन् तर त्यतिमा मात्र सिमित भएर कक्षाकोठामा

प्रविधि भित्र्याउने सपना सफल हुन सक्दैन । कम्प्युटर लगायतका साधनहरुको उपलब्धता, भएका साधन स्रोतको उचित प्रयोग अहिलेको मुख्या चुनौतिका रुपमा देखिएकोछ ।

ङ) **आकर्षणको कमी:**

शैक्षिक गुणस्तरमा निरन्तर क्रमिक सुधार देखिए तापनि विद्यालय भर्ना भएका विद्यार्थीहरुलाई टिकाइ राख्नु तथा अभिभावकको आकर्षण विद्यालय तिर मोड्नु हालको ठूलो चुनौती हो।

**च) अभिभावकको शिक्षाप्रति चेतनाको अभाव:**

### १.७.३ अवसरहरू

**क) सामुदायिक सहभागिता:**

सामुदायिक विद्यालयहरूमा स्थानीय समुदायको सहभागिता उच्च रहेको पाइएकोछ। अभिभावकहरू, शिक्षकहरू, र अन्य स्थानीय निकायहरूको मिलनले विद्यालयका गतिविधिहरूमा सहकार्यको वातावरण सिर्जना भएको अवस्था छ।

**ख) आधारभूत भौतिक पूर्वाधार:**

विद्यालयहरुमा न्युनतम भौतिक पूर्वाधारहरु रहेको जसले गर्दा विद्यालयका दैनिक गतिविधि सञ्चालनमा बाधा नरहेको अवस्था हुनु र तिनै पूर्वाधारहरुमा टेकेर पुनर्निर्माण तथा विकासका अवसरहरु हुनु सवलता हुन्।

**घ) अवसरहरूको समानता:**

सबै वडाहरुमा विद्यालयको स्थापना भई शिक्षा समान अवसर र पहुँच पुग्नु जसले गर्दा सबै क्षेत्रका बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर उपलब्ध हुनु अर्को सवलताका रुपमा लिन सकिन्छ ।

**ङ) स्थानीय संस्कृतिको संरक्षण:**

स्थानीय पाठ्यक्रम लागु भई विद्यालयहरूले स्थानीय संस्कृति र परम्पराहरूलाई दैनिक कक्षाकोठासम्म पुर्‍याएका छन्, जसले विद्यार्थीहरूलाई आफ्नो संस्कृतिसँग नजिक राख्न मद्दत पुऱ्याएको छ।

१. शिक्षा क्षेत्रका कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन हुने तथा मुल बजेट नै प्राथमिकताका साथ प्रवाह हुने क्षेत्र भएकोले योजना अनुरुप नतिजा निकाल्न सकिने ।
२. प्रभावकारी र दिगो शैक्षिक विकासका लागि जनप्रतिनिधि तथा स्थानीय जनसमुदायको प्रतिवद्धता रहेको हुँदा सहजै योजना कार्यान्वयन गरी नतिजा दिन सकिने ।
३. गुणस्तरीय शिक्षाका लागि विभिन्न व्यक्ति, समुदाय तथा सामाजिक संघसंस्थाहरुको पनि साथ सहयोग र साझा प्रतिवद्धता व्यक्त भएको अवस्था रहेको ।
४. हालसम्मका प्रयासहरुबाट योजना कार्यान्वयनका लागि आधारभूत पुर्वाधारको आधारशीला रहेको ।
५. शिक्षा क्षेत्रका सरोकारवालाहरु शैक्षिक व्यवस्थापन, निर्णय प्रक्रिया, स्रोत परिचालन तथा सहभागितामा अग्रसर एवम् जिम्मेदार देखिएको बातावरण बनेकोले योजनालाई कार्यान्वयनमा लैजान सहज हुने अवसर देखिएको ।
६. आधारभूत तहमा अनिवार्य तथा नि:शुल्क शिक्षा र माध्यमिक तहमा नि:शुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था
७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका अधिकार
८. स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता
९. गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह
१०. विद्यार्थीहरूको खुद भर्नादरमा वृद्धि
११. सकरात्मक लैङ्गिक समता सूचकाङ्क

१२. शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता
१३. शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता
१४. तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य
१५. मूल्याङ्कन प्रतिवेदन
१६. कार्यसम्पादनमा आधारित करार

# परिच्छेदः २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ गढवा गाउँपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः

गढवा गाउँपालिकाले शिक्षालाई सधैं पहिलो प्राथमिकतामा राखेको छ। नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप कार्य गर्न शिक्षालाई महत्वपूर्ण बिषयका रुपमा आत्मसाथ गर्दै आएको छ। साथै यस क्षेत्रको शैक्षिक विकासका लागि गाउँपालिकाले विभिन्न प्रयासहरू समेत गरेको छ। विद्यालयमा नयाँ नेतृत्व विकास, शिक्षक कर्मचारी व्यवस्थापनका लागि अनुदाको व्यवस्थागरिनेछ। कम्तिमा एक सामुदायिक विद्यालयमा एक बाल विकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गतामैत्री प्रणालीको अवलम्बन गरिनेछ। साथै  निरन्तर तथा अनौपचारिक शिक्षाको माध्यम बाट साक्षरता र साक्षरोत्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गरी साविकका गाविसहरूलाई साक्षर गाविसको रुपमा घोषणाभई रुपन्देही जिल्ला समेत साक्षर जिल्ला घोसणा गरी सकिएको छ। विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक बर्ष विशेष महत्वका साथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुदै आएको छ। बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तह सम्मका विद्यालयहरूमा निःशुल्क र अनिवार्य शिक्षा लागु गरिनेछ। शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिदै आइराखेको छ। उच्च शिक्षा अध्ययनका लागि गरिब तथा जेहेन्दार छात्र छात्राहरूका लागि विशेष छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरिनेछ। यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य हुदैं आइरहेको  छ। मुलुकको समृद्धि र समुन्नतिका लागिआवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ। साधारण शिक्षा, प्राविधिक शिक्षा र सिपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउदै यस पालिका शिक्षाको लागिसबैको आकर्षणको केन्द्र बनाउने तर्फ यो योजना केन्द्रित रहनेछ। यही सन्दर्भलाई दृष्टीगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा  निःशुल्क आधारभूत शिक्षा,  निःशुल्क माध्यमिक शिक्षा र  सर्वसुलभ साक्षरता, निरन्तर  शिक्षा तथा जीवन पर्यन्त सिकाइमा पालिकाले अवको १० वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटिने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि,  उद्देश्यहरू, र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरीएको छ।

गढवा गाउँपालिकाको शैक्षिक प्रणालीलाई  सहज र व्यवस्थित रुपमा सञ्चालन गर्नकोलागि विगत देखि नै विभिन्न प्रयासहरू भैरहेका छन्। नेपालको सबै क्षेत्रमा शैक्षिक अवसरमा समान पहुँच पुर्याउनु राज्यको दायित्व हो। हाल स्थानीय तह ओमसतिया गाउँपालिका गाउँ कार्यपालिकाको मातहतमा  शिक्षा शाखाको रुपमा स्थापना भई  सेवा प्रवाह गर्दै आएको छ। ओमसतिया गाउँ पालिकाको शैक्षिक सुधार एवं विकासका लागि जनमुखी,जवाफदेही,पारदर्शीतथा जनसहभागितामूलक,शैक्षिक प्रशासनको विकास गर्न र शिक्षाको प्रतिफल सरोकारवालालाई उपलव्ध गराई कानुनको शासन भ्रष्टाचार मुक्त र चुस्त प्रशासन,विकेन्द्रिकरण,आर्थिक अनुशासनतथा स्रोतको कुशल वयवस्थापन जस्ता अशल शासनका आधारभूत मान्यतालाई आत्मासात गरी सर्वसाधारणमा गुणस्तरीय  शैक्षिक सेवा छिटोछरितो र कम खर्चिलो ढङ्गबाट प्रदान गर्ने अवस्था सिर्जना गर्न गाउँ शिक्षा समितिको व्यवस्था गरिएको छ। शिक्षा समिति एउटा शैक्षिक एकाइको रुपमा रहेको शिक्षा क्षेत्रको सुदृढ र विकास गर्न गाउँ शिक्षा समितिले शिक्षा शाखालाई प्रभावकारी,उत्तरदायी र प्राविधिक सेवा प्रदान गर्ने शैक्षिक खम्बाको रुपमा कार्य गर्ने सवल,सक्षम संस्थाको रुपमा प्रस्तुत हुने सम्मानजनक आधारहरू तयार गरिरहेको अवस्था छ। त्यसैले गढवा गाउँपालिकाले पनि संघीय सरकारको प्राप्त जिम्मेवारी बमोजिम तपशिलमा उल्लेख गरे अनुसारका आधारमा पांच वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ।

**१. स्थानीय आवश्यकताहरूको पहिचानः**  समुदायका बालबालिका, शिक्षक, र अभिभावकहरूको आवश्यकता तथा समावेशी समानताका आधारमा सबैलाई शिक्षा क्षेत्रमा समेट्नका लागि स्थानीय सरोकारवालाहरुसँग छलफल गरियो। यसबाट शिक्षा क्षेत्रको प्राथमिकता र चुनौतिहरू पहिचान गर्न सहज भएको छ।

**२. स्रोत र पूर्वाधारको मूल्याङ्कनः** विद्यालयको भौतिक पूर्वाधार, जनशक्ति, सिकाइ सामग्री, र वित्तीय स्रोतको उपलब्धता र अवस्था अध्ययन गरिएको छ।

**३. समावेशी शिक्षाः** महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, र अन्य पिछडिएको समुदायको शिक्षामा पहुँचलाई प्राथमिकतामा राखिएको छ।

**४. नीतिगत निर्देशनः** नेपाल सरकारको शिक्षा नीति, संविधानमा व्यवस्था भएका शिक्षा अधिकारहरू, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ (योजना निर्माण सम्बन्धी), अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७, १६औं योजना, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८), ओमसतिया गाउँपालिकाको आवधिक योजना, सिकाई आपूरण तथा द्रुत सिकाई योजना र अन्तर्राष्ट्रिय शिक्षा मानकहरूको अध्ययन गरी तिनलाई योजना निर्माणमा समावेश गरियो।

**५. गुणस्तरीय शिक्षा प्रवर्द्धनः** गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न पाठ्यक्रम, शिक्षक तालिम, प्रविधिमैत्री सिकाई, बालमैत्री शिक्षण सिकाई विधि र सिकाइको अनुगमन तथा मूल्याङ्कनलाई आधार बनाईयो।

**६. सहकार्य र साझेदारीः** तीनवटै तहका सरकार (संघ, प्रदेश र स्थानीय) का विचमा आपसी समन्वय, शिक्षामा सुधार गर्न स्थानीय संघसंस्था, गैरसरकारी संस्था, र समुदायसँगको सहकार्य र साझेदारीलाई ध्यानमा राखीएको।

**७. दिगो विकास लक्ष्यहरू (SDGs):** विशेष गरी चौथो लक्ष्य (गुणस्तरीय शिक्षा) लाई ध्यानमा राखिएको, जसले समग्र शिक्षा प्रणालीमा सुधार ल्याउने उद्देश्य राख्दछ।

**८. पूर्व अनुभव र उपलब्धिः** गाउँपालिकाको विगतका शिक्षासम्बन्धि क्रियाकलापहरुको समीक्षा गरी तिनबाट सिकेका पाठहरूलाई योजनामा समावेश गरिएको।

## २.२ गढवा गाउँपालिकाको दीर्घकालीन सोच तथा दुरदृष्टि

**"गढवा गाउँपालिकाको गुणस्तरीय र व्यवहारिक शिक्षा, स्वावलम्बी र आत्मनिर्भर नागरिकको अपेक्षा"**

## २.३ लक्ष्य (Goal)

आकर्षक, सुरक्षित र प्रविधिमैत्री विद्यालयको निर्माणका लागि सुचना प्रविधि र नवप्रवर्तनमा लगानीको सुनिश्चित गर्दै समावेशी, सीपमूलक, जीवनोपयोगी र नैतिक मूल्य सहित गुणस्तरीय शिक्षाको माध्यमबाट व्यवहारिक सीप विकास एवम् विश्वबजारमा प्रतिष्पर्धी सक्षम र आत्मनिर्भर जनशक्तिको उत्पादन गर्ने।

## २.४ उद्देश्यहरु ( Objectives)

यस योजनाको मूख्य उद्देश्य शिक्षालाई अधिकारका रुपमा स्थापित गरी मानव मूल्यमा आधारित गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समावेशिताको प्रवर्द्धन गरी शिक्षित जनशक्ति निर्माण गर्नु निर्धारण गरिएको छायस योजनाको दीर्घकालीन सोच र लक्ष्यलाई पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरु निर्धारण गरिएको छनः

१. विद्यालय शिक्षामा सबै बालबालिकाहरुलाई समतामुलक पहुँच र सहभागिता सुनिश्चत गर्ने।
२. विद्यार्थीहरुमा श्रम र सीपप्रति सम्मानजनक भावनाको विकास गर्न शिक्षालाई समावेशी, व्यवसायिक, जीवनोपयोगी, स्वावलम्बी र आत्मनिर्भर बनाउने।
३. गुणस्तरीय शिक्षाको सुनिश्चित गरी स्थानीय जनशक्तिलाई राष्ट्रिय अन्तराष्ट्रिय स्तरसम्म प्रतिस्पर्धी र रोजगारीमा पहुँच योग्य बनाउने।
४. विद्यार्थीहरुलाई नैतिकवान सदाचारिता एवम् सहिष्णुताको भावना स्थापित गर्नु।
५. शिक्षामा अनिवार्य सहभागितालाई सार्थक र सहज बनाउँदै सबै बालबालिकालाई विद्यालयमा ल्याउने वातावरण तयार गरी निरन्तर र जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्नु।

६. विशेष समुदाय र फरक क्षमता भएका बालबालिकालाई विशेष शिक्षामार्फत् समयसापेक्ष जीवनयापनको अवसर प्रदान गर्नु ।
७. शिक्षालाई साध्य बनाउँदै स्थानीय साधनस्रोत, मूल्यमान्यता र प्रविधिको प्रवर्धन गर्दै शैक्षिक संस्थाहरुमा शैक्षिक सुशासन र विशिष्टिकृत पहिचान स्थापित गर्नु ।
८. शिक्षालाई रोजगार र उत्पादनसंग जोड्दै व्यक्तिको जीवनस्तरलाई राष्ट्रिय अन्तराष्ट्रिय तहमा समायोजन गर्ने बाताबरण निर्माण गर्नु ।

## २.५ रणनीतिहरु

शिक्षामा अनिवार्य सहभागितालाई सार्थक र सहज बनाउँदै सबै बालबालिकालाई विद्यालयमा ल्याउने वातावरण तयार गरी निरन्तर र जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्नु आजको आवश्यकता रहेको छ । तसर्थ उल्लेखित उद्देश्यहरू पूरा गर्नका लागि निम्न रणनीतिहरू आवलम्वन गरिने छ:

### १. विद्यालय शिक्षामा सबै बालबालिकालाई समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने रणनीति

- विद्यालय भर्ना अभियान, सचेतना कार्यक्रम, र समुदायसँग सहकार्य
- विपन्न, वञ्चित तथा फरक क्षमताका बालबालिकालाई लक्षित छात्रवृत्ति तथा पोषण कार्यक्रम
- पहुँच नपुगेका क्षेत्रमा विद्यालय पूर्वाधार तथा यातायात सेवा सुधार

### २. शिक्षालाई समावेशी, व्यावसायिक, जीवनोपयोगी, स्वावलम्बी र आत्मनिर्भर बनाउने रणनीति

- प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET) कार्यक्रम विस्तार
- सीप विकास केन्द्र तथा अनौपचारिक शिक्षासँग सहकार्य
- कार्य आधारित सिकाइ (Work-based Learning) जस्ता कार्यक्रम सञ्चालन

### ३. गुणस्तरीय शिक्षाको सुनिश्चितता गरी स्थानीय जनशक्तिलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरसम्म प्रतिस्पर्धी बनाउने रणनीति

- शिक्षक क्षमता अभिवृद्धि तथा नियमित तालीम
- ICT (सूचना तथा प्रविधि) मैत्री शिक्षा प्रणालीको विकास
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षा मापदण्डहरूसँग समायोजन

### ४. विद्यार्थीहरूमा नैतिकवान, सदाचारिता एवम् सहिष्णुताको भावना स्थापित गर्ने रणनीति

- पाठ्यक्रममा नैतिक शिक्षा, जीवन सीप, र नागरिक शिक्षालाई समावेश गर्ने
- सहअध्ययन क्रियाकलाप (club activities), खेलकुद, सांस्कृतिक कार्यक्रमको प्रवर्धन
- विद्यालय-समुदाय अन्तरक्रिया तथा सकारात्मक उदाहरण प्रस्तुत गर्ने कार्यक्रमहरू सञ्चालन

### ५. शिक्षामा अनिवार्य सहभागितालाई सार्थक र सहज बनाउने रणनीति

- विद्यालय छोड्ने दर न्यूनीकरणका लागि अभिभावक तथा समुदायसँग सहकार्य
- बालमैत्री सिकाइ वातावरण तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने
- वैकल्पिक शिक्षाका माध्यमहरू (खुला शिक्षा, रेडियो/टिभी शिक्षा, अनलाइन सिकाइ) को प्रवर्धन

### ६. विशेष समुदाय तथा फरक क्षमताका बालबालिकालाई समयसापेक्ष जीवनयापनको अवसर प्रदान गर्ने रणनीति

- समावेशी शिक्षा प्रवर्धन गर्न विशेष शिक्षालय र शिक्षक तालिमको व्यवस्था
- फरक क्षमताका विद्यार्थीहरूका लागि आवश्यक भौतिक पूर्वाधार र सहायक प्रविधि प्रयोग गर्ने
- विशेष शिक्षा आवश्यकताका बालबालिकालाई रोजगारीसँग जोड्ने कार्यक्रम सञ्चालन

**७. स्थानीय साधनस्रोत, मूल्यमान्यता, र प्रविधिको प्रवर्धन गर्दै शैक्षिक सुशासन र विशिष्टिकृत पहिचान स्थापित गर्ने रणनीति**

- विद्यालयहरूको आत्मनिर्भरता विकासका लागि स्थानीय स्रोत परिचालन
- स्थानीय भाषा, संस्कृति, तथा सम्पदालाई शिक्षामा समावेश गर्ने
- विद्यालय व्यवस्थापन समिति (SMC) तथा अभिभावक समितिलाई थप सशक्त बनाउने

**८. शिक्षालाई रोजगार र उत्पादनसँग जोड्ने रणनीति**

- कृषि, पर्यटन, सूचना प्रविधि जस्ता क्षेत्रसँग सम्बन्धित व्यावसायिक शिक्षालाई प्रोत्साहन
- विद्यार्थी उद्यमशीलता कार्यक्रम तथा स्टार्टअप सहकार्य
- निजी क्षेत्र, औद्योगिक प्रतिष्ठान, र सरकारी निकायसँग सहकार्य गरी रोजगारमूलक शिक्षा प्रवर्धन

यी रणनीतिहरू कार्यान्वयन गर्दा दीर्घकालीन रूपमा शिक्षा प्रणाली सुधार हुने र उद्देश्यहरू प्राप्त गर्न सकिन्छ ।

## २.६ कार्यनीति

यस योजनाको लक्ष्य र उद्देश्य हासिल गर्नका लागि तय गरिएका रणनीतिहरुको व्यावहारिक कार्यान्वयन गर्नका लागि तय गरिएका कार्यनीति लाई देहाय बमोजिम उल्लेख गरिएको छः

**१. विद्यालय शिक्षामा सबै बालबालिकालाई समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने कार्यनीति**

- विद्यालय भर्ना अभियान सञ्चालन – 'एक बालक, एक विद्यालय' अभियान सञ्चालन
- समुदायमा सचेतना कार्यक्रम – स्थानीय संचार माध्यम, रेडियो, तथा घरदैलो अभियान
- विद्यार्थी पहिचान तथा अभिलेख राख्ने प्रणाली विकास – MIS (Management Information System) प्रयोग
- पोषण तथा छात्रवृत्ति कार्यक्रम सञ्चालन – गरिबी र वञ्चित वर्गका बालबालिकालाई प्रोत्साहन

**२. शिक्षालाई समावेशी, व्यावसायिक, जीवनोपयोगी, स्वावलम्बी र आत्मनिर्भर बनाउने कार्यनीति**

- प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय तहबाटै समावेश गर्ने
- स्थानीय उद्योग, कृषि तथा व्यवसायसँग विद्यालयलाई जोड्ने
- सीप विकास तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने
- अनौपचारिक तथा खुला शिक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्ने

**३. गुणस्तरीय शिक्षाको सुनिश्चितता गरी स्थानीय जनशक्तिलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरसम्म प्रतिस्पर्धी बनाउने कार्यनीति**

- शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम तथा मूल्यांकन गर्ने
- सूचना प्रविधि (ICT) प्रयोग गरेर डिजिटल शिक्षा प्रवर्द्धन गर्ने
- शिक्षा पाठ्यक्रमलाई स्थानीय तथा अन्तर्राष्ट्रिय आवश्यकतासँग मिलाउने
- विद्यालयहरूको शैक्षिक मूल्यांकन प्रणालीलाई पारदर्शी बनाउने

**४. विद्यार्थीहरूमा नैतिकवान, सदाचारिता एवम् सहिष्णुताको भावना स्थापित गर्ने कार्यनीति**

- विद्यालय पाठ्यक्रममा नैतिक शिक्षा र जीवन सीप समावेश गर्ने
- विद्यालयभित्र सहअध्ययन कार्यक्रम (Debate, Social Work, Leadership Training) सञ्चालन गर्न

- विद्यार्थीहरूलाई समुदायमा सामाजिक उत्तरदायित्व वहन गर्न प्रेरित गर्ने
- सकारात्मक अनुकरणीय व्यक्तित्वहरूलाई विद्यालय कार्यक्रममा ल्याउने

**५. शिक्षामा अनिवार्य सहभागितालाई सार्थक र सहज बनाउने कार्यनीति**

- विद्यालय छोड्ने विद्यार्थीहरूको डाटा संकलन गर्ने र उनीहरूलाई पुनः विद्यालय फर्काउने अभियान सञ्चालन गर्ने
- विद्यालय छोड्ने जोखिम भएका बालबालिकालाई मनोपरामर्श सेवा उपलब्ध गराउने
- विद्यालयको सिकाइ वातावरणलाई बालमैत्री बनाउने
- वैकल्पिक शिक्षाका माध्यमहरू (रेडियो, अनलाइन, टेलिभिजन) को उपयोग गर्ने

**६. विशेष समुदाय तथा फरक क्षमताका बालबालिकालाई समयसापेक्ष जीवनयापनको अवसर प्रदान गर्ने कार्यनीति**

- समावेशी शिक्षाका लागि विशेष शिक्षक तथा सहायक उपकरणको व्यवस्था गर्ने
- विद्यालयमा भौतिक पहुँच (र्‍याम्प, ब्रेल पुस्तक, श्रवण उपकरण) सुनिश्चित गर्ने
- विशेष आवश्यकताका बालबालिकाका लागि छात्रवृत्ति तथा रोजगारमूलक तालिम प्रदान गर्ने
- समुदायस्तरमा विशेष शिक्षा केन्द्र स्थापना गर्ने

**७. स्थानीय साधनस्रोत, मूल्यमान्यता, प्रविधि प्रवर्द्धन गर्दै शैक्षिक सुशासन र विशिष्टिकृत पहिचान स्थापित गर्ने कार्यनीति**

- स्थानीय स्रोत परिचालन गरी विद्यालयहरूलाई आत्मनिर्भर बनाउने
- विद्यालय व्यवस्थापन समितिलाई (SMC) थप प्रभावकारी बनाउने
- शिक्षामा प्रविधिको उपयोग गर्दै विद्यालय प्रशासनलाई डिजिटल बनाउने
- विद्यालयले समुदायसँग सहकार्य गरी सांस्कृतिक तथा परम्परागत सीप प्रवर्द्धन गर्ने

**८. शिक्षालाई रोजगार र उत्पादनसँग जोड्ने कार्यनीति**

- विद्यार्थी उद्यमशीलता तथा स्टार्टअप कार्यक्रम सञ्चालन गर्ने
- व्यावसायिक तथा सीपमूलक पाठ्यक्रमलाई रोजगारदातासँग समायोजन गर्ने
- स्थानीय उद्यम तथा उद्योगसँग सहकार्य गरी विद्यार्थीलाई प्रशिक्षार्थीको रूपमा संलग्न गराउने
- सफल व्यक्तित्व तथा उद्योगहरूसँग सहकार्य गरी विद्यार्थीहरूलाई रोजगार अवसर उपलब्ध गराउने

यी कार्यनीतिहरू कार्यान्वयन गर्दा विद्यालय शिक्षालाई सबैको पहुँचमा पुर्‍याउने, शिक्षालाई व्यावहारिक तथा रोजगारमूलक बनाउने, र बालबालिकालाई सक्षम तथा आत्मनिर्भर नागरिक बनाउने लक्ष्य पूरा गर्न सकिन्छ।

## २.७ अपेक्षित उपलब्धि

**माथिका कार्यनीतिहरू पूर्ण रूपमा कार्यान्वयन भएपछिको अपेक्षित उपलब्धि (Expected Outcomes):**

१. विद्यालय शिक्षामा सबै बालबालिकालाई समतामूलक पहुँच र सहभागिता सुनिश्चित गरिने

- विद्यालय बाहिर रहेका बालबालिका संख्या घट्ने
- सबै समुदायका बालबालिकालाई समान अवसर प्राप्त हुने
- विद्यालय भर्ना दर १००% पुग्ने
- छात्रवृत्ति तथा पोषण कार्यक्रमबाट कमजोर आर्थिक अवस्थाका बालबालिकाको सिकाइ सुधारिने

२. शिक्षालाई समावेशी, व्यावसायिक, जीवनोपयोगी, स्वावलम्बी र आत्मनिर्भर बनाइने

- विद्यार्थीहरूमा सीप र श्रम प्रतिको सम्मान बढ्ने
- विद्यालय शिक्षासँगै प्राविधिक तथा व्यावसायिक सीप विकास हुने
- शिक्षा पूरा गरेपछि आत्मनिर्भर बन्न सक्ने वातावरण तयार हुने
- उद्यमशीलता तथा रोजगारीको अवसरहरू बढ्ने

३. गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै स्थानीय जनशक्तिलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरसम्म प्रतिस्पर्धी बनाइने

- शिक्षकहरूको क्षमता वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार आउने
- डिजिटल प्रविधिको उपयोगमा वृद्धि हुने र विद्यार्थीहरू प्रतिस्पर्धी बन्ने
- विद्यार्थीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा राम्रो प्रदर्शन गर्ने
- गुणस्तरीय शिक्षाको कारण विद्यार्थीहरूको रोजगारदातासँग समायोजन सहज हुने

४. विद्यार्थीहरूमा नैतिकवान, सदाचारिता एवम् सहिष्णुताको भावना स्थापित गरिने

- विद्यार्थीहरूमा नैतिक मूल्य, सामाजिक उत्तरदायित्व, र सदाचारको विकास हुने
- विद्यालयभित्र तथा समाजमा हिंसात्मक तथा असामाजिक गतिविधिहरू घट्ने
- विद्यार्थीहरूमा नेतृत्व क्षमता र सकारात्मक सोचको विकास हुने
- सामाजिक सद्भाव र सहअस्तित्वको भावना बढ्ने

५. शिक्षामा अनिवार्य सहभागिता सार्थक र सहज बनाइने

- विद्यालय छोड्ने दर (Dropout Rate) न्यून हुने
- विद्यालयमा विद्यार्थीहरूको नियमित उपस्थिति सुनिश्चित हुने
- जीवनभर सिकाइको अवसर पाउने वातावरण तयार हुने
- शिक्षामा लैङ्गिक, जातीय तथा भौगोलिक असमानता घट्ने

६. विशेष समुदाय तथा फरक क्षमताका बालबालिकालाई समयसापेक्ष जीवनयापनको अवसर प्रदान गरिने

- समावेशी शिक्षाको प्रवर्द्धन हुने
- फरक क्षमताका बालबालिकाहरूलाई मुख्यधारको शिक्षामा समेट्न सकिने
- विशेष शिक्षाको पहुँच बढ्ने र उनीहरूको आत्मनिर्भरता वृद्धि हुने
- फरक क्षमता भएका व्यक्तिहरू समाजमा समान अवसर प्राप्त गर्न
- स्थानीय साधनस्रोत, मूल्यमान्यता, प्रविधि प्रवर्द्धन गर्दै शैक्षिक सुशासन र विशिष्टिकृत पहिचान स्थापित गरिने विद्यालयहरू आत्मनिर्भर बन्दै जाने
- स्थानीय स्रोत तथा प्रविधिको अधिकतम उपयोग गरिने
- शिक्षामा सुशासन कायम भई पारदर्शिता बढ्ने
- विद्यालयहरूको आफ्नै विशिष्ट पहिचान स्थापित हुने

७. शिक्षालाई रोजगार र उत्पादनसँग जोड्दै व्यक्तिको जीवनस्तर राष्ट्रिय-अन्तर्राष्ट्रिय तहमा समायोजन गरिने

- शिक्षा समाप्त भएपछि रोजगारीको अवसर सहज उपलब्ध हुने
- सीपमूलक तथा व्यवसायिक शिक्षाको प्रभावकारिता देखिने
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी जनशक्ति उत्पादन हुने
- शिक्षालाई उत्पादकत्व र उद्यमशीलतासँग जोड्न सकिने

माथि उल्लेखित कार्यनीति पूर्ण रूपमा कार्यान्वयन भएमा समतामूलक, गुणस्तरीय, व्यावसायिक, जीवनोपयोगी, र प्रतिस्पर्धी शिक्षा प्रणालीको विकास हुनेछ । साथै, बालबालिकाहरूको भविष्य सुरक्षित हुने, रोजगारीको अवसर बढ्ने, समाजमा नैतिकता, सद्भाव र सामाजिक न्याय प्रवर्द्धन हुने, र नेपालकै शिक्षा प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न सकिनेछ ।

## २.८ मुख्य कार्यसम्पादन सूचक Key Performance Indicators (KPIs) र लक्ष्य निर्धारण

यस योजनाले तय गरेको लक्ष्यानुसार विद्यालय शिक्षाका मुख्य कार्सम्पादन सूचकहरुको वर्तमान अवस्था विश्लेषण गरी यस योजनाको अन्तिम वर्षमा हासिल गरिने लक्ष्यलाई मात्रात्मक रुपमा देहाय बमोजिमले निर्धारण गरिएका छन्:

| क्र.सं. | सूचक | तह | आधार वर्ष | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | १५६.५ | १४०.४ | १२६.१ | ११३.१ | **Calibration toolkit** |
| | | प्रदेश | १०६.८ | | | | |
| | | राष्ट्रिय | ९९.९ | ८९.५ | ९४. | ९९. | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ६८.७ | ७५.१ | ८२.१ | ८९.८ | |
| | | प्रदेश | ८४.३ | | | | |
| | | राष्ट्रिय | ७६.९ | ७३. | ८५. | ९५. | |
| **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ८७.७ | ९०.६ | ९३.५ | ९६.६ | |
| | | प्रदेश | ९५.८ | | | | |
| | | राष्ट्रिय | ९५.७ | ९७.५ | ९९. | १००. | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १४८.२ | १३४.८ | १२२.६ | १११.६ | |
| | | प्रदेश | ११९.५ | | | | |
| | | राष्ट्रिय | ११५.९ | ११५. | १०७. | १०५. | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.४ | ९८.३ | ९९.६ | १००. | |
| | | प्रदेश | ९५.५ | | | | |
| | | राष्ट्रिय | ९५.६ | ९९. | ९९.५ | १०० | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १२२.८ | ११६.८ | १११.१ | १०५.६ | |
| | | प्रदेश | १२८.४ | | | | |
| | | राष्ट्रिय | १२४.८ | ११५. | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ७४.८ | ८०.३ | ८६.३ | ९२.७ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ६९.१ | ७५.८ | ८३.१ | ९१.१ | |
| | | प्रदेश | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | |
| २.७ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.९ | ०.९ | १.० | १.० | |
| | | प्रदेश | ०.९ | | | | |
| | | राष्ट्रिय | ०.९ | | | १. | |
| २.८ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.३ | ९६.९ | ९९.७ | ९९.८ | |
| | | प्रदेश | ९५.१ | | | | |
| | | राष्ट्रिय | ९५.२ | ९९. | | १०० | |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११२.८ | १०६.७ | १०३.२ | १००.८ | |
| | | प्रदेश | १२३.९ | | | | |
| | | राष्ट्रिय | १२१.६ | | | | |
| २.१ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ६१.५ | ६९.१ | ७७.६ | ८७.२ | |
| | | प्रदेश | ८६.२ | | | | |
| | | राष्ट्रिय | ८६.३ | | | ९५. | |
| २.११ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ५६.६ | ६४.८ | ७४.२ | ८४.९ | |
| | | प्रदेश | ८८.२ | | | | |
| | | राष्ट्रिय | ८८.९ | | | ९५. | |
| २.१२ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.० | १.० | १.० | १.० | |
| | | प्रदेश | ०.९ | | | | |
| | | राष्ट्रिय | ०.९ | १.० | | | |
| २.१३ | विद्यालय वाहिर रहेका बालबालिका* (%)आधारभूत (कक्षा १-८) | स्थानीय | ५.८ | ५.१ | ४.४ | २.७ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६.६ | | १.० | ०. | |
| २.१४ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | २१.४ | २५.० | ३३.० | ३८.० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४३.७ | ४५. | ५०.० | ५०.० | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ७४.५ | ८२.६ | ८५.३ | ९०.० | |
| | | प्रदेश | ५५.२ | | | | |
| | | राष्ट्रिय | ५६.८ | | ६५.० | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | १०२.१ | १०१. | १००. | १००. | |
| | | प्रदेश | ८०.९ | | | | |
| | | राष्ट्रिय | ८३.२ | | | ९९.० | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | ०.७५ | ०.७७ | ०.७९ | ०.८२ | |
| | | प्रदेश | १.०१ | | | | |
| | | राष्ट्रिय | ०.९९ | १.० | १.० | १.० | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा | स्थानीय | ५९.८ | ८१.८ | ८७.८ | ९१. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ट्रान्जिसन दर* (%) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | २७.७ | २९.५ | ३१.१ | ३३.४ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ४७.७ | ५४.० | ६०.० | ६५.० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ५८.० | | ९५.० | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६९.६ | ७३.० | ७७.० | ८१.० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९७.६ | ९९.० | ९९.५ | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९२.० | | ९९.० | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.८६ | ०.९ | ०.९३ | ०.९७ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८ | |
| **५.** | | | | | | | |
| **६.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ६८ :१ | ६२.१ | ५८.१ | ५३.१ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ५३:१ | ४८:१ | ४५:१ | ४०:१ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १०६.१ | ९०:१ | ८०:१ | ७०:१ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | |

| ७. | शिक्षामा लगानी | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | १०.१५ | १३.० | १५ .० | १८.० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५. | १७. | २०. | |

# परिच्छेद ३ : शिक्षा योजनाका मुख्य उपक्षेत्रहरु

यस परिच्छेदमा शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य मुख्य उपक्षेत्रहरु समावेश गरिएका छन् । योजनाका सबै प्रमुख उपक्षेत्रहरु यस परिच्छेद अन्तर्गत समेटिने भएएकाले पनि यो परिच्छेद एक महत्त्वपूर्ण परिच्छेद हो । शिक्षाका प्रमुख उपक्षेत्रअन्तर्गत प्रारम्भिक बालविकास र शिक्षा, आधारभुत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा जिवनपर्यन्त सिकाइ आदिलाई समेटिएको छ ।

नेपालको संविधानले निर्देशित गरेको दृष्टिकोण, मौलिक अधिकार, नीति, संरचना इत्यादि, शिक्षासम्बन्धि नीति, विभिन्न शिक्षा तथा अधिकार सम्बन्धि कानुनी प्रबन्ध, संयुक्त राष्ट्र संघीय दिगो विकासका लक्ष्य तथा दिगो विकासको लक्ष्य नं.४ सम्बन्धि नेपालको कार्ययोजना, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा नेपालका प्रतिबद्धता, नेपालको सोह्रौँ योजना, स्थानीय सरकार सञ्चालन ऐनका सम्बन्धित पक्षलाई यस योजनाका प्रमुख सन्दर्भका रुपमा लिइएको  छ । त्यसै गरी हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र शिक्षा योजना लगायत विद्यालय शिक्षाको हालसम्मको प्रगति तथा अन्तरका आधारमा क्षमताको आँकलन गरिएको छ भने विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयनका लागि आवश्यक संरचना तथा तयारीलाई पनि क्षेत्रगत योजना निर्माणको एउटा महत्त्वपूर्ण आधार मानिएको छ ।

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

कक्षा १ मा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरुका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिले देखि नै रहेको भएतापनि २०५६ सालमा तत्कालिन शिक्षा विभागले समुदायमा आधारित बाल विकास कार्यक्रम सुरु गरे पछि नेपालमा सरकारी स्तरबाट बाल विकास र शिक्षा सुरुवात भएको हो । सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००३ को पहिलो लक्ष्यमा राखिए पछि यसको विस्तारमा व्यापकता आएको हो । नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई विद्यालय शिक्षाकै अंगको रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ । यो तहले प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरुलाई बिद्यालय प्रबेशका लागि तयार गर्दछ । बालबालिकाहरुको चौतर्फी विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक छ ।

आगामी ५ वर्षमा पालिका भित्रका  ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई बाल विकास केन्द्रमा भर्ना गर्नका लागि बाल विकास केन्द्रको हालको संख्या अपर्याप्त रहेकोले नयाँ बाल विकास केन्द्रहरुको स्थापना जरुरी छ । प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ मा उल्लेखित मापदण्डानुसार बाल विकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दूरीमा हुनु पर्ने कुरा पनि उल्लेख भएको हुनाले भएका बाल विकास केन्द्रहरुको पुनर्वितरण र थप नयाँ बाल विकास केन्द्रहरुको स्थापना गर्नु पर्ने नितान्त जरुरी छ ।

लक्षित उमेर समूहका सबै बालबालिकाहरु विशेष गरी सीमान्तकृत, विपन्न तथा अपाङ्गता भएकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा ल्याउनु, सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन गरी न्यूनतम मापदण्ड पूरा गर्नु र बालविकास सहजकर्ताहरुको न्यूनतम पारिश्रमिक व्यवस्थापन गर्नु तथा उनीहरुको पेशागत क्षमता विकास गर्नु प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख चुनौतीहरु रहेका छन् । प्रयाप्त लगानी तथा स्रोत व्यवस्थापन गर्नु, अनुगमन तथा मूल्याङ्कनको चुस्त संयन्त्र विकास गर्नु, बालबालिकाका अभिभावकहरुलाई अभिभावक शिक्षा प्रदान गर्नु र बालबालिकाहरुको स्वास्थ्य, सुरक्षा र पोषणको उचित व्यवस्थापन सहायक चुनौतीहरु हुन् ।

सुनौला हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, दिवा खाजा, शिशु स्याहार केन्द्र, किण्डर गार्टेन विद्यालय, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा नामका कार्यक्रमहरु विभिन्न सरकारी निकाय, गैर सरकारी

संघसंस्थाहरु निजी क्षेत्रको संलग्नतामा सञ्चालन, नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रुपमा उल्लेख गर्नु, र प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्त्व विकासको हकको प्रत्याभुत गर्नु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, पन्ध्रौं योजना २०७६/७७-२०८०/८१, बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९, विद्यालय क्षेत्र विकास योजना २०७३-२०८०, बहुपोषण योजना दोस्रो २०७५/७६-२०७९/८० र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधानहरु समेटिनु, नेपालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य स्थितिमा आवश्यक सुधार ल्याउन स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन हुनु, बालाबालिकाको सुरक्षा र संरक्षणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु आदि प्रारम्भिक बाल विकास शिक्षाका अवसरहरु हुन् ।

**गढवा गाउँपालिकाको सामुदायिक प्रारम्भिक बालविकासको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।**

| क्र.स. | नाम | सहजकर्ताको तालिमको अवस्था | | छुट्टै कोठाको व्यवस्था | | बसाई व्यवस्था | | | भित्ता सजावट | | | | सिकाई सामाग्री व्यवस्था | | खेल सामाग्री व्यवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तालिम पाएको | तालिम नपाएको | छ | छैन | खाली भुई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor out door दुबै | Indoor मात्र | out door मात्र | कुनै छैन | कैफियत |
| १ | आदर्श आधारभूत बिद्यालय, बडहरा | √ | | √ | | | | √ | √ | | | √ | | | √ | | | |
| २ | आदर्श रात्री आधारभूत बिद्यालय, गोबरडिहा | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |
| ३ | श्री आधारभुत बिद्यालय, बन्घुस्री | √ | | √ | | | | √ | √ | | | √ | | | √ | | √ | |
| ४ | बाल बुद्धि आधारभूत बिद्यालय , खबरिखुट्टी | √ | | √ | | | | √ | √ | | | √ | | √ | √ | | | |
| ५ | दिपेन्द्र होम जुन मा बि , पर्सेनी | √ | | √ | | | | √ | √ | | | √ | | √ | √ | | | |
| ६ | दुर्गा आधारभूत बिद्यालय , मनिकापुर | √ | | √ | | | | √ | √ | | | √ | | √ | √ | | | |
| ७ | दुर्गा आधारभूत बिद्यालय , खबरिनाका | √ | | √ | | | | √ | √ | | | √ | | √ | √ | | | |
| ८ | गणेश आधारभूत बिद्यालय , चिमचिमे | √ | | √ | | | | √ | | | √ | √ | | √ | √ | | | |
| ९ | ज्ञान ज्योति आधारभूत बिद्यालय , मानपुर | √ | | √ | | | | √ | | | √ | √ | | √ | √ | | | |
| १० | जनमुखी मा बि , रंगसिङ | √ | | √ | | | | √ | √ | | | √ | | √ | √ | | | |
| ११ | जनता मा बि , गढवा | √ | | √ | | | | √ | | | √ | √ | √ | | √ | | √ | |
| १२ | जनता मा बि , कालाकाटे | √ | | √ | | | | √ | | √ | | √ | √ | | √ | | √ | |
| १३ | कालिका आधारभूत बिद्यालय , पर्सेनी | √ | | √ | | | | √ | √ | | | √ | √ | | √ | | √ | |
| १४ | श्री मा बि , चैनपुर | √ | | √ | | | | √ | | √ | | √ | | √ | √ | | | |
| १५ | महेन्द्र आधारभूत बिद्यालय, कोईलाबास | √ | | √ | | | | √ | √ | | | √ | | | √ | √ | | |
| १६ | नमुना आधारभूत बिद्यालय,महादेवा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | | | |
| १७ | आधारभूत बिद्यालय , खजरौटा | √ | | √ | | | | √ | √ | | | √ | | | √ | | | |
| १८ | रत्न आधारभूत बिध्यालय, | √ | | √ | | | √ | √ | √ | | | √ | | | √ | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रतनपुर | | | | | | | | | | | | | | | | | |
| 19 | रात्री आधारभूत बिद्यालय, पचाहिया | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २० | सरस्वति आधारभूत बिद्यालय, चन्दनपुर | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २१ | सरस्वती आधारभूत बिद्यालय, सुपैला | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २२ | सरस्वती मा बि, बिध्यानगर | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २३ | सर्वोदय आधारभूत बिद्यालय गढवा | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २४ | श्री आधारभूत बिद्यालय, कक्रहवा | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २५ | बालकल्याण आधारभूत बिद्यालय , बालाखुटि | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २६ | श्री मा बि ,पचहिया | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २७ | उदय आधारभूत बिद्यालय , मुसिनाका | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २८ | जियाउल तौहिद मदरसा आधारभूत बिद्यालय , रामपुर | | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २९ | लक्ष्मी सामुदायिक बाल विकास केन्द्र , जेठान गाउँ | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| ३० | सामुदायिक बाल बिकास केन्द्र , सालभौरी | √ | | √ | | | | √ | √ | | | √ | | | √ | | | |
| ३१ | सामुदायिक बाल विकास केन्द्र, दुमै | √ | | √ | | | | √ | √ | | | √ | | | √ | √ | | |

*स्रोतः प्र.अ हरूबाट संकलित तथ्यांक*

बालविकास शिक्षाको सूचक यसप्रकार रहेको छ ।

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ११९.६ % |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ८३.२% |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ९६.३% |

***स्रोत: CEHRD flash report 2081***

यस पालिका अन्तर्गत सञ्चालित कुल ४४ वटा बालबिकास कक्षाहरु मध्ये २८ वटा सामुदायिक विद्यालयमा आधारित, ३ वटा सामुदायमा आधारित, र १३ वटा संस्थागत विद्यालयमा सञ्चालन रहेका छन् । उक्त बालविकास केन्द्रमा ४४ जना बालविकास सहजकर्ता रहेका छन् । शैक्षिक सत्र २०८१ अनुसार जम्मा विद्यार्थी सङ्ख्या ११५५ जना जसमध्ये छात्रा १०५९ जना र छात्र ८९७ जना रहेको छ । सामुदायिक विद्यालयमा ७१७ जना संस्थागत विद्यालयमा१२३८ जना विद्यार्थीहरु अध्ययनरत छन् । प्रारम्भिक बालविकासमा कुल भर्नादर ११९ प्रतिशत र खुद भर्नादर  ८३.२ प्रतिशत रहेको छ । बालविकासको अनुभव सहित कक्षा १ मा भर्नादर ९६.३ प्रतिशत रहेको छ । ती कक्षाहरुमा शैक्षिक सत्र २०८१  को तथ्याङ्क अनुसार निम्नानुसार विद्यार्थी अध्ययन गरिरहेका छन्

प्रारम्भिक बालविकासमा बालबालिका विवरण

| क्र सं | बालबिकास कक्षाको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | सामुदायिक तर्फ | ३४६ | ३७१ | ७१७ |
| २ | संस्थागत तर्फ | ५५१ | ६८८ | १२३८ |

| जम्मा | | ८९७ | १०५९ | १९५५ |
|---|---|---|---|---|

### ३.१.२ प्रमुख समस्या र चुनौती

१. कम उमेर र बढि उमेरका प्रारम्भिक बालबालिका केन्द्रमा भर्ना हुनु,
२. सबै प्रारम्भिक बालविकास केन्द्रमा बालमैत्री वातावरणका  न्यूनतम मापदण्ड पुरा नहुनु,
३. प्रारम्भिक बालविकास शिक्षा ४ बर्षको उमेरमा भर्ना गरी सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्याउने,
४. प्रारम्भिक बालबिकास केन्द्रमा प्रयाप्त बाल शैक्षिक तथा खेल सामग्रीहरुको व्यवस्थापन नहुनु,
५. प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक, योग्यता तथा क्षमता समय अनुकुल अभिवृद्धि नहुनु,
६. पोषणयुक्त दिवा खाजाको प्रवन्ध नहुनु,
७. व्यक्तिगत स्वस्थ्य तथा सरसफाईको प्रवन्ध नुहुनु,
८. समुदाय  र अभिभावकको सक्रियता नहुनु,

### ३.१.३ उद्देश्य

प्रारम्भिक बालविकासक तथा शिक्षाका निम्न उदेश्यहरु छन्

१. प्रारम्भिक बालविकास शिक्षामा सबै बालबालिकाहरुको सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
२. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुधार गर्नु
३. उमेर समुहका वालवालिकाहरूलाई सर्वाङ्गीण विकास सहित प्रारम्भिक कक्षाको तयारी गराउनु,
४. बालबालिकाहरुको शारीरिक, मानसिक र संवेगात्मक पक्षको विकासका लागि पोषणयुक्त दिवा खाजाको प्रवन्ध गर्नु,

### ३.१.४ रणनीतिहरु

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छः

१. प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र नयाँ स्थापना आवश्यकता अनुसार व्यवस्था गरिने छ।
२. प्रारम्भिक बालविकास केन्द्रका शिक्षक छनौट प्रक्रियामा स्थानीयलाई प्राथमिकतामा राखिने छ।
३. समय सापेक्ष शिक्षकको पारिश्रमिक वृद्धि गरिने।
४. भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाका लागि नमूना बालविकास केन्द्रको विकास गरी पहुँच सुनिश्चित गरिने छ।
५. बालविकास तथा शिक्षामा लगानी सुनिश्चित गर्न केन्द्रको न्यूनतम मापदण्ड पुरा गर्न कार्यक्रमहरुको कार्यान्वयन गरिने छ।
६. गुणस्तर सुनिश्चित गर्न सिकाइको अवश्यकता सम्बोधन गर्न पाठ्यक्रमको कार्यान्वयन, शैक्षिक सामग्री र खेल सामग्री व्यवस्थापन गरिने छ।
७. समयानुसार शिक्षकहरुमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।
८. संघीय तथा प्रदेश सरकारले अवलम्बन गरेको मापदण्ड र ढाँचा अनुसार अनुदानका अधारमा बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिने छ।
९. प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको प्रभावकारिताका लागि परिवार, समुदाय, सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयलाई जिम्मेवार बनाइने छ।
१०. बालविकास तथा शिक्षा कार्यक्रममा भर्ना भएका बालबालिका हिंसा, दुर्व्यवहार र आपतकालिन अवस्थाबाट सुरक्षित रहेको सुनिश्चित गर्न पर्याप्त व्यवस्था मिलाउने र वैकल्पिक सिकाइ व्यवस्थामार्फत अवरोधका बेला पनि पूर्वप्राथमिक शिक्षा लाई निरन्तरता दिन सक्ने व्यवस्था मिलाउने।
११. सक्षम बालविकास केन्द्र संचालनका लागि न्यूनतम मापदण्डहरू कार्यान्वयन, अनुगमन र कार्यान्वयन गर्न विद्यालयलाई स्रोत र मार्गदर्शन प्रदान गर्ने।

१२. सम्बन्धित सरकारी निकाय र गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्यमा बालविकासका बालबालिकाहरूको पोषण र स्वास्थ्य सम्बन्धी आवश्यकताहरू (जस्तै दिवा खाजा, विद्यालय स्वस्थ्य तथा पोषण सम्बन्धि दैनिक सुची जाँचको प्रयोग, शारीरिक परीक्षण, जुकाको औषधी खुवाउने कार्यक्रम, पोषण सप्ताह सञ्चालन, स्वस्थ्य परीक्षण, अनुगमन तथा निरीक्षण र अभिलेख तथा प्रतिबेदनको व्यवस्था, स्वच्छ पिउने पानी, सरसफाइ र स्वच्छता, जाँच र रेफरल सेवाहरू) पूरा गर्ने व्यवस्था सुनिश्चित गर्ने।

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

**१.** सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन्।

२. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकासमा कुल भर्ना प्रतिशत | ११९.६ | ११९.६ | ११५ | ११० | १०० | |
| २. | प्रारम्भिक बालविकासमा खुद भर्ना प्रतिशत | ८३.२ | ८३.२ | ८८ | ९३ | ९८ | |
| ३. | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना प्रतिशत | ९६.३ | ९६.३ | ९७ | ९८ | ९९ | |
| ४. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ५ | ५ | १० | १५ | २० | |

### ३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पाँचवर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| १. | पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | बालविकास | ३ | ३ | ३ | ३ | 0 | १२ |
| २. | विद्यमान **ईसीईडी/पीपीई** (संस्थागत विद्यालय सुविधासहित) को पुनरावलोकन गर्ने र आवश्यकताको पहिचानका आधारमा नयाँ **ईसीईडी केन्द्रहरू** स्थापना गर्ने । | वटा | | १ | | | १ | २ |
| ३. | न्यूनतम मापदण्डहरू पूरा हुने गरी **ईसीईडी मैत्री WASH (पिउने पानी, सरसफाइ तथा स्वच्छता) सुविधा** को व्यवस्था गर्ने । | बालविकास | ५ | ५ | 0 | 0 | १० | १० |
| ४. | **दिवा खाजा कार्यक्रम** (अन्य क्षेत्रहरूमा) सञ्चालन गर्ने । | जना | २०७७ | २०८४ | २०२८ | २०७७ | २१०० | १०३६६ |
| ५. | बालबालिकाको समग्र विकास र सिकाइलाई प्रवर्द्धन गर्न **प्रारम्भिक बाल्यावस्था शिक्षा तथा सिकाइ मापदण्ड** लागू गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६. | तोकिएका मापदण्डहरूप्रति सुधारका आधारमा **ईसीईडी केन्द्रहरू र शिक्षकहरूलाई कार्यसम्पादन अनुदान (Performance Grant)** प्रदान गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ |
बोलि खाने भन्दा गरी खाने शिक्षा अहिलेको  आवश्यकता हो। पछिल्लो समय नेपालमा बेरोजगारीको समस्या बढ्दै गैरहेको छ। ब्याप्त बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न निकै चुनौती थपिएको छ। शिक्षाले गरिखाने सीप सिकाउन सकेन भने शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने केन्द्र मात्र बन्ने निश्चित छ। तसर्थ समय सुहाउँदो प्राविधिक शिक्षा हरेक मा.वि.मा संचालन हुन नितान्त आवश्यक छ। बिद्यमान ब्याप्त बेरोजगारीको समस्यालाई सम्बोधन गर्नका लागि यस गढवा गाउँपालिकामा माध्यमिक तह कक्षा १-१० का लागि ४ वटा बिद्यालयहरु र माध्यमिक तह कक्षा १-१२ संचालित ७ वटा बिद्यालयहरुमा ब्यवसायिक तथा प्राबिधिक धारका बिद्यालयहरु संचालनमा रहेका छन्।

गढवा गाउँपालिका कृषि तथा पशुपालन एवं साना उद्योग सञ्चालनको क्षेत्रमा उर्वर मानिन्छ। यस क्षेत्रका जनताको ईच्छा र आवश्यकतालाई परिपूर्ति गर्नका लागि सीपमूलक व्यवसाय एवं प्रविधिमा आधारित विद्यालय सञ्चालनमा ल्याउनु पर्ने आवश्यकता महशुस गरिएको छ। यहाँको अवस्था हेर्दा हाल तीन वटा प्राविधिक धारका विद्यालयहरु सञ्चालनमा आएको देखिन्छ भने श्रोतको आधारमा सबै विद्यालयहरु नियमित र व्यवस्थित हुन नसकेको अवस्था छ। विद्यार्थीहरुलाई प्रविधि र व्यवसायी मैत्री बनाउनका लागि प्राविधिक तथा व्यवसायीक शिक्षाको नियमित सञ्चालन र व्यवस्थापन हुनु पर्ने अवस्था देखिएको छ।

**यस पालिकाका प्राबिधिक तथा ब्यवसायिक शिक्षाका समस्या तथा चुनौतिहरु**

- प्रविधिक शिक्षाका लागि आवश्यक भौतिक पूर्वाधार को  अभाव रहेको छ|
- सीपमूलक पाठ्यक्रमको कार्यान्वयनमा कमजोरी रहेको|
- प्रविधिक शिक्षाप्रति विद्यार्थी तथा अभिभावकको चेतना र रुचिमा कमी रहनु|
- प्रविधिक तथा व्यवसायिक शिक्षाका लागि आवश्यक बजेटको कमी रहनु।
- उद्योग र बजारसँगको सहकार्य कमजोर हुँदा सिकेको सीप प्रयोग गर्ने अवसर को कमी रहेको|

### ३.४.२ उद्देश्य

गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई पहुँच पुर्याई सीपयुक्त एवम् उत्पादनशिल जनशक्ति उत्पादन बढाउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमअन्तर्गत यस योजनामा देहाय बमोजिमका उद्देश्यहरु तय गरिएका छन्

१. गढवा गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको नियमन, व्यवस्थापन र दीगो स्रोत व्यवस्थापनका लागि संयन्त्र विकास गर्नु।
२. विद्यालय शिक्षाबाट बाहिर आएका,आउन सक्ने र व्यावसायिक तथा प्राविधिक शिक्षामा रहर भएका किशोर किशोरी तथा युवा युवतीहरुलाई रोजगार एवम स्वरोजगार हुन सहयोग गर्ने छोटो तथा लामो अवधिको व्यावसायिक र प्राविधिक सीपको तालिम प्रदान गर्नु|

### ३.४.३ रणनीति

१. पालिका अन्तर्गत वर्षमा एक विद्यालयका दरले बढीमा तीन वटा विद्यालयलाई सुविधा सम्पन्न प्राविधिक विद्यालयका रुपमा विकास गरिनेछ।
२. दुर्गम क्षेत्रबाट प्राविधिक एवं व्यवसायीक शिक्षा आर्जन गर्न आउने बालबालिकाको सिकाइ तथा सीप विकासका लागि कम्तिमा एक वर्षमा एक आवासीय विद्यालयको प्रवन्ध गरिनेछ।
३. प्राविधिक धारमा अध्ययन गर्ने बालबालिकाको प्रोत्साहनका लागि जेहेन्दार प्राविधिक छात्रवृत्तिको कोटा निर्धारण गरिनेछ।
४. प्राविधिक धार सञ्चालन गर्ने विद्यालयका लागि छुट्टै भवनको व्यवस्थापन र बर्गिकरण गरिनेछ।
५. शिक्षक कर्मचारीकासाथै विद्यार्थीहरुलाई प्रविधि मैत्री बनाउन आवश्यक कोटा निर्धारण गरि ICT तालिम तथा ल्यापटप वितरण गरिनेछ।
६. स्थानीयताका आधारमा जग्गा लिज र आवश्यक सामाग्रीको व्यवस्थापन गरिनेछ।
७. स्थानीय आवश्यकता र पहिचानका आधारमा पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत सम्बन्धित विद्यालयमा रेशम खेती, तरकारी खेती, माटाका भाँडा बनाउने सेरामिक, च्याउ खेती, खेलौना निर्माण, अचार बनाउने, एवं होटल मेनेजमेन्ट लगाएतका कार्यक्रम मध्ये कुनै एकलाई एक विद्यालयमा विशिष्टिकृत गरिनेछ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने।

### ३.४.५ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमापर्याप्त अवसर प्राप्त गरेको हुने बिद्यालय संख्या | ० | ० | १ | ० | १ | १ |
| २ | स्थानीय तहमा बहुप्राविधक | ० | ० | ० | १ | ० | १ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | शिक्षालय/प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने बिद्यालय संख्या | | | | | | |
| ६ | खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको बिद्यालय | ० | ० | ० | ० | १ | ० |
| ८ | उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने बिद्यार्थी संख्या | ० | ० | ० | ० | ० | १ |
| ९ | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्धि हुने बिद्यालय संख्या | ० | ० | ० | ० | १ | ० |

### ३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | पांच वर्ष को जम्मा | |
| १ | बहु प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | ० | ० | ० | १ | ० | १ | |
| २ | छोटो अवधिका अभ्यास सहितको सीपमूलक तालिम सञ्चालन | पटक | 0 | ० | ० | १ | १ | २ | |
| ३ | स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवद्र्धन कार्यक्रम | पटक | ० | ० | १ | ० | १ | २ | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | पांच वर्ष को जम्मा | |
| ४ | आर्थिकरूपमा पिछडिएका प्रतिभावान् तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति, महिला विद्यार्थीका लागि प्राविधिक शिक्षामा पहुँचको अवसर सृचना गर्न आवश्यक स्रोतको व्यवस्था | जना | ० | २५ | २५ | २५ | २५ | १०० | |
| ५ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्यांक संकलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | ० | ० | १ | ० | ० | १ | |
| ६ | प्राविधिक शिक्षा तथा ब्यवसायिक सिप तालिम सम्बन्धी अभिमुखिकरण | पटक | ० | ० | १ | १ | १ | ३ | |

### ३.४.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| बहुप्राविधिक शिक्षालयको स्थापना | ० | ० | ० | ० | ३०० | ३०० |
| रोजगार परामर्श सेवा संचालन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| स्वरोजगार प्रवर्द्धन कार्यक्रम | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| प्राविधिक तथा व्यावसायिक विद्यालय | ० | ३०० | ० | ० | ३०० | ६०० |
| प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | २०० | २०० | २०० | २०० | २०० | १००० |
| युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहन कार्यक्रम | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशिलता विकासका लागि कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० |

| पाठ्यक्रम र मुल्यांकन कार्यक्रमको जम्मा बजेट **(हजारमा)** | ८०० | ११०० | ८०० | ८०० | १४०० | ४९०० |
|---|---|---|---|---|---|---|

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो र यो मानव जीवनको जीवन पद्धतिसँग जोडिएको छ। औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान,सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अनौपचारिक शिक्षा हो।अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका अवसरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइका लागि अवसर बृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ। सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर दिगो विकासको मूल मर्म रहेको साक्षरता कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरुका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर उपलब्ध गराउनु पर्नेछ। विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो संख्यामा रहेका युवा, महिला र प्रौढहरुका लागि कार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ। सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नती गरी यिनकै अगुवाईमा अबका कार्यक्रमहरु सञ्चलन हुनेछन्।

### ३.५.१ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अभिभावक शिक्षा, अनऔपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्रसम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यस गढवा गाउँपालिकामा १ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन्। सिकाइ केन्द्रहरुले सामुदायिक पुसतकालय तथा वाचनालय, लक्षित वर्गलाई निशुल्क इन्टरनेट, नयाँ प्रविधि प्रसार तथा महिला समूह निर्माण गरी विभिन्न तालिमहरु तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ।

वर्तमान सन्दर्भमा बहुशासकिय साझेदारहरुको स्रोतसहितको प्रतिबद्धता र प्रथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका शिक्षासम्बन्धि प्रतिबद्धता, सबैलाई अनिवार्य शीक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालीन सोच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रुपमा लिन सकिन्छ।

अनौपचारिक शिक्षालाई साक्षरताको मूल आधारका रुपमा विकास गर्दै पूर्ण साक्षर गाउँपालिका बनाउन र गढवा बासीको आजीवन सिकाइका लागि देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएका छन्।

५ वर्ष माथि उमेर का सक्षरता जनसंख्या बिवरण

| उमेर | जम्मा | जनसख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पढ्न लेखन दुवै जानेको | | पढ्न मात्र जानेको | | लेख्न मात्र जानेको | |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ५ बर्ष | ७७२ | ३४७ | ३८१ | २ | ७ | २ | ३३ |
| 06 Year | ७७० | ३६८ | ३७५ | २ | ५ | २ | १८ |
| 07 Year | ७३३ | ३७४ | ३४५ | ६ | ० | ६ | २ |
| 08 Year | ८९९ | ४१९ | ४६८ | ० | ० | ० | १२ |
| 09 Year | ७४१ | ३३७ | ३९७ | ० | १ | ० | ६ |
| 10 Year | ९०७ | ४४० | ४६० | ० | १ | ० | ६ |
| 11 Year | ७६१ | ३६७ | ३९३ | ० | ० | ० | १ |
| 12 Year | ९६६ | ४४८ | ५१० | ० | ० | ० | ८ |
| 13 Year | ९१० | ४२८ | ४८१ | ० | ० | ० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 14 Year | ९७६ | ४६५ | ५०६ | ० | ० | ० | ५ |
| 15 Year | १०३६ | ५४६ | ४८७ | ० | ० | ० | ३ |
| 16 - 19 Years | ३७५५ | १९६६ | १७५८ | २ | ३ | २ | २४ |
| 20 - 24 Years | ४८३० | २७०४ | २०६७ | १ | ० | १ | ५७ |
| 25 - 29 Years | ४४५५ | २४५७ | १८८२ | ७ | २ | ७ | १०० |
| 30 - 34 Years | ३५४४ | १८८७ | १४८३ | ८ | २ | ८ | १५६ |
| 35 - 39 Years | ३३८९ | १७८६ | १३२७ | १७ | १० | १७ | २३२ |
| 40 - 44 Years | २७७६ | १४१४ | १०३७ | १९ | ३ | १९ | २८४ |
| 45 - 49 Years | २२८५ | ११४५ | ७९६ | ६ | ५ | ६ | ३२७ |
| 50 - 54 Years | २१५४ | १०४६ | ६८९ | १४ | ३ | १४ | ३८८ |
| 55 - 59 Years | १४६८ | ७२१ | ४१२ | ३ | ५ | ३ | ३२४ |
| 60 - 64 Years | १३८४ | ७१८ | २८८ | ३ | ७ | ३ | ३६५ |
| 65 - 69 Years | १२२३ | ६२९ | २५२ | २ | ४ | २ | ३३४ |
| 70 - 74 Years | ९०५ | ४४३ | १४० | २ | ५ | २ | ३१३ |
| 75+ Years | ७७४ | ३८० | ८७ | १ | ४ | १ | ३०१ |
| | ४२४१३ | २१८३५ | १७०२१ | ९५ | ६७ | ९५ | ३३०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

### ३.५.२ समस्या तथा चुनौतिहरु

सबै नागरिकलाई कार्यमूलकरुपमा साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्त्वसँग जोड्नु, पूर्ण साक्षर गाउँपालिका निर्माण गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अंग बनाउनु, र औपचारिक शिक्षाबाट वञ्चितहरुका लागि भरपर्दो र सुलभ औपचारिक , खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता मुख्य चुनौतीहरु हुन् भने अनौपचारिक शिक्षाप्रति अभिरुचिको कमी, सहभागिहरुको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वयको अभाव, सबै वडाहरुमा सामुदायिक सिकाइ केन्द्रहरुको व्यवस्थापन र सक्रियता कायम गर्न नसकिनु, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यवहारिकता र स्रोत परिचालनमा कमी जस्ता पक्षहरु चुनौतीका रुपमा रहेका छन्।

### ३.५.३ उद्देश्यहरु

१. गढवा गाउँपालिकालाई पूर्ण साक्षर पालिका बनाउनु
२. सबै नागरिकलाई साक्षरता र आजीवन सिकाइको अवसर प्रदान गर्नु
३. शिक्षाको अवसरबाट वञ्चित, बिचैमा पढाइ छाडेका, नवसाक्षर तथा निरक्षर व्यक्तिहरुको पहिचान गरी साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु
४. अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री निर्माण र वितरण गर्नु
५. अनौपचारिक, खुला र वैकल्पिक माध्यमाबाट प्राप्त ज्ञान सीपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्नु
६. पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन सार्वजनिक पुस्तकालय, थप सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरुको स्थापना , विकास र विस्तार गर्नु

### ३.५.४ रणनीति

१. गाउँपालिकालाई पूर्ण साक्षर पालिकाको रुपमा स्थापित गर्न गाउँपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरुलाई परिचालन गर्ने ।
२. साक्षरा सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय, सहभागीमैत्री सामग्री तथा विधिसमेतमा पहुँच अभिवृद्धि गर्ने ।
३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्द्धन, आधुनिकीकरणसम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने ।
४. गाउँपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै लैजाने ।
५. विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको विकास गर्ने ।

### ३.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन | ० | १ | १ | १ | १ |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) * | ० | १५० | २०० | २५० | ३०० |
| ४ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ० | १ | ० | ० | १ |
| ५ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | १ | ० | ० | १ |

### ३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | पटक | | 1 | | 1 | | २ | |
| २ | स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र | पटक | | १ | | | | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | | | | | | | | |
| ३ | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन | पटक | 1 | | 1 | | 1 | ३ | |
| ४ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | |
| ५ | स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | |
| ६ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | पटक | 2 | 2 | 2 | 2 | 2 | १० | |
| ७ | हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | पटक | 2 | 2 | 2 | 2 | 2 | ५ | |
| ८ | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | जना | 2 | 2 | 2 | 2 | 2 | २ | |
| ९ | शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन साथै नुमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग | | | | | | | | |
| १० | CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिम | पटक | 2 | 2 | 2 | 2 | 2 | | |
| ११ | अनौपचारिक , निरन्तर तथा बैकल्पिक शिक्षा कार्यक्रम संचालन गर्ने | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | |
| १२ | नवसाक्षर र विपन्न महिलाहरुलाई समावेश गरी समूह निर्माण गर्ने र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै बचत गर्ने बानीको विकास गर्ने संयन्त्र निर्माण र परिचालन गर्ने | पटक | 0 | 1 | 1 | 1 | 1 | ५ | |
| १३ | स्थानीय भाषा, कला, र संस्कृति संरक्षण, प्रबद्धन र विकास गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४ | सामुदायिक सिकाई केन्द्र मार्फत बिद्यालय बाहिर रहेका बालबालिका हरुको तथ्यांक संकलन गर्ने र EMIS मा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | सीप मुलक तथा रोजगार मुलक कार्यक्रम संचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

### ३.५.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | ० | १०० | ० | १०० | ० | २०० |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | १००० | ० | ० | ० | ० | १००० |
| स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | २५० | ० | २५० | ० | २५० | ७५० |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० |
| स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | २,००० | २,००० | २,००० | २,००० | २,००० | १०००० |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र | २,००० | २,००० | २,००० | २,००० | २,००० | १०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | | | | | | |
| हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | १,५०० | १,५०० | १,५०० | १,५०० | १,५०० | ७५०० |
| हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | ५७२ | ५७२ | ५७२ | ५७२ | ५७२ | २८६० |
| अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन (समकक्षता मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागत संरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने) का लागि बजेट अनुदान | ५,००० | १०,००० | ३०,००० | २०,००० | १०,००० | ७५००० |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नुमना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग गर्न बजेट अनुदान | २०० | २०० | २०० | २०० | २०० | १००० |
| CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | ५ | ५ | ५ | ५ | ५ | २५ |
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | |
| घरधुरी सर्वेक्षण तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक | ० | ५० | ० | ५० | ० | १०० |
| शैक्षिक पहुँच सुनिश्चित गर्न बैकल्पिक शिक्षा कार्यक्रम संचालन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| आय आर्जन सीप विकास तालिम कार्यक्रम सञ्चालन | १०० | १५० | १५० | १५० | १५० | ७०० |
| अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि आवश्यक सिकाइ सामग्री विकास | ५० | ५० | ५० | ५० | ५० | २५० |
| सीमान्तकृत समुदायका व्यक्तिलाई आय आर्जन सीप विकास कार्यक्रम सञ्चालन | २०० | २५० | ३०० | ४०० | ४०० | १५५० |
| सामुदायिक सिकाई केन्द्र मार्फत बिद्यालय बाहिर रहेका बालबालिका हरुको तथ्यांक संकलन गर्ने र EMIS मा अध्यावधिक गर्ने | ० | ५० | ५० | ५० | ५० | २०० |
| **अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमको जम्मा बजेट(हजारमा)** | **१३६७७** | **१७६७७** | **३७८२७** | **२७८२७** | **१७९२७** | **११४९३५** |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

योजनामा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरु अन्तर्गत प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौती र अवसरहरुको पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरु तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरुसहितको योजनाको खाका प्रस्तुत गरिएको छ।

प्रस्तुत परिच्छेदमा शिक्षा क्षेत्र अन्तर्गतका उल्लिखित विभिन्न उपक्षेत्रहरुसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरु जस्तैः शिक्षक व्यवस्थापन तथा विकास, पाठ्यक्रम पाठ्यसामग्री तथा मूल्याङ्कन, शैक्षिक सुशासन, सबलीकरण र गुणस्तर व्यवस्थापन शिक्षामा सूचना र प्रविधि, शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श, सुरक्षित विद्यालय व्यवस्थापन, भौतिक पूर्वाधार विकास समावेश गरी विश्लेषण गरिएको छ।यी अन्तरसम्बन्धित विषयहरुलाई योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ। यी विषयलाई यस खण्डमा अलग्गै प्रस्तुत गर्दा कतिपय रणनीति तथा क्रियाकलापहरु जाने भए पनि अघिल्लो परिच्छेदका रणनीति तथा क्रियाकलापहरुले सम्बन्धित खण्ड वा उपक्षेत्रमा प्रयोग गर्ने कुरामा  विशेष ध्यान दिन्छ भने यस परिच्छेदले ती विषयलाई व्यवस्थित गर्न र विभिन्न उपक्षेत्रमा उपलब्धि प्राप्तिलाई सहयोग पुर्याउने काम गर्दछ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन ।  देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने  हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार  समेत हो । मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो   । बालबालिकाको सर्वांगीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् । मानवीय आवश्यकता,बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पामाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

#### ४.१.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो । पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भयो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधारतथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा  २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ । त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वियन हुने योजना छ ।  गढवा  गाउँपालिकामा वि सं २०७७  देखि कक्षा १ देखि ८  सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक शैक्षिक सत्र २०८०बाट लागु भएको अवस्था छ  । पाठ्क्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ ।विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत

गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य , परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ। सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ।

**चुनौतिहरू तथा अवसरहरू**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु  चुनौतिका रूपमा रहेको छ । त्यसैगरी स्थानीय पाठ्क्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्नु , सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखीकरण गर्नु ,पाठ्क्रमलाई समय अनुसार अद्यावधिक गर्नु पनि चुनौतिका रूपमा रहेका छन् । अपाङ्गता, अनाथ असहाय भएका बालबालिकाको लागि अनुकूलको पाठ्यसामाग्रीको व्यवस्था गर्ने आदि पाठ्क्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिहरू पनि हाम्रा सामु छन्। माध्यमिक तहसम्म नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था , परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को निर्माण  र कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरू रहेका छन्।

### ४.१.३ लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने।

### ४.१.४ उद्देश्य

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

### ४.१.५ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धीत शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरिने
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने
- शिक्षकको पेसागत सक्षमता विकास गरिने
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा,  बहु भाषा प्रयोग गरिने

- विद्यालयमा आधारित सहयोग पद्धति विकास गरिने
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईने
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने।

### ४.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम कार्यन्वयन गरेका विद्यालय सङ्ख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |

### ४.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | पांच वर्ष को जम्मा |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०२७६ को कार्यन्वयन | बिद्यालय | 3 | 3 | 3 | ३ | ३ | १५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | | | | | | | |
| २ | पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | पटक | | | | | 1 | १ |
| ३ | Digital सामाग्रीहरुको कार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ |
| ४ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | पटक | ० | १ | १ | १ | १ | ४ |
| ५ | आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | संख्या | 10 | 14 | 14 | 5 | 5 | ४८ |
| ६ | आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | बिध्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ७ | प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमा:- प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन | पटक | ० | ० | ० | १ | १ | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | | | | | | | |
| ८ | बहूपाठ्यपुस्तकहरूको कार्यान्यिन गर्ने (जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यिन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | पटक | | 1 | 1 | 1 | 1 | ४ |
| ९ | बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | पटक | | 1 | | | 1 | |
| १० | पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ |

### ४.१.८ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने)** | ६०० | ६०० | ६०० | ४०० | २०० | २४०० |
| **पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण)** | ० | ० | ० | २५० | ५०० | ७५० |
| **Digital सामाग्रीहरुको कार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने** | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| **सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने)** | ४०० | ४०० | ४०० | | | १२०० |
| **आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने** | ५८८ | ८८२ | ८८२ | | | २३५२ |
| **आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन)** | ६२० | ६२० | ६२० | ६२० | ६२० | ३१०० |
| **प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमा:- प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र** | २०० | १२०० | ६००० | ८०० | ८०० | ९००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | | | | | | |
| बहूपाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने (जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | | ५०० | ० | ० | ५०० | १००० |
| पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु: | | | | | | |
| विद्यार्थीको आवधिक मुल्यांकन | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| स्टिम अवधारणा अनुसार शिक्षण प्रकृया हुने विद्यालय | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| सिकाई पोर्टल को प्रयोग सम्बन्धि शिक्षक क्षमता विकास | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| पाठ्यक्रम र मुल्यांकन कार्यक्रमको जम्मा बजेट (हजारमा) | ३,४०८ | ५,२०२ | ९,५०२ | ३,०७० | ३,६२० | २४८०२ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रूपमा दक्ष पेशाप्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । किनभने शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरबाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आकलन गरिएको छ । कक्षाकोठाको शिक्षणसिकाइ लाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कायलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतीहरूको पहिचान गरि शिक्षक व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्देश्य पुरा गर्नका लागि अपनाईने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो।यही जीवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरु स्रोतहरुले गति लिने गर्दछन्। शिक्षकमा भएको पेशाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्त्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयारी गर्ने काम विश्वविद्यालयहरु तथा विद्यालयहरुले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धि कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरुको पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएको छ।यसै गरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति, शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाटै हुँदै आएको छ । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कस्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन् ।

शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेसा बनाएकालाई शिक्षण पेसामा प्रवेश गराउनु, कक्षाकोठाको आवश्यकता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाहरुको रुचिअनुसार शिक्षकको आपूर्तीका निम्ति शिक्षकसेवा परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम र शिक्षकको आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यारलयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरुलाई समायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु, कक्षाकोठालाई पेसागत विकास र सिकाइको थलोको रुपमा विकास गर्नु, पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गर्नु, विद्यालयमा तहगत रुपमा न्यूनतम विषयगत दरबन्दीको व्यवस्थापन गर्नु, नपुग शिक्षकको आपूर्ति गाउँपालिकाले आफ्नै स्रोतबाट व्यवस्थापन गर्नु, शिक्षकको सरुवा र वृत्ति विकासलाई पारदर्शी, निष्पक्ष,न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु, शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका चुनौतीहरु हुन्।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक थरीथरीका संस्थातिर नभइ पेसागत उन्नयनमा सहयोग पुर्याउने सबैको साझा पेसागत संस्थाप्रति प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन तथा उपलब्ध शिक्षकहरुको औचित्यपूर्ण वितरण गर्नुका साथै आवश्यक विषयगत विशिष्टतासहित आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु शिक्षक व्यवस्थापन, तथा विकासका क्षेत्रमा देखिने सवालहरु हुन्।

शिक्षक सेवा आयोगले निरन्तर रुपमा स्थायी शिक्षकहरुको पदपूर्ति गर्नु, बढुवाका लागि नियमित कार्यहरु प्रभावकारीरुपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदनअनुसार दरबन्दी मिलानका कार्यहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तदारुकताका साथ अगाडि बढ्नु, शिक्षकको पेसागत विकास प्रारुपअनुसार पेसागत विकासका तीनवटै तरिकाहरु कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेतले शिक्षक व्यवस्थापनम लगानी गर्दै आउनु आदि यस क्षेत्रका अवसरहरु हुन्।

**सामुदायिक विद्यालयमा तहगत शिक्षक विवरण**

| क्रसं | तह | स्विकृत दरबन्दी | | राहत | | संघिय अनुदान | | पालिका अनुदान | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | प्राथमिक(१-५ ) | २९ | ५८ | २२ | ९ | ० | ० | ४ | ६ | ५५ | ७३ |
| २ | निम्नमाध्यमिक(६-८) | २ | १६ | ६ | ५ | २ | १ | १५ | ११ | २५ | ३३ |
| ३ | माध्यमिक(९-१०) | ३ | ११ | १ | २ | २ | ४ | ८ | ११ | १४ | २८ |
| ४ | उच्च मा बि (११-१२) | ० | ३ | ० | ४ | ० | ० | ० | ० | ० | ७ |
| कुल जम्मा | | ३४ | ८८ | २९ | २० | ४ | ५ | २७ | २८ | ९४ | १४१ |

**समस्या र चुनैतीहरू**

गढवा गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका मुख्य समस्या र चुनौतीहरू निम्नानुसार छन्:

१. विद्यार्थी संख्याको अधारमा शिक्षक दरवन्दी अत्यन्तै न्यून हुनु
२. शिक्षकहरूको नियमित र समसामयिक तालिमको कमी
३. शिक्षकहरूको समुचित प्रोत्साहन र पुरस्कार प्रणालीको अभावले कामप्रति उत्साह कम गराउनु
४. योग्य र अनुभवी शिक्षकको कमी साथै अंग्रेजी, गणित र विज्ञान शिक्षकको अभाव
५. स्थानीय समुदायको शिक्षक विकासमा संलग्नता न्यून रहँदा समग्र शिक्षाको स्तरमा गिरावट आउँनु

६. शिक्षक व्यवस्थापनका लागि आवश्यक वित्तीय र भौतिक स्रोतको अभाव जसले योजनाबद्ध विकासमा बाधा पुर्याउँछ ।

### ४.२.३ उद्देश्यहरू

१. गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने
२. शिक्षक नियुक्ति, र सरूवा, बढुवा र पुनर्वितरणलाई सुदृढ बनाउनु
३. विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु
४. सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्नु
५. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु
६. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
७. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु

### ४.२.४ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रफमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने
२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने
३. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धीत गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने
७. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने
८. खेलकुद, कला, स्वास्थ्य तथा संगीतसँग सम्बन्धित तालिम प्राप्त शिक्षक व्यवस्थापन गरिने

### ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ |

| क्रसं | सूचक | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ० | ५ | १० | १५ | २० | ३० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ५ | १० | १५ | २० | २५ |
| ८ | शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने | ० | ५ | १० | १५ | २० | २५ |

### ४.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १ | शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर बितरण र समायोजन) | पटक | 1 | | 1 | | 1 | ३ |
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | जना | 2 | 2 | 2 | 2 | 2 | १० |
| ३ | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विजयन र अंग्रेजी बिषयको बिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | जना | 0 | 1 | 1 | 1 | 1 | ४ |
| ४ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | जना | 8 | 10 | 15 | 20 | 26 | |
| ५ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशि १० दिने प्रशिक्षण तालिम (TOT) | पटक | | १ | | १ | ० | २ |
| ६ | प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | पटक | 0 | १ | | १ | | २ |
| ७ | ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक प्रशिक्षण सन्चालन गर्ने | विद्यालय | 0 | १ | 0 | १ | ० | २ |
| ८ | सबै बिद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई | पटक | | १ | १ | १ | १ | ४ |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| | Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | | | | | | | |
| ९ | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | पटक | | १ | 1 | १ | १ | ४ |
| १० | शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने | पटक | ० | १ | १ | १ | १ | |
| ११ | तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | पटक | | `१ | १ | १ | १ | |
| १२ | माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | पटक | 0 | १ | `१ | १ | १ | |
| १३ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | वटा | १ | १ | १ | १ | १ | |
| १४ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | पटक | | १ | 1 | १ | 1 | ४ |
| १५ | आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | पटक | 1 | | 1 | | 1 | ३ |
| १६ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | सवै विद्यालय र पालिकामा/ पटक | 2 | 2 | 2 | 2 | 2 | १० |
| १७ | नयाँ भर्ना हुने ECED Teachers/Facilatotars | सवै | 0 | 1 | 1 | 1 | 1 | ४ |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| | हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | विद्यालयमा | | | | | | |
| १८ | हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ बर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | जना | 8 | 10 | 15 | 20 | 26 | ७९ |
| १९ | आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्व विकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | पटक | | १ | | १ | ० | २ |
| २० | शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | पटक | 0 | १ | | १ | | २ |
| २१ | बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | पटक | 0 | १ | 0 | १ | ० | २ |
| २२ | बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ |
| २३ | असल अभ्यासको अवलोकन भ्रमण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २४ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह परिचालन गर्ने | पटक | 0 | १ | `१ | १ | १ | ५ |
| २५ | उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २६ | सवै तहका शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | ० | १ | 1 | १ | 1 | ४ |

### ४.२.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर बितरण र समायोजन) | १०० | ० | १०० | ० | १०० | ३०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विजयन र अंग्रेजी बिषयको बिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | ४० | ५० | ६० | ७० | ८० | ३०० |
| शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | १३० | १७० | २५५ | ३४० | ४३० | १३२५ |
| सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशि १० दिने प्रशिक्षण तालिम (TOT) | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | ४८० | ३०० | ० | २५२ | ० | १०३२ |
| सबै बिद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | ३५ | ३५ | ४५ | ४५ | ० | १६० |
| बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | ३ | ३ | ३ | ९ | ९ | २७ |
| शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने | ५१६ | ५१६ | ५१६ | ५१६ | ५१६ | २५८० |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ९० | ९० | ९० | ९० | ९० | ४५० |
| आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | २४० | २४० | २४० | २४० | २४० | १२०० |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | १०२० | १०२० | १०२० | १०२० | १०२० | ५१०० |
| नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ बर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | ४८० | ४८० | ४८० | ४८० | ४८० | २४०० |
| आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्व विकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | १५०५ | १५०५ | १५०५ | १५०५ | १५०५ | ७५२५ |
| शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | १२० | १२० | १२० | १२० | १२० | ६०० |
| पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु: | | | | | | |
| असल अभ्यासको अवलोकन भ्रमण गर्ने | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह परिचालन गर्ने | ० | २० | ० | ० | २० | ४० |
| उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन | ० | ७५ | ७५ | ७५ | ७५ | ३०० |
| सवै तहका शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | ० | ५० | ० | ० | ० | ५० |
| **शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट (हजारमा)** | **६४०९** | **६३२४** | **६१५९** | **६४१२** | **६३३५** | **३१६३९** |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

विभेद र बञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । यो आफैंमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । गढवा गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा मधेशी, ब्राह्मण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ। विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसंख्या यस गाउँपालिकामा बढी छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठीन रहेको छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ ।

### ४.३.१ वर्तमान अवस्था

गढ़वा गाउँपालिकामा २८ सामुदायिक विद्यालय र १३ संस्थागत विद्यालय मदरसा ५ गरी ३६ विद्यालयहरू सञ्चालनमा छन् । त्यसैगरी ४२ वटा बालविकास केन्द्रहरू रहेका छन् । EMIS रिपोर्ट २०८१ अनुसार बिद्यालय मा अध्ययनरत बिद्यार्थी हरु मध्ये कक्षा १ देखि १२ सम्म जम्मा ३९ जना अपाङ्गता भएका बालबालिकाहरु भर्ना भएको देखिन्छ । अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने कानुनी ब्यवस्था गरिएको छ । जातीयताको हिसावले दलित तथा जनजाति समेतलाई पछाडि परेको बर्गको रुपमा लिइन्छ । यस गाउँपालिकामा कक्षा १ देखि १२ सम्म विद्यार्थी कुल भर्नामा दलितको संख्या १०४३ रहेको छ भने जनजातिको संख्या ६२६८ रहेको छ । समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू, अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूलप्रवाहीकरणमा ल्याउन अझैपनि सकिएको अवस्था छैन ।

### ४.३.२ उद्देश्य

स्थानीय स्तरका कमजोर वर्ग तथा विविधता भएका बालबालिकाहरुको शिक्षामा सहभागिता सुनिश्चित गरी शिक्षामा समावेशिता कायम गर्न यस योजनाले देहाय बमोजिमका उद्देश्यहरु कायम गरिएका छन् ।

**उद्देश्यहरुः**

यस योजनाले शिक्षामा कमजोर वर्गको पहुँच र समावेशीकरणका उद्देश्यहरु निम्न बमोजिम रहेका छन्

१. आर्थिक, सामाजिक तथा साँस्कृतिक कारणले पछि परेका व्यक्तिहरुलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरु अवलम्बन गर्नु।
२. अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराउनु।
३. अपाङ्गता भएका बालबालिकाहरुको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवम् विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्नु।
४. एक अर्काको धर्म, संस्कृति, परम्परा, सम्प्रदाय, लिङ्ग, रंग, जातजाति लगायतका विविधताका सम्पूर्ण पक्षहरुको सम्मान गर्दै एउटै प्लेटफर्ममा सँगै सिकाइ गर्ने अवसर सिर्जना गर्नु

### ४.३.३ रणनीति

यस योजनाले गढवा गाउँपालिकामा बसोबास गरेका र शिक्षामा कमजोर वर्गको पहुँच विस्तार तथा समावेशीकरणलाई यथार्थमा लागू र सफल पार्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछः

१. जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरुको सिकाइ आवश्यकता सम्बोधन गरिनुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गरी उचित शैक्षिक अवसरको सिर्जना गर्ने।
२. गढवा गाउँपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिकरुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई स्थानीय राजनीतिक दल, स्थानीय बुद्धिजिवी, समाजसेवी, गाउँपालिका तथा गैह्रसरकारी निकायहरुको साझेदारीमा सञ्चालन गर्ने
३. आर्थिकरुपले विपन्न, असहाय र अपाङ्ग बालबालिकाहरुलाई विपन्न लक्षित छात्रवृत्ति, स्वास्थ्य केन्द्रमा प्राथमिकता दिने।
४. शिक्षण संस्थाहरुमा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री पूर्वाधारको निर्माण गर्ने कार्यलाई प्राथमिकता दिने।
५. स्थानीय पाठ्यक्रममार्फत र अन्य विद्यालयीय क्रियाकलापमार्फत विविधताको सम्मान गर्न सिकाउने पठन सामग्री र अवसर सिर्जना गर्ने
६. सबै किसिमका बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने।
७. असहाय, अपाङ्ग, सडक बालबालिका, द्वन्द्वपीडित, घाइते एवम् महामारिका कारण मृत्यु भएका अभिभावकाका बालबालिकाहरुका लागि विशेष सुविधा तथा अवसर प्रदान गर्ने।
८. गाउँपालिकामा अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गरी विशेष विद्यालय सञ्चालन गर्ने।
९. विशेष/समावेशी शिक्षाको पाठ्यक्रमको विकास गरी क्रमशः कार्यान्वयन गर्ने।
१०. असहाय, अनाथ, सुस्तमनस्थिति भएका बालबालिकालाई मनोपरामर्श दाता तथा विज्ञहरुबाट आवश्यकतानुसार सहजीकरण हुन सक्ने आवश्यक संयन्त्र निर्माण गर्ने।

### ४.३.५ उपलब्धी, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१. समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने | १ | १ | १ | १ | १ | १ |
| २ | लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एव प्रोत्साहन प्राप्त गरेको बिद्यालय संख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ३ | विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने बिद्यालय संख्या | ० | ५ | ५ | ५ | `१० | १५ |

## ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८० /८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा |
| १ | स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान | सङ्ख्या | 6360 | 6570 | 6588 | 6603 | 6777 | ३२८९८ |
| १ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष बिद्यालय निर्माण | विद्यालय | ० | ० | ० | ० | १ | १ |
| २ | श्रवण/बहिरा, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा | सङ्ख्या | ० | ० | ० | ० | १ | १ |
| ३ | बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष | सङ्ख्या | ० | ० | ० | ० | १ | १ |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा |
| | बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण | | | | | | | |
| ४ | बालबालिका तथा समाहित शिक्षा संजाल गठन तथा बिबिध कार्यक्रम संचलान | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ |
| ५ | अपाङ्गता तथा समावेशि शिक्षा सम्बन्धी अभिभावक सचेतना विकास कार्यम्रम सञ्चालन | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ |
| ६ | विद्यालयमा बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम सञ्चालन | पटक | ० | ३ | ३ | ३ | ३ | १२ |
| ७ | सिकाइ सिमीतता भएका बालबालिकाहरूका लागि शैक्षिक सहयोग कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ |
| ८ | प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | 1 | ४ |
| ९ | अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्रीको व्यवस्था | बिद्यार्थी | ० | १० | १० | १० | १० | ४० |
| १० | स्रोत कक्षा सञ्चालित विद्यालयको सिकाइ वातावरण सुधार कार्यक्रम | पटक | ० | ० | ० | १ | १ | २ |

### ४.३.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न बजेट अनुदान | ९५ | ९९ | ९९ | ९९ | १०२ | ४९४ |
| बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष बिद्यालय निर्माणका लागि बजेट अनुदान | ० | ० | ० | ० | २,००० | २००० |
| श्रवण/बहिरा, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा सहित भएका बिद्यालयहरुलाई बजेट अनुदान | ० | ० | ० | ० | २०० | २०० |
| बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण बापतको बजेट | ० | ० | ० | ० | २०० | २०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अनुदान | | | | | | |
| बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन र व्यवस्थापन बापतको बजेट अनुदान | ० | ० | ३०० | ३०० | ३०० | ९०० |
| पालिकाहरुकालाई बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरणका लागि बजेट अनुदान | ० | ० | ० | ३०० | ३०० | ६०० |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | |
| बालबालिका तथा समाहित शिक्षा संजाल गठन तथा बिबिध कार्यक्रम संचलान | ० | २०० | २०० | २०० | २०० | ८०० |
| अपाङ्गता तथा समावेशि शिक्षा सम्बन्धी अभिभावक सचेतना विकास कार्यम्रम सञ्चालन | ० | २५० | २५० | २५० | २५० | १००० |
| विद्यालयमा बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम सञ्चालन | ० | ० | ० | १०० | १०० | २०० |
| सिकाइ सिमीतता भएका बालबालिकाहरूका लागि शैक्षिक सहयोग कार्यक्रम | ० | १०० | १०० | १०० | १०० | ४०० |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | ० | ५० | ५० | ५० | ५० | २०० |
| अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्रीको व्यवस्था | ० | ५० | ५० | ५० | ५० | २०० |
| स्रोत कक्षा सञ्चालित विद्यालयको सिकाइ वातावरण सुधार कार्यक्रम | ० | ० | १०० | १०० | १०० | ३०० |
| **समाहित शिक्षा कार्यक्रमको जम्मा बजेट (हजारमा)** | **९५** | **७४९** | **११४९** | **१५४९** | **३९५२** | **७४९४** |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम प्याकेज अन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रुपमा जुकाको औषधि वितरण तथा आवश्यकता अनुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६ देखि १२ का बालिकाहरुलाई आइरन चक्की छात्राहरूका लागि सेनिटरी प्याड छात्र र छात्राका लागि अलगअलग शौचालय व्यवस्थापन समितिको सक्षमतामा सुधार तथा पोषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूको परिचालन गर्नुपर्ने रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य पोषण सरसफाई तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन । विद्यालय शिक्षा क्षेत्र योजना र १६ औँ आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाई सुधार गर्नका लागि जुका नियन्त्रण सूक्ष्मपोषक तत्त्व पुराण तथा दृष्टि एवं श्रावणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने रणनीतिहरू प्रस्ताव गरिएका छन्। यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरूबाट स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने हुँदा कार्यक्रमको नतिजामा एकरुपता नदेखिने सम्भावना पनि रहेको छ। विशेषत विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ ।

विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने खानेपानी सरसफाई तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी विद्यार्थी संख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता सन्दर्भमा प्याड व्यवस्थापन व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्छा घर सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन् । उल्लेखित सुविधा तथा सेवा बाहेक बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ। स्वच्छता प्रवर्धन र दिगोपनका लागि विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ को पुनरावलोकन गरी तदनुकुलको संस्थागत व्यवस्था गर्न आवश्यक छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयनको स्थितिका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ। तर कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ। वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिँदैन।

### ४.४.२ वर्तमान अवस्था :

गढ्वा गाउँपालिकामा वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण आइरनचकी र फोलिक एसिड वितरण प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरुमा गाउँपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरु एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधि तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेको छ। सरसफाई तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन। दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहुमेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन । यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन्। दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन कम हुने गरेको छ । प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन । यद्यपि विद्यालयमा रहेका बाल क्लबले सरसफाई प्रवर्धनका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेका छन्। विद्यालयका भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी तथा वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग गर्ने अधिकांश शौचालयहरू दुर्गन्धित छन् । गढवा गाउँपालिकाको सवालमा बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ।

यस पालिकाका बिद्यालयको स्वास्थ्य तथा पोषण सम्बन्धि बिवरण

| क्र.स. | विद्यालयको नाम | प्राथमिक उपचार बक्स तथा | प्राथमिक उपचार सहायता/सु | नर्सको व्यवस्था | जुकाको औषधी वितरण | आइरन चक्की वितरण | सेनेटरी प्याडको व्यवस्था | सेनेटरी डिस्पोजल पिट | विद्यार्थीहरुको बर्षमा २ पटक | विद्यालय स्वस्थ्य तथा पोषण | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | औषधी भएको | विधा | | भएको | भएको | भएको | | स्वास्थ्य जाँच गरेको | फोकल शिक्षक | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनमुखी माध्यमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छ | |
| २ | श्री जनता माध्यमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छ | |
| ३ | श्री आधारभूत विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छ | |
| ४ | श्री आदर्श प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छ | |
| ५ | श्री गणेश प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छैन | छ | छ | |
| ६ | श्री नमुना प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| ७ | श्री रात्री प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| ८ | श्री माध्यमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| ९ | श्री सरस्वती माध्यमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| १० | श्री सरस्वती प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छ | |
| ११ | श्री रत्न प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छ | |
| १२ | श्री आदर्श रात्री आधारभूत विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छ | |
| १३ | श्री दिपेन्द्र होमजुन | छैन | छैन | छैन | | | | छैन | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक विद्यालय | | | | | | | | | | |
| १४ | श्री कालिका प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छ | |
| १५ | श्री माध्यमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छ | |
| १६ | श्री नमुना आधारभूत विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| १७ | श्री प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| १८ | श्री बालबृद्धी प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| १९ | श्री बालकल्याण आधारभूत विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| २० | श्री दुर्गा आधारभूत विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| २१ | श्री मदरसा जियाउल तौहिद श्री सर्वोदय प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| २२ | श्री सरस्वती आधारभूत विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| २३ | श्री जनता माध्यमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| २४ | श्री ज्ञानज्योति प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| २५ | श्री दुर्गा प्राथमिक | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय | | | | | | | | | |
| २६ | श्री महेन्द्र आधारभूत विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| २७ | श्री उदय प्राथमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| २८ | श्री जनमुखी माध्यमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| २९ | श्री जनता माध्यमिक विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| ३० | श्री आधारभूत विद्यालय | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छ | |

**समस्या तथा चुनौतीहरू**

१. दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका लागि मितब्ययी, प्रभावकारी, दिगो र पर्याप्त व्यवस्थापन नहुनु
२. स्थानीय क्षमता सुदृढीकरण तथा सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न नसकिनु।
३. दिवा खाजाका लागि अत्यन्त न्यून रकमको उपलब्धता, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध नहुनु।
४. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्न नसकिनु।
५. विद्यालय खाजा व्यवस्थापनका लागि मानव स्रोतको व्यवस्था गर्न नसकिनु।
६. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसक्नु।
७. विद्यालय स्वास्थ्य र पोषणका कार्यक्रमलाई प्रभावकारी रुपमा अनुगमन गर्ने र समयबद्ध मूल्याङ्कन पद्धतिको विकास गर्न नसक्नु
८. विद्यालय खाजा विद्यालय स्वास्थ्य पोषण तथा सफाई तथा स्वच्छता सम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन नसकिनु।
९. विद्यालय पोषण स्वास्थ्य तथा सरसफाईलाई कार्यान्वयनका लागि गाउँपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय प्रभावकारी नहुनु।
१०. खोप, अइरन चक्की फोलिक एसिडको प्रयोगमा मुस्लिम समुदायका सबै छात्राहरूलाइ समावेश गर्न नसकिनु।

### ४.४.३ उद्देश्यहरू :

यस योजनाले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसम्बन्धी देहाय बमोजिमका उद्देश्यहरु राखेको छः

१. प्रत्येक विद्यालयमा बालबबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु,
३. विद्यालयमा प्राथमिक उपचार, न्यूनतम स्वास्थ्य तथा सरसफाइका सामग्रीहरुको उपलब्धता र प्रयोग सुनिश्चित गर्नु,
४. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुका स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु,
५. बालबालिकाको स्वास्थ्य र सरसफाइसम्बन्धमा अभिभावकको चेतना र सहभागिता बढाई सिकाइ उपलब्धी सुधार गर्नु,

६. किशोरीहरुको स्वास्थ्य संवेदनशिलताअनुरुपका संरचनाहरुमा वृद्धि गर्नु

### ४.४.४ रणनीतिहरू

यस योजनाले विद्यालय पोषण, दिवा खाजा, सरसफाइ तथा स्वास्थ्य कार्यक्रमसम्बन्धी तय गरेको उद्देश्यहरु प्राप्त गर्न देहाय बमोजिमका रणनीतिहरु तय गरिएका छन्।

१. विद्यालयमा दिवा खाजा व्यवस्थापकको व्यवस्था गर्ने ।
२. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।
३. विद्यालयहरुमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्म पोषक तत्त्व प्रदायक ट्यावलेट, भिटामिन ए र आइरन फोलिक एसिड आदिको वितरण र किशोरीहरुको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणललाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
४. विपदको बेलामा र विपदपश्चात हुन सक्ने जोखिम पहिचान गरी विपत् व्यवस्थापन शाखाको समन्वयमा विद्यालयहरुमा योजना बनाउन लगाई पूर्व अभ्यास र पूर्व तयारी गर्न लगाउने ।
५. पालिकाबाट रकम थप गरी थप गुणस्तरयुक्त दिवा खाजाको उपलब्धता सुनिश्चित गर्ने ।
६. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयारीको लागि चाहिने भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरु तथा समूहमा हात धुने लगायतका सुविधाहरु विस्तार गर्ने ।
७. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित कृषि उत्पादनलाई प्रोत्साहन गर्ने गरी खाद्य टोकरी निर्माण र यस टोकरीको आधारमा सामाजिकरुपले स्वीकार्य र सांस्कृतिक, बालबालिकाको रुचिसमेतलाई ध्यानमा राखी गुणस्तरीय तथा पोषिलो खाजा मेनु तयार गर्नको लागि आवश्यक प्रविधिको विकास तथा यस प्रविधिलाई सञ्चालन गर्न सबै विद्यालयहरुको क्षमता अभिवृद्धि गर्ने ।
८. स्वास्थ्यसम्बन्धी अभिभावक सचेतनाका लागि स्वास्थ्य शाखा तथा अन्य संघसस्थाहरुको सेमतको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ४.४.५ उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| २ | सबै विद्यालयले गुणस्तरिय तथा स्थानिय उत्पादनलाइ प्रोत्साहन गर्ने दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी कार्यान्वयन गरेका हुनेछन। | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ |

### ४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार एवम् थप भाँडावर्तनको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | दिवा खाजा व्यवस्थापक | पटक | १ | ० | ० | ० | ० | १ |
| ४ | दिवा खाजाको मेनु सुधार र खाजा टोकरी निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | बिद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ |
| ७ | किशोरी महिनावारी स्वच्छता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

### ४.४.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | |
| दिवा खाजाका लागि भान्सा तथा भण्डार एवम् थप भाँडावर्तनको प्रबन्ध | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| दिवा खाजा व्यवस्थापक | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| दिवा खाजाको मेनु सुधार र खाजा टोकरी निर्माण | ५० | ५० | ५० | ५० | ५० | २५० |
| विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| किशोरी महिनावारी स्वच्छता कार्यक्रम | ५० | ५० | ५० | ५० | ५० | २५० |
| बिद्यालय प्लाष्टिक मुक्त तथा बजारी खाजा मुक्त बिद्यालय कार्यक्रम | ० | ५० | ५० | ५० | ५० | २०० |
| अभिभावक सचेतना कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| **बिद्यालय स्वास्थ्य पोषण कार्यक्रमको जम्मा बजेट(हजारमा)** | ६०० | ६५० | ६५० | ६५० | ६५० | ३२०० |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

नेपालमा विद्यालय सुरक्षा एक महत्वपूर्ण मुद्दा हो, जसको प्रमुख उद्देश्य विद्यार्थीहरूलाई सुरक्षित वातावरणमा शिक्षित गर्नु हो । विद्यालय सुरक्षाका लागि सरकार, शैक्षिक संस्थाहरू, र स्थानीय समुदायले मिलेर काम गर्न अति आवश्यक छ । यसमा भवनको सुरक्षा, आपतकालीन योजनाहरू, र विद्यार्थीहरूको भौतिक र मानसिक सुरक्षाहरू पर्दछन । नेपालमा प्रकाेप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अवस्थालाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रम समावेश हुँदै आए पनि प्रभावकारी देखिएको छैन विशेषत लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेको प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका कारणले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी विद्यालय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८८ सम्म ले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समेत समावेश गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाई वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवं कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपत् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिइ विपदको पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी विद्यालयमा हुन सक्ने हिंसा असुरक्षा भय त्रास गाली बेइज्जती विभेद लगायतका गैर संरचनात्मक विपद तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका

सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री छात्रामैत्री अपाङ्गता मैत्री तथा सुरक्षित हिंसारहित र भयरहित सिकाई केन्द्रको रुपमा विकास गर्ने उल्लेख छ ।

विद्यालय सुरक्षा, विपत न्यूनीकरण र उत्थानशीलता अन्तर्गत मूलत तीन प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ । जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी युद्ध द्वन्द विस्थापन र बसाईसराई का कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई कम गर्न विद्यालय सुरक्षा विपत न्यूनीकरण उत्थानशील योजनाहरु कार्यान्वयन गर्नुपर्ने अवस्था छ । यसका साथै अपतकालिन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षती न्यूनिकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ अपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा ल्याएको छ । जसले जोखिमको अवस्थामा पनि अधिकार समावेशीकरण समता र न्याय र पहुँचलाई अभिवृद्धि गर्न सहयोग पुऱ्याउँदछ ।

### ४.५.२ वर्तमान अवस्था

गढवा गाउँपालिकामा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ यद्यपी विद्यालय भौतिक संरचनाहरू पुराना पनि रहेका छन । भूकम्प प्रतिरोधक संरचना निर्माण भएपनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता, र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन । विद्यालयमा विपद सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति, र विद्यार्थीहरूको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न सकिएको छैन । गढवा गाउँपालिकामा धेरै विद्यालयहरू बाढी आगलागी चट्याङ जस्ता प्रकोपको जोखिममा छन् । र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । २०७२ सालको भूकम्पबाट पनि थुप्रै विद्यालयहरूमा क्षति पुग्यो । कोभिड १९ का कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । गढवा गाउँपालिकाको उत्थानशील योजनामा संरक्षण तथा शिक्षा विषयगत क्षेत्रले विपदको समयमा किशोरी गर्भवती महिला सुत्केरी अपाङ्गता भएका व्यक्ति शिशु बालबालिका वृद्धवृद्धाहरुलाई संरक्षण गर्ने, विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्व तयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाइको निरन्तरताका लागि उपयुक्त ठाउँको पहिचान गरी

आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाइको वातावरण तयार गरी शैक्षिक गतिविधिहरुलाई निरन्तरता दिने, संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनस्थापन र पुननिर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत स्वास्थ्य संकट एवं विपद सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने उद्देश्य राखेको छ। विद्यालयहरूको आपतकालीन योजनाहरू तयार निर्माण भएका छैनन जसले गर्दा विपद् व्यवस्थापन, तत्काल उद्धार योजना, र विद्यार्थी र कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्ने उपायहरू अवलम्बन हुन सकेका छैनन । विपद् व्यवस्थापनको लागि विद्यालयका शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम दिनु, र विद्यार्थीहरूलाई विपद् प्रतिरोधक उपायहरूको बारेमा जनचेतना जगाउनु आवश्यक छ। विद्यालयको उत्थानशीलता भनेको विद्यालयको क्षमता, resilience, र दीर्धकालीन विकास सुनिश्चित गर्नका लागि अपनाइने उपायहरू भएपनि यसमा शैक्षिक सुधार, समुदायको संलग्नता, र संरचनात्मक सुधारहरूको प्रयास भएको छैन ।

गढवा गाउँपालिकामा कोभिड-१९ जस्तो विपदको समयमा शिक्षाका लागि विभिन्न बैकल्पिक प्रयासहरू गरिएका छन् । यीमध्ये केहि प्रमुख प्रयासहरू निम्नलिखित छन्:

१. अनलाइन कक्षाहरू: विद्यालयहरूले अनलाइन प्लेटफर्ममार्फत कक्षाहरू सञ्चालन गरेका छन्। यसमा भिडियो कन्फरेन्सिंग एप्स, जस्तै जूम र गुगल मिटको प्रयोग गरिएको छ ।
२. टेलिभिजन र रेडियो कार्यक्रम: शिक्षण सामग्रीको पहुँच सुनिश्चित गर्न टेलिभिजन र रेडियोबाट प्रशारण हुने शैक्षिक विशेष कार्यक्रमहरूमा विद्यार्थी सहभागी भएका छन ।
३. सामग्री वितरण: विद्यार्थीहरूलाई आवश्यक अध्ययन सामग्रीको वितरण गरिएको छ, जसमा किताब, कार्यपत्र, र अन्य शैक्षिक सामग्री समावेश छन् ।
४. सामुदायिक शिक्षण केन्द्र: स्थानीय समुदायमा शिक्षण केन्द्रहरूको स्थापना गरिएको छ, जहाँ शिक्षकहरूले विद्यार्थीहरूलाई व्यक्तिगत रुपमा सहयोग गर्ने प्रयास गरेका छन्।
५. मास्क र स्वास्थ्य शिक्षा: विद्यार्थीहरूको स्वास्थ्य र सुरक्षाको लागि मास्क वितरण गरिएको र स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको आयोजना गरिएको छ ।
६. अभिभावकको संलग्नता: अभिभावकलाई पनि शिक्षामा संलग्न गराउने विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको छ, जसले उनीहरूलाई घरमै विद्यार्थीहरूको अध्ययनमा सहयोग पुऱ्याउन मद्दत पुर्याएको छ ।

यी प्रयासहरूले शिक्षा प्रणालीलाई निरन्तरता दिन र विद्यार्थीहरूको शिक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### ४.५.३ लक्ष्य

आपतकालीन र संकटपूर्ण अवस्थामा शैक्षिक क्षति हटाउन समुदायलाई प्रत्यक्ष परिचालन गर्न विपद प्रतिकार्य योजना निर्माण गरी संकटपूर्ण अवस्थमा शिक्षाको लागि उचित वातावरण निर्माण गर्ने ।

### ४.५.४ उद्धेश्यहरु

१. संकटको सम्भावित जोखिम कम गर्न विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी पुर्व सावधानी अपनाई सम्भावित शैक्षिक क्षति न्युनीकरण गर्नु ।
२. विपद् प्रतिकार्य योजना बनाई लागु गर्नु ।
३. बिपद तथा संकटपुर्ण अवस्थामा पनि बालवालिकाको शिक्षाको लागि वातावरण तयार गर्नु ।

### ४.५.५ रणनीति

१. विपदबाट जोगिनका लागि विद्यार्थीहरुमा जनचेतना कार्यक्रम कार्यान्वयन गरिने छ ।
२. विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाई क्रियाकलाप अगाडी बढाईनेछ ।

३. खतरा पहिचान तथा जोखिम क्षेत्रको नक्सांकन गरिने छ । बिपद व्यवस्थापनका लागि प्रत्येक वडामा आपतकालीन संयन्त्रको निर्माण गरिने छ ।

४. प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

५. प्रत्येक विद्यालयमा आपतकालीन कोषको निर्माण गरिने छ ।

६. जनशक्तिव्यवस्थापन तालिम,गोष्ठीको व्यवस्था गरिने छ ।

७. उद्धार र राहत व्यवस्थापनका लागि आवश्यक काम गरिने छ ।

८. शैक्षिक क्षतिको मुल्यांकन गरिने छ ।

### ४.५.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ।

२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।

३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ |
| २ | हरित विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ |

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य बर्ष ५)) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/ ८२ | २०८२/८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | जम्मा |
| १ | शिक्षक तथा वि.व्य.स.को लागि विपद व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| २ | गाउँपालिका आपतकालीन शिक्षण योजना निर्माण र कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ३ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य बर्ष ५)) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| | परिचालन | | | | | | | |
| ४ | स्वास्थ्य सुविधासहितको स्वास्थ्य शिक्षिका/कार्यकर्ताको व्यवस्था | शिक्षक | १ | १ | १ | १ | १ | ५ |
| ५ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | विपद व्यवस्थापन कोष स्थापना तथा बजेट बिनियोजन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | विपद व्यवस्थापन सम्बन्धि बि व्य स , प्र अ , तथा शिक्षक हरु को क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | प्रत्येक बिध्यालय मा बृहत बिद्यालय सुरक्षा का न्युनतम प्याकेज कार्यन्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | विपत् प्रतिकार्य योजना निर्माण | पटक | ० | १ | 0 | 0 | 0 | १ |

### ४.५.६ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| शिक्षक तथा वि.व्य.स.को लागि विपद व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम | २०० | २०० | २०० | २०० | २०० | १००० |
| गाउँपालिका आपतकालीन शिक्षण योजना निर्माण र कार्यान्वयन | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| स्वास्थ्य सुविधासहितको स्वास्थ्य शिक्षिका/कार्यकर्ताको व्यवस्था | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन | १५० | १५० | ० | १५० | ० | ४५० |
| विपद व्यवस्थापन कोष स्थापना तथा बजेट बिनियोजन | २०० | २०० | २०० | २०० | 200 | 1000 |
| विपद व्यवस्थापन सम्बन्धि बि व्य स , प्र अ , तथा शिक्षक हरु को क्षमता अभिवृद्धि | 0 | 150 | 150 | 150 | 150 | 600 |
| प्रत्येक बिध्यालय मा बृहत बिद्यालय सुरक्षा का न्युनतम प्याकेज कार्यन्वयन | 0 | २०० | २०० | २०० | 200 | 800 |
| विपत् प्रतिकार्य योजना निर्माण | ० | १५० | ० | ० | ० | १५० |
| **विपद व्यवस्थापन तथा न्यूनीकरण कार्यक्रमको जम्मा बजेट(हजारमा)** | **११५०** | **१६५०** | **१३५०** | **१५००** | **१३५०** | **७०००** |

## ४.६ विद्यालय भौतिक पुर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिकालाई शिक्षा दिने र नैतिकता सिकाउने थलो हो- विद्यालय । तर, तिनै विद्यालयहरूको भौतिक संरचना कमजोर हुँदा पठनपाठन मात्र प्रभावित हुने गरेको छैन, शिक्षक र विद्यार्थीमा त्राससमेत हुने गरेको छ । कमजोर भौतिक संरचनाकै कारण भूकम्पलगायतका विपत्ति आउँदा क्षतिसमेत धेरै हुने गरेको छ । सरकारले देशभरका करिब १५ हजार विद्यालयका भवन कमजोर रहेको तथ्यांक नै सङ्कलन गरेको छ । शिक्षा मन्त्रालयले सामुदायिक विद्यालयका पूर्वाधारमा एकरूपता कायम गर्न र शिक्षण सिकाई मैत्री बनाउन पहिलो पटक विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड जारी गरेको छ । विज्ञहरूले भने भूकम्प प्रतिरोधी विद्यालय भवन बनाउन जोड दिएका छन् । शिक्षा मन्त्रालयका अनुसार देशभर २८ हजार सामुदायिक विद्यालयको कक्षा १ देखि १० सम्म करिब ५५ लाख विद्यार्थी पढ्छन् । तर यी सबै विद्यालयका भवन सुविधा सम्पन्न र भूकम्प प्रतिरोधी छैनन् । कतिपय विद्यालय त जीर्ण भवन र टहरामा सञ्चालित छन् । यस्तो अवस्था अन्त्य गरी विद्यालय भवनका संरचनामा एकरूपता कायम गर्न शिक्षा मन्त्रालयले विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नै जारी गरेको छ । मापदण्डमा विद्यालयको कक्षाकोठाको आकार प्रतिविद्यार्थी न्यूनतम १ वर्ग मिटरको हुनुपर्ने र कक्षाकोठाको साइज ६० वर्ग मिटरभन्दा ठूलो बनाउन नपाइने उल्लेख छ । भौतिक संरचनालाई शिक्षण सिकाई मैत्री बनाउन राष्ट्रिय मापदण्ड बनाइएको हो ।

देशभरका २८ हजार सामुदायिक विद्यालयमध्ये करिब १० हजार पुरानो र कमजोर अवस्थामा छन् । विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नहुँदा स्थानीय तहले आफूखुशी निर्माण, पुनर्निर्माण र मर्मत सम्भार गर्नै आएका छन् । शिक्षा मन्त्रालयले नै मापदण्ड बनाइसकेपछि अब कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने विद्यालय भवन निर्माणका लागि १५ सय ३० वर्ग मिटर, कक्षा १ देखि ८ सम्मका लागि २५ सय ४५ र माध्यमिक तह १ देखि १० कक्षासम्मका लागि ३३ सय १० वर्गमिटर जग्गा हुनुपर्ने छ । त्यसैगरी कक्षा १ देखि १२ सम्म अध्ययन गराउन विद्यालयका लागि ४ हजार ७२ वर्गमिटर जग्गा अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । त्यसैगरी विद्यालय भवन बनाउँदा ६० प्रतिशत जमिन खाली छाड्नुपर्ने छ । त्यसैगरी कक्षाकोठासँगै खानेपानी, शौचालय, शिक्षक प्रशासनिक कार्यकक्ष, खेल मैदान, पुस्तकालय, भान्सा तथा खाजाघर, मनोरञ्जन कक्ष, बैठक कक्ष, पोसाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाले विद्यार्थीको शिक्षण सिकाइमा समेत सकारात्मक परिवर्तन आउने शिक्षक तथा अभिभावकको बुझाई छ । सरकारले विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड बनाउँदा भूकम्प प्रतिरोधी भवन बनाउनुपर्ने भनेको छ । नेपाल भूकम्पीय जोखिम क्षेत्रमा पर्ने भएकाले यस्तो मापदण्डलाई विज्ञहरूले पनि सकारात्मक भनेका छन् ।

बिद्यालय को भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन पालिकाको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख भएको छ । विद्यालय भौतिक संरचनाको दिगोपनाको लागि सरकारी तथा गैर सरकारी संघसंस्थाको सहयोगमा निर्माण भएका सामुदायिक विद्यालयहरुको विद्यालय परिवार, स्थानीय समुदाय, नागरिक समाजका साथै विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाको सहभागितामा मर्मत सम्भारका कार्यहरु अगाडि बढाउन सहयोग प्राप्त भएको छ |

### ४.६.२ बर्तमान अवस्था

गढवा गाउँपालिकाको विद्यालय भौतिक पूर्वाधार विकासको अवस्था मिश्रित देखिन्छ। केही विद्यालयहरूमा नयाँ भवन, खानेपानी, र शौचालय सुविधा उपलब्ध भए पनि सबै विद्यालयमा मापदण्डअनुसारका पूर्वाधार पुग्न बाँकी छन्। शहरी क्षेत्रका विद्यालयमा तुलनात्मक रूपमा राम्रो अवस्थाका भवन तथा आवश्यक सुविधा छन् भने ग्रामीण क्षेत्रमा स्रोतको अभाव, सामग्रीको कठिन पहुँच, र प्राविधिक जनशक्ति कम भएकोले मापदण्डअनुसारको पूर्वाधार निर्माणमा चुनौती छन्। स्थानीय सरकार र साझेदार संस्थाको सहयोगमा केही सुधार भएका छन्, तर सबै विद्यालयलाई सुरक्षित र गुणस्तरीय पूर्वाधारमा लैजान थप प्रयास आवश्यक छ।

**गढवा गाउँपालिकाको विद्यालयमा उपलब्ध भौतिक सुविधा:**

| क्र.स. | विद्यालयको नाम | भवन किसिम | जम्मा | छापामय | पढाइ | पुस्तकालय | विज्ञान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

| | | | | कक्षाकोठा | | वातावरण | कुना | | प्रयोगशाला | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | |
| १ | आदर्श आधारभूत बिद्यालय, बडहरा | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| २ | आदर्श रात्री आधारभूत बिद्यालय , गोबरडिहा | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| ३ | श्री आधारभुत बिद्यालय , बन्घुस्री | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| ४ | बाल बुद्धि आधारभूत बिद्यालय , खबरिखुट्टी | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| ५ | दिपेन्द्र होम जुन मा बि , पर्सेनी | छ | छैन | १९ | छैन | छ | छ | छ | छ | |
| ६ | दुर्गा आधारभूत बिद्यालय , मनिकापुर | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| ७ | दुर्गा आधारभूत बिद्यालय , खबरिनाका | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| ८ | गणेश आधारभूत बिद्यालय , चिमचिमे | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| ९ | ज्ञान ज्योति आधारभूत बिद्यालय , मानपुर | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| १० | जनमुखी मा बि , रंगसिङ | छ | छैन | १९ | छैन | छ | छ | छ | छ | |
| ११ | जनता मा बि , गढवा | छ | छैन | १९ | छैन | छ | छ | छ | छ | |
| १२ | जनता मा बि , कालाकाटे | छ | छैन | १९ | छैन | छ | छ | छ | छ | |
| १३ | कालिका आधारभूत बिद्यालय , पर्सेनी | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| १४ | श्री मा बि , चैनपुर | छ | छैन | १९ | छैन | छ | छ | छ | छ | |
| १५ | महेन्द्र आधारभूत बिद्यालय, कोईलाबास | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| १६ | नमुना आधारभूत बिद्यालय,महादेवा | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| १७ | आधारभूत बिद्यालय , खजरौटा | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| १८ | रत्न आधारभूत बिध्यालय , रतनपुर | | | | | | | | | |
| १९ | रात्री आधारभूत बिद्यालय ,पचाहिया | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| २० | सरस्वति आधारभूत बिद्यालय , चन्दनपुर | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| २१ | सरस्वती आधारभूत बिद्यालय , सुपैला | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| २२ | सरस्वती मा बि, बिध्यानगर | छ | छैन | १९ | छैन | छ | छ | छ | छ | |
| २३ | सर्वोदय आधारभूत बिद्यालय गढवा | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| २४ | श्री आधारभूत बिद्यालय , कक्रहवा | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | बालकल्याण आधारभूत बिद्यालय , बालाखुटि | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| २६ | श्री मा बि ,पचहिया | छ | छैन | १९ | छैन | छ | छ | छ | छ | |
| २७ | उदय आधारभूत बिद्यालय , मुसिनाका | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |
| २८ | जियाउल तौहिद मदरसा आधारभूत बिद्यालय , रामपुर | छ | छैन | १२ | छैन | छ | छ | छैन | छैन | |

बिद्यालय वातावरण, पिउनेपानी तथा सरसफाई:

| क्र.स. | विद्यालयको नाम | पर्खाल घेरावर | | | | शौचालय | | | | | पिउने पानीको व्यवस्था | | | खेलकूद मैदान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | तारबार | स्थानीय सामग्रीले बारेको | छात्रा | छात्र | महिला शिक्षक | पुरुष शिक्षक | पानीको सुविधा | धारा | इनार तथा ट्युबवेल | अन्य | | |
| १ | आदर्श आधारभूत बिद्यालय, बडहरा | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | ० | १ | ० | १ | |
| २ | आदर्श रात्री आधारभूत बिद्यालय , गोबरडिहा | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ३ | श्री आधारभुत बिद्यालय , बन्धुस्री | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ४ | बाल बुद्धि आधारभूत बिद्यालय , खबरिखुट्टी | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ५ | दिपेन्द्र होम जुन मा बि , पर्सेनी | ० | ० | १ | ० | १ | १ | ० | ० | १ | १ | ० | ० | १ | |
| ६ | दुर्गा आधारभूत बिद्यालय , मनिकापुर | १ | ० | ० | ० | १ | १ | ० | ० | १ | १ | ० | ० | १ | |
| ७ | दुर्गा आधारभूत बिद्यालय , खबरिनाका | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ८ | गणेश आधारभूत बिद्यालय , चिमचिमे | ० | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ९ | ज्ञान ज्योति आधारभूत बिद्यालय , मानपुर | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| १० | जनमुखी मा बि , रंगसिङ | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ११ | जनता मा बि , गढवा | ० | ० | ० | ० | १ | १ | १ | १ | १ | ० | १ | ० | १ | |
| १२ | जनता मा बि , कालाकाटे | १ | ० | १ | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| १३ | कालिका आधारभूत बिद्यालय , पर्सेनी | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | श्री मा बि , चैनपुर | १ | ० | ० | ० | १ | १ | ० | ० | १ | १ | १ | ० | १ | |
| १५ | महेन्द्र आधारभूत बिद्यालय, कोईलाबास | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| १६ | नमुना आधारभूत बिद्यालय,महादेवा | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | १ | ० | १ | |
| १७ | आधारभूत बिद्यालय , खजरौटा | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | |
| १८ | रत्न आधारभूत बिध्यालय , रतनपुर | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | ० | १ | ० | १ | |
| १९ | रात्री आधारभूत बिद्यालय ,पचाहिया | १ | ० | ० | ० | १ | १ | ० | ० | १ | ० | १ | ० | १ | |
| २० | सरस्वति आधारभूत बिद्यालय , चन्दनपुर | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | १ | १ | ० | १ | |
| २३ | सरस्वती आधारभूत बिद्यालय , सुपैला | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | | |
| | सरस्वती मा बि, बिध्यानगर | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | | |
| | सर्वोदय आधारभूत बिद्यालय गढवा | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | | |
| | श्री आधारभूत बिद्यालय , कक्रहवा | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | | |
| | बालकल्याण आधारभूत बिद्यालय , बालाखुटि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | | |
| २२ | श्री मा बि ,पचहिया | १ | ० | ० | १ | १ | १ | १ | १ | १ | १ | १ | ० | १ | |

**समस्या तथा चुनौतीहरु**

१. विद्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्न बजेटको अभाव
२. भूकम्प, बाढी, पहिरो जस्ता विपद्ले विद्यालय संरचनामा दीर्घकालीन क्षति पुऱ्याउने खतरा
३. विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला र डिजिटल शिक्षाको सुविधा पुग्न नसक्दा विद्यार्थीहरूको सिकाइ प्रभावित रहेको
४. पुनर्निर्माण र नयाँ विद्यालय भवन निर्माणका लागि सरकारी निकाय, निजी क्षेत्र, र अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगको कम सम्भावना
५. स्थानीय समुदायको सहभागितामा विद्यालय संरचना मर्मत र सुधार गर्न नसकिएको

### ६.४.३ उद्देश्यहरू

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु
२. विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन ड्रइङहरु पालन गर्नु
३. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवं जवाफदेही प्रणालीको विकास गर्नु

### ४.६.४ रणनीति

१. विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा भौतिक संरचनाहरु निर्माणको प्राथमिकीकरण गर्ने

२. विद्यालयको जग्गा व्यवस्थापनका लागि जग्गादातालाई प्रोत्साहन गर्ने र ऐलानीप्रति जग्गाहरुसमेत विद्यालयको नाममा गर्ने
३. पूर्वाधार विकासका लागि आवश्यक पर्ने स्रोतका लागि संघीय, प्रदेश सरकार, चन्दादाता, संघसस्थाहरुसँग समन्वय गर्ने
४. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने गरी बजेट व्यवस्थापन गर्ने
५. विद्यालय पूर्वाधार विकास मास्टर प्लान विकास र कार्यान्वयन गर्ने
६. आवश्यकतानुसार मर्मत, रंगरोगन र रेट्रोफिटिङका कार्य गर्ने योजना कार्यान्वयन गर्ने
७. विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन ड्रोइङहरु पालन गर्ने

### ४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने
२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय संख्या | २ | २ | ० | १ | ० | १ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ५ | ५ | १० | १५ | २० | २५ |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ५ | ५ | १० | १५ | २० | २५ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ६ | ६ | ६ | ६ | ३ | ० |

### ४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
| १ | भूकम्प प्रभावित नभएका जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्ने | बिद्यालय | 2 | 2 | 3 | 3 | 2 | `१२ |
| २ | भूकम्प प्रभावित जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमध्ये कक्षा १-५ सम्म सन्चालित बिद्यालयहरूलाई रू. २००,०००/००, कक्षा ६-८ सम्म | बिद्यालय | 8 | 8 | 8 | 5 | 3 | २ |

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
| | सन्चालित बिद्यालयहरूलाई रू. ३००,०००/०० र माध्यमिक तह सम्म सन्चालित बिद्यालयहरूलाई रू. ५००,०००/०० बिद्यालय मर्मत खर्च बापतको अनुदान दिने | | | | | | | |
| ३ | विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | पटक | 1 | 1 | 1 | 1 | 1 | २ |
| ४ | ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | विद्यालय सङ्ख्या | 0 | 0 | १ | १ | १ | ३ |
| ५ | विद्यालय पूर्वाधार निर्माण तथा व्यवस्थापन | बिद्यालय | ६ | ० | ६ | ० | ७ | १९ |
| ६ | बिद्यालय मा फर्निचर व्यवस्थापन | बिद्यालय | ४ | ४ | ४ | ४ | ३ | १९ |
| ७ | मरम्मत तथा रंगरोगन | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | २० |

### ४.६.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| भूकम्प प्रभावित नभएका जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्ने | ११०८३ | ११०८२.५ | १४१०५ | १७१२७.५ | १४१०५ | ६७५०३ |
| भूकम्प प्रभावित जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमध्ये कक्षा १-५ सम्म सन्चालित बिद्यालयहरूलाई रू. २००,०००/००, कक्षा ६-८ सम्म सन्चालित बिद्यालयहरूलाई रू. ३००,०००/०० र माध्यमिक तह सम्म सन्चालित बिद्यालयहरूलाई रू. ५००,०००/०० बिद्यालय मर्मत खर्च बापतको अनुदान दिने | २२४८ | २२४७.५ | २२४८ | २२४७.५ | १३४९ | १०३४० |
| विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | ६२० | ९३० | ६२० | ६२० | ३१० | ३१०० |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | |
| विद्यालय पूर्वाधार निर्माण तथा व्यवस्थापन | १८०० | ० | १८०० | ० | २१०० | ५७०० |
| बिद्यालय मा फर्निचर व्यवस्थापन | ८०० | ८०० | ८०० | ८०० | ६०० | ३८०० |
| बिद्यालय मरम्मत तथा रंगरोगन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| **बिद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (हजारमा)** | **१७६५१** | **१६१६०** | **२०६७३** | **२१८९५** | **१९५६४** | **९५९४३** |

### ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

#### ४.७.१ परिचय

पछिल्लो समयमा सूचना प्रविधिको विकास र प्रयोग ह्वात्तै बढेको छ । सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आबद्ध गराउनु शिक्षाको दीर्घकालीन उद्देश्य पनि रहेको छ । उसैपनि विश्वमा प्रतिस्पर्धी, श्रमबजारको माग अनुरूपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरू बिच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाई सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेकव छ । त्यसैगरीनिरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

#### ४.७.२ बर्तमान अवस्था :

गढवा गाउँपालिकाको विद्यालयहरूमा सूचना प्रविधि (आई.सी.टी) विकासको अवस्था प्रारम्भिक चरणमै छ। आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निधारण गरेको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ ।

६ वटा विद्यालयहरूमा इन्टरनेट जडानको कार्य अगाडि बढिरहेको छ । सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ । १४ वटा बिद्यालयमा इ हाजिरीको व्यवस्था गरिएको छ । सबै माध्यमिक विद्यालयहरूमा कम्प्युटर सहायकको व्यवस्था गरिएको छ । केही माध्यमिक तहको विद्यालयहरूमा कम्प्युटर ल्याब, इन्टरनेट पहुँच, र प्रोजेक्टर, डिजिटल बोर्ड जस्ता सुविधाहरु उपलब्ध गरिएको छ भने , सबै बिद्यालय मा भने यी सुविधाहरु सीमित छन् । आई.सी.टी. सामग्रीको अभाव, प्रशिक्षित जनशक्ति र नियमित तालिमको कमीले गर्दा आई.सी.टी शिक्षा पूर्णरूपमा प्रभावकारी हुन सकेको छैन । स्थानीय तह र साझेदार संस्थाहरूको सहयोगमा केही सुधारका प्रयास भइरहेको भए पनि सम्पूर्ण विद्यालयमा डिजिटल शिक्षाको पहुँच विस्तार गर्न थप स्रोत र योजनाबद्ध पहल आवश्यक छ ।

गाउँपालिकाका सामुदायिक तथा मदरसा विद्यालयहरूमा सुचना तथा संचार प्रविधिको अवस्था यसप्रकार रहेको छ ।

| क्र.स. | विद्यालयको नाम | विजुली जडान | वाइफाई जडान | डेस्टप | ल्यपटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्यूटर प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनमुखी माध्यमिक विद्यालय | छ | छ | १ | ० | १ | ० | १ | १ | |
| २ | श्री जनता माध्यमिक विद्यालय | छ | छ | ० | १ | १ | ३ | ० | ० | |
| ३ | श्री आधारभूत विद्यालय | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ४ | श्री आदर्श प्राथमिक विद्यालय | छ | छ | १ | ० | १ | ० | १ | १ | |
| ५ | श्री गणेश प्राथमिक विद्यालय | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ६ | श्री नमुना प्राथमिक विद्यालय | छ | छ | ० | १ | १ | ० | ० | ० | |
| ७ | श्री रात्री प्राथमिक विद्यालय | छ | छ | ० | ० | ० | २ | ० | ० | |
| ८ | श्री माध्यमिक विद्यालय | छ | छ | ० | ० | १ | ० | ० | ० | |
| ९ | श्री सरस्वती माध्यमिक विद्यालय | छ | छ | १ | २ | २ | २ | ३ | ० | |
| १० | श्री सरस्वती प्राथमिक विद्यालय | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| ११ | श्री रत्न प्राथमिक विद्यालय | छ | छ | १ | ० | १ | ० | १ | ० | |
| १२ | श्री आदर्श रात्री आ विद्यालय | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| १३ | श्री दिपेन्द्र होमजुन मा विद्यालय | छ | छ | १ | १ | १ | १ | १ | ० | |
| १४ | श्री कालिका प्राथमिक विद्यालय | छ | छ | ० | १ | ० | ० | १ | ० | |
| १५ | श्री माध्यमिक विद्यालय | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| १६ | श्री नमुना आधारभूत विद्यालय | छ | छ | १० | ५ | ३ | ४ | ० | १ | |
| १७ | श्री प्राथमिक विद्यालय | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| १८ | श्री बालबृद्धी प्राथमिक विद्यालय | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| १९ | श्री बालकल्याण आ विद्यालय | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| २० | श्री दुर्गा आधारभूत विद्यालय | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| २१ | श्री मदरसा जियाउल तौहिद | छ | छ | १० | ३ | २ | २ | १ | १ | |
| २२ | श्री सर्वोदय प्राथमिक | छ | छ | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय | | | | | | | | | |
| २३ | श्री सरस्वती आधारभूत विद्यालय | | | | | | | | | |
| २४ | श्री जनता माध्यमिक विद्यालय | | | | | | | | | |
| २५ | श्री ज्ञानज्योती प्राथमिक विद्यालय | | | | | | | | | |
| २६ | श्री दुर्गा प्राथमिक विद्यालय | | | | | | | | | |
| २७ | श्री महेन्द्र आधारभूत विद्यालय | | | | | | | | | |
| २८ | श्री उदय प्राथमिक विद्यालय | | | | | | | | | |

**चुनौती र अवसर**

**चुनौतीहरू:**

- आई.सी.टी उपकरण खरिद र मर्मतका लागि बजेट अभाव छ, जसका कारण धेरै विद्यालयमा आवश्यक प्रविधि पुर्‍याउन कठिनाइ हुन्छ।
- कम्प्युटर, इन्टरनेट, र अन्य आईटी उपकरणहरू उपयोग गर्न योग्य प्रशिक्षित शिक्षक र प्राविधिक जनशक्ति अभावमा छन्।
- ग्रामीण क्षेत्रमा इन्टरनेट र विद्युत् आपूर्ति अस्थिर हुँदा नियमित रूपमा आईटी कक्षाहरू सञ्चालनमा समस्या हुन्छ।
- अत्यधिक प्रयोगले आईटी सामग्रीमा समस्या आउँदा त्यसको मर्मतसम्भार गर्न दक्ष जनशक्ति र साधनहरूको कमी छ।
- सूचना प्रविधि विकासमा भएको प्रगति र गुणस्तर सुनिश्चित गर्नका लागि नियमित अनुगमन र मूल्यांकन प्रणालीको अभाव छ।

**अवसरहरू:**

- संघीय र प्रदेश सरकार, गैरसरकारी संस्था, र निजी क्षेत्रसँगको सहकार्यले आई.सी.टी पूर्वाधार निर्माणका लागि आवश्यक स्रोत जुटाउन सकिन्छ।
- विद्यार्थी, शिक्षक र अभिभावकमा डिजिटल शिक्षाप्रति चासो बढेको छ, जसले प्रविधि शिक्षा प्रवर्धनमा सहयोग पुर्‍याउँछ।
- आईटी पूर्वाधारले विद्यार्थीहरूलाई ई-लर्निङ, अनलाइन स्रोत सामग्री, र अन्य डिजिटल सिकाइका अवसरहरूमा पहुँच दिन सक्छ।
- स्थानीय युवालाई आईटी तालिम दिएर विद्यालयहरूमा दक्ष जनशक्ति उत्पादन गर्न सकिन्छ, जसले रोजगारीका अवसर समेत सिर्जना गर्दछ।
- लागत कम गर्न स्मार्ट उपकरणहरू, लो-कस्ट टेक्नोलोजी, र अन्य नवप्रवर्तनशील प्रविधि प्रयोग गरेर विद्यालयमा सूचना प्रविधिको पहुँच विस्तार गर्न सकिन्छ।

### ४.७.३ लक्ष्य

- सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आइ गुणस्तरीय शिक्षाको प्रबर्द्धन हुने।

### ४.७.४ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने।
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने।

### ४.७.५ रणनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
- सबै शिक्षकहरूको क्षमता विकास गरिने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने।

### ४.७.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ५ | ५ | १० | १५ | २० | २५ |
| ३ | विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने बिद्यालय संख्या | ५ | ५ | १० | १५ | २० | २५ |
| ४ | सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली लागु भएको बिद्यालय संख्या | ५ | ५ | १० | १५ | २० | २५ |

### ४.७.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ /८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार | पटक | १ | ० | ० | ० | ० | ५ |
| ३ | शिक्षक तथा कर्मचारूहरुको सञ्चार तथा प्रविधिसम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | पटक | १ | १ | ० | ० | १ | ३ |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास | पटक | १ | ० | ० | ० | ० | १ |
| ६ | परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | साइबर कानूनको प्रभावकारी कार्यान्वयन र जनचेतना स्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमा न्यूनीकरण गर्ने कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | भर्चुअल कक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इ-हाजिरी र सिसी टिभी क्यामेरा जडान | पटक | १ | १ | १ | १ | १ | ५ |

### ४.७.८ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | २०० | २०० | २०० | २०० | २०० | १००० |
| सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार | ५०० | ५०० | ० | ० | ० | १००० |
| शिक्षक तथा कर्मचारूहरुको सञ्चार तथा प्रविधिसम्बन्धि क्षमता विकास | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| एक शिक्षक एक ल्यापटप कार्यक्रम | ५०० | ५०० | ० | ० | ५०० | १५०० |
| सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास गर्ने | ५०० | ० | ० | ० | ० | ५०० |
| परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | २०० | २०० | २०० | २०० | २०० | १००० |
| साइबर कानूनको प्रभावकारी कार्यान्वयन र जनचेतना स्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमा न्यूनीकरण | २५० | २५० | २५० | २५० | २५० | १२५० |
| भर्चुअल कक्षा सञ्चालन | २०० | २०० | २०० | २०० | २०० | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इ-हाजिरी र सिसी टिभी क्यामेरा जडान | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| **शिक्षामा सूचना तथा सञ्चार प्रविधिकार्यक्रमका लागि प्रस्तावित  कार्यक्रमको जम्मा बजेट(हजारमा)** | **४०००** | **३५००** | **२५००** | **२५००** | **३०००** | **१५५००** |

## परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय

देशको बर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनामा प्रारम्भिक बालबिकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतिहरू पहिचान गरिएको छ। पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ।

### ६.१.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्रका सबै विद्यालयहरूको सुशासन, व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिती रहने व्यवस्था छ। शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित ) मा व्यवस्था भए अनुसार विद्यालयहरू सञ्चालनमा रहेका छन्। विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितीकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ। व्यवस्थापन समितीले गरेका निर्णयहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ। विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समितीको सक्रियतामा सम्पन्न गरिन्छ। विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण, व्यवस्थापन र व्यवस्थापन गर्ने, आर्थिक स्रोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ।

यस गाउँपालीका भित्रका विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ। शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाइ शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ। विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ। विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ। विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बीचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानध्यापकको रहेको छ। शैक्षिक सुशासनकालागी यस पालीकामा सवै सामुदायीक विद्यालयमा विद्यालय सुधार योजना र लेखापरिक्षण, सामाजीक परिक्षण गरेकाका छन्।

शैक्षिक सुशासन तथा व्यवस्थापनकोलागी संस्थागत संरचना यस प्रकार रहेको छ।

| क्र.स. | विद्यालयको नाम | विद्यालय सुधार योजना | | सामाजिक परीक्षण भएको | शैक्षणिक योजना | | | विद्यालय व्यवस्थापन समिति | | शिक्षक अभिभावक सघ | | अभिभावक भेला वर्षामा कति पटक | बाल क्लब गठन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण भएको | प्रत्येक वर्ष अध्यावधिक भएको | | बार्षिक शैक्षिक योजना | एकाई योजना | दैनिक पाठयोजना निर्माण | गठन भएको | नियमित बैठक बसेको | गठन भएको | नियमित बैठक बसेको | | |
| १ | श्री जनमुखी माध्यमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| २ | श्री जनता माध्यमिक | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्याल | | | | | | | | | | | | |
| ३ | श्री आधारभूत विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| ४ | श्री आदर्श प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| ५ | श्री गणेश प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| ६ | श्री नमुना प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| ७ | श्री रात्री प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| ८ | श्री माध्यमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| ९ | श्री सरस्वती माध्यमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| १० | श्री सरस्वती प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| ११ | श्री रत्न प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| १२ | श्री आदर्श रात्री आ विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| १३ | श्री दिपेन्द्र होमजुन मा विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| १४ | श्री कालिका प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| १५ | श्री माध्यमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| १६ | श्री नमुना आधारभूत विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| १७ | श्री प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| १८ | श्री बालबृद्धी प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| १९ | श्री बालकल्याण आ विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| २० | श्री दुर्गा आधारभूत विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| २१ | श्री मदरसा जियाउल तौहिद | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| २२ | श्री सर्वोदय प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| २३ | श्री सरस्वती आधारभूत विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| २४ | श्री जनता माध्यमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | श्री ज्ञानज्योती प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| २६ | श्री दुर्गा प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |
| २७ | श्री महेन्द्र आधारभूत विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छ |
| २८ | श्री उदय प्राथमिक विद्यालय | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १ | छैन |

**बिद्यालय सुशासनका चूनौति तथा अवसरहरु**

गढवा गाउँपालिकाका विद्यालयहरूमा सुशासन र व्यवस्थापन लागि केही चुनौती र अवसरहरू रहेका छन्।

**चुनौतीहरू:**

- विद्यालय व्यवस्थापन समितिहरूमा प्रायः सदस्यहरूको प्रशासनिक ज्ञान र अनुभव कम हुँदा निर्णय प्रक्रिया प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन।
- विद्यालयको बजेट र खर्च पारदर्शी नहुनु, तथा जिम्मेवारीमा स्पष्टता नहुनु सुशासनको चुनौती बनिरहेको छ।
- विद्यालयको प्रगति तथा कमीकमजोरीलाई समयमै मूल्यांकन नगर्दा योजनाबद्ध सुधार र प्रभावकारी निर्णय लिन कठिनाई हुन्छ।
- विद्यालय र स्थानीय तहबीचको कमजोर समन्वयले स्रोत र व्यवस्थापन सुधारका कार्यहरूमा अवरोध सिर्जना गर्छ।
- व्यवस्थापनका लागि आवश्यक दक्ष जनशक्ति र पर्याप्त स्रोतसाधन नहुँदा गुणस्तरीय व्यवस्थापन कायम राख्न चुनौती छ।

**अवसरहरू:**

- संघीय शिक्षा नीतिको कार्यान्वयन गर्दै स्थानीय सरकारसँग सहकार्य गरेर विद्यालयको व्यवस्थापन सुधार गर्न सकिन्छ।
- विद्यालय व्यवस्थापनमा अभिभावक र स्थानीय समुदायलाई सहभागी गराएर उनीहरूको सक्रिय सहयोग र सुझावमार्फत शिक्षा प्रणाली सुधार गर्न सकिन्छ।
- संघीय तथा प्रदेश सरकारका विभिन्न शिक्षा सुधार कार्यक्रम र अनुदानलाई विद्यालय सुशासन तथा व्यवस्थापन सुधारमा उपयोग गर्न सकिन्छ।
- विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई तालिम र क्षमता विकासको अवसर प्रदान गरेर उनीहरूलाई सुशासनको प्रक्रियामा संलग्न गराउन सकिन्छ।
- व्यवस्थापन र अनुगमनमा सूचना प्रविधि (जस्तै: डिजिटल रिपोर्टिङ, ट्रान्सपेरेन्सी टूल्स) प्रयोग गरेर पारदर्शिता, जिम्मेवारी, र मूल्यांकन प्रक्रिया सुधार गर्न सकिन्छ।

### ६.१.३ उद्देश्य

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ। यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्:-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु

२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु

३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु

४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु

### ६.१ .४ रणनीतिहरू

१. स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य गरिने छ।
२. संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ।
३. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ।
४. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ।
५. संघ,प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ।
६. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहवीचका कार्य विवरण स्पष्ट गरिने छ।
७. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ।
८. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ।
९. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | नतिजा मा आधारित अनुगमन प्रणाली स्थापित हुने बिद्यालय संख्या | विद्यालय | ५ | ५ | ५ | ५ | ५ |
| २ | अनुगमन का आधारमा नतिजा सुधार हुने बिद्यालय संख्या | विद्यालय | ५ | १० | १५ | २० | २५ |
| ३ | विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | पटक | ३ | ३ | ३ | ३ | ३ |
| ४ | सिकाईहरुको दस्तावेज तयार हुने बिद्यालय संख्या | विद्यालय | ५ | १० | १५ | २० | २५ |

### ६.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
| १ | स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधिकरण गर्ने | पटक | | १ | १ | १ | १ | ४ |
| २ | शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधिकरण गर्ने साथै बार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ |
| ३ | विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक, आर्थिक लेखापरीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिबृधि गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा बिभिन्न Issues मा आधारित अनुसन्धान कार्यहरू (बार्षिक कम्तिमा १ समस्यामा) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको बार्षिक, मध्यावधि र अन्तिम मूल्यांकन गर्ने | पटक | | | १ | | १ | २ |
| ६ | स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्ने (जसमा:- १/२ महिने लामो अवधिको तालिम, शैक्षिक नीति/नियम, योजना, कार्यक्रम, अनुगमन, मुल्यांकन र अन्य बिषय क्षेत्रमा बार्षिक रूपमा अभिमुखीकरण, आदि) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्न शैक्षिक योग्यता अभिबृधि कार्यक्रम गर्ने | पटक | | १ | | १ | | २ |
| ८ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालयको अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० |
| १० | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ११ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १३ | शिक्षा योजना प्रवोधिकरण | पटक | | १ | | | १ | २ |
| १४ | स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधिकरण गर्ने | पटक | | | १ | | १ | २ |

### ६.१.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधिकरण गर्ने | ० | १०० | १०० | १०० | १०० | ४०० |
| शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधिकरण गर्ने साथै बार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | २०० | २०० | २०० | २०० | २०० | १००० |
| विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक, आर्थिक लेखापरीक्षण गर्ने | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिबृधि गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा बिभिन्न Issues मा आधारित अनुसन्धान कार्यहरू (बार्षिक कम्तिमा १ समस्यामा) | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको बार्षिक, मध्यावधि र अन्तिम मूल्यांकन गर्ने | ० | ० | ३०० | ० | ३०० | ६०० |
| स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्ने (जसमा:- १/२ महिने लामो अवधिको तालिम, शैक्षिक नीति/नियम, योजना, कार्यक्रम, अनुगमन, मुल्यांकन र अन्य बिषय क्षेत्रमा बार्षिक रूपमा अभिमुखीकरण, आदि) | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्न शैक्षिक योग्यता अभिबृधि कार्यक्रम गर्ने | ० | २०० | ० | २०० | ० | ४०० |
| विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | ८४० | ८४० | ८४० | ८४० | ८४० | ४२०० |
| विद्यालयको अनुगमन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| विद्यालयको कार्यसम्पादन परीक्षण | २१० | २१० | २१० | २१० | २१० | १०५० |
| विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| शिक्षा योजना प्रवोधिकरण | ० | १०० | ० | ० | १०० | २०० |
| पालिकाको शैक्षिक क्यालेन्डर तयारी तथा प्रकाशन | ० | १५० | १५० | १५० | १५० | ६०० |
| स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधिकरण गर्ने | ० | ० | ० | ० | १०० | १०० |
| **विद्यालय सुशासन तथा ब्यवस्थापनको जम्मा बजेट (हजारमा)** | **२९५०** | **३५००** | **३५००** | **३४००** | **३७००** | **१७०५०** |

## परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय र बर्तमान अवस्था

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ । शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ ।

संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ । कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो रहेको छ ।

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन ।

५ वर्षीय शिक्षा क्षेत्र योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

### ७.२ उद्देश्यहरू

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

## ७.३ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

## ७.५ प्रमुख क्रियाकलाप तथा क्षेत्रगत अनुमानित बार्षिक बजेट

**सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार बाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका प्राप्त हुने अनुमानित बजेट(हजारमा )**

| क्र स | योजनामा समाबेश उपक्षेत्रहरु | पाँच बर्षका लागि बजेट आंकलन(हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | ९९९५६ | ५३५१६ | ५३७५२ | ५३९६८ | ५४१३० | ३१५३२३ |
| २ | आधारभूत शिक्षा | १०१४४५ | १०२३६० | ११३६५५ | ११४०६० | ११४६६१ | ५४६१८३ |
| ३ | माध्यमिक शिक्षा | ३७२२२ | ३९६३८ | ४०६७२ | ४०४९६ | ४१०६९ | १९९०९७ |
| ४ | प्राबिधिक तथा ब्यवसायिक शिक्षा | ८०० | ११०० | ८०० | ८०० | १४०० | ४९०० |
| ५ | अनौपचारिक र आजिवन सिकाई | १३६७७ | १७६७७ | ३७८२७ | २७८२७ | १७९२७ | ११४९३५ |
| ६ | पाठ्यक्रम ब्यवस्थापन र पाठ्य सामग्री | ३४०८ | ५२०२ | ९५०२ | ३०७० | ३६२० | २४८०२ |
| ७ | शिक्षक ब्यवस्थापन र विकास | ६४०९ | ६३२४ | ६१५९ | ६४१२ | ६३३५ | ३१६३९ |
| ८ | शैक्षिक समता तथा समाबेशिकरण | ९५ | ७४९ | ११४९ | १५४९००० | ३९५२००० | ७४९४ |
| ९ | बिद्यालय स्वास्थ्या तथ पोषण | ६०० | ६५००० | ६५०००० | ६५० | ६५० | ३२०० |
| १० | बिद्यालय सुरक्षा, बिपद न्यूनिकरण तथा उत्थानशीलता | ११५० | १६५० | १३५० | १५०० | १३५० | ७००० |
| ११ | बिद्यालय भौतिक पूर्वाधार विकास | १७६५१ | १६१६० | २०६७३ | २१८९५ | १९५६४ | ९५९४३ |
| १२ | बिद्यालय सूचना तथा प्रबिधि विकास | ४००० | ३५०० | २५०० | २५०० | ३००० | १५५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | बिद्यालय सुशासन तथा व्यवस्थपन | २९५० | ३५०० | ३५०० | ३४०० | ३७०० | १७०५० |
| १४ | अनुगमन तथा मूल्यांकन | ६८० | ८५० | ६८० | ६८० | ७०० | ३५९० |
| | **जम्मा बजेट (हजारमा)** | **२८९८४४** | **२५२३२६** | **२९२३१९** | **२७८२५७** | **२७१५०८** | **१३८४२५६** |

माथिको तालिका अनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान सङ्घ, प्रदेश स्थानीयतह बाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत प्रक्षेपण गरी बजेटको अनुमान गरिएको छ ।

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

### ८.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन। कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरिक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

### ८.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनीधिहरुलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएके छ। बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

यस गढवा गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ :

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अवलोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | गाउँपालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | एकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

### ८.३ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

### ८.४ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोगमा ल्याउने।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने।
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।
६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने।

### ८.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

**नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ।
**२.** नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

### ८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | ० | १ | | | | १ |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेद`न तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १२ |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | | १ | | | १ | २ |
| ५ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

### ८.७ प्रमुख क्रियाकलाप तथा अनुगमन मूल्यांकनका लागि बजेट अनुमान

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | ० | १५० | ० | ० | ० | १५० |
| नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | ३०० | ३०० | ३०० | ३०० | ३०० | १,५०० |
| कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | १८० | १८० | १८० | १८० | १८० | ९०० |
| कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | ० | २० | ० | ० | २० | ४० |
| अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | २०० | २०० | २०० | २०० | २०० | १,००० |
| **अनुगमन तथा मूल्यांकनका लागि जम्मा बजेट** | ६८०,००० | ८५०,००० | ६८०,००० | ६८०,००० | ७००,००० | ३,५९०,००० |

मितिः २०८२।०४।०५

**आज्ञाले**

कृष्ण प्रसाद पौड्याल

प्रमुख प्रशासकीय अधिकृत